"समुन्नत पर्यटकीय पोखरा"

# पोखरा महानगरपालिका

## वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०७९/८०)


पोखरा महानगरपालिका

शहरी योजना आयोग

गण्डकी प्रदेश, नेपाल

**पोखरा महानगरपालिका**

# शहरी योजना आयोग

**गण्डकी प्रदेश, पोखरा नेपाल**

“समुन्नत पर्यटकीय पोखरा”

# पोखरा महानगरपालिका

## वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०७९/८०)

## पोखरा महानगरपालिका

### शहरी योजना आयोग

गण्डकी प्रदेश, नेपाल

फोन : 591082-061 तालचोकपोखरा , इमेल : cpc@pokharamun.gov.np
pmcshahariyogana@gmail.com

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


पत्र संख्या : २०८०/०८१
च.नं. :

## शुभकामना

पोखरा महानगरपालिकाको समग्र विकास तथा सुशासनसँग जोडिएका परिसूचकहरूको आधारमा पछिल्लो वस्तुस्थितिको अद्यावधिक अभिलेख तयार गर्ने गरी शहरी योजना आयोगले वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

पोखरा महानगरपालिका मार्फत गत आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न भएका विकास आयोजना, सामुदायिक विकास तथा प्रवर्द्धनात्मक कार्यक्रम र जबाफदेहितामूलक पारदर्शी सेवा प्रवाहको तथ्यगत विवरण सहित प्रतिवेदन एकीकृत दस्तावेजका रूपमा भरपर्दो अभिलेख बन्ने विश्वास लिएको छु । यसले विगतलाई समीक्षा गर्दै स्थानीय सरकारको कार्यसम्पादनमा भए/गरेका असल अभ्यासहरूको निरन्तरता र नीतिगत सुधारमा महत्वपूर्ण सहयोग गर्नेछ ।

चालु आर्थिक वर्ष २०८०/०८१ पोखरा महानगरपालिकाको प्रथम आवधिक योजनाको अन्तिम वर्ष भएकाले यसको सूक्ष्म समीक्षा गर्दै नेपालको संविधान, संघीय तथा प्रदेश कानुन, राष्ट्रले अवलम्बन गरेको नीति समेतका आधारमा सामाजिक न्यायको दृष्टिकोणबाट आम नागरिकलाई महानगरको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुँच अभिवृद्धि गर्ने गरी आगामी योजना तथा नीति तर्जुमा गर्ने कार्यमा प्रतिवेदनले स्पष्ट दिशानिर्देश गर्ने अपेक्षा गरेको छु ।

वार्षिक प्रतिवेदनका आधारमा महानगरपालिकाको समग्र विकास सम्भावना र अवसरको बृहत्तर अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन शहरी योजनाको तर्जुमा सहित यहाँको आर्थिक, सामाजिक र सन्तुलित विकासको खाका तयार गर्न सहज हुनेछ । स्थानीय सरकार सञ्चालनका क्रममा भए/गरेका नीतिगत, कानुनी र प्रक्रियागत जटिलताहरूको समाधानमा प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्नेछ ।

अन्त्यमा, महानगरपालिका भित्रको प्राकृतिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन, महानगरको आवधिक-मध्यकालीन वित्त संरचनामा सुधार, आवश्यक मानव संसाधन विकास तथा परिचालन, विपद् व्यवस्थापनका लागि उपयुक्त रणनीति र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका विषयवस्तुहरू तथ्यगत अभिलेखिकरण सहित तयार प्रतिवेदन ऐतिहासिक दस्तावेज बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद ।

१९ कात्तिक २०८० ।

धनराज आचार्य
नगर प्रमुख

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्युरोड,कास्की
गण्डकी प्रदेश,नेपाल

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

फोन नं.: ०६१-५३४०
Postal Code: 6X9P+4F Pokhara
वेबसाइट: pokharamun.gov.np


पत्र संख्या : २०८०/८१
च.नं. : 3238

मिति : २०८०/०७/१७ गते ।

## शुभकामना

पोखरा महानगरपालिका शहरी योजना आयोगले आर्थिक वर्ष २०७९/८० को **"बार्षिक प्रगति प्रतिवेदन"** प्रकाशन गर्न लागेको जानकारी पाउदाँ खुशी लागेको छ । वर्षभरिमा गरेका कार्यहरुलाई लिपिबद्ध गर्दै आफ्ना गतिविधि बारे स्पष्ट पार्ने उद्देश्यले प्रकाशन गर्ने प्रतिवेदनले महानगरले एक आर्थिक वर्षमा गरेका गतिविधिहरु बारे स्पष्ट पार्ने छ । प्राकृतिक सुन्दरताले पर्यटकीय शहरको परिचय बनाएको पोखराको समग्र विकासको दीर्घकालिन सोच **"समुन्नत पर्यटकीय पोखरा"** को नारा सहित अगाडि बढको छ । यहाँका नागरिकको जीवनस्तरलाई माथि उठाउदै पर्यटन र कृषिका माध्यमबाट आर्थिक समृद्धि समुन्नत पोखराको उदेश्य पुरा गर्न महानगरले आफना बार्षिक कार्यक्रम मार्फत दीर्घकालिन, अल्पकालिन योजनाहरु सञ्चालन गरेको छ । दीर्घकानि सोचको मर्मअनुसार आवधिक रणनीतिक कार्ययोजना कार्बन तटस्थ शहर बनाउने लगायतका विभिन्न महत्वकांक्षी लक्ष्य लिएको छ । विं.स. २०७७/८२ रणनीतिक कार्ययोजना तर्जुमा गरी पोखरालाइ विं.स २१०० सम्ममा कार्बन तटस्थ शहर बनाउने लगायतका विभिन्न महत्वकांक्षी लक्ष्यका साथ आगाडि बढेको छ । त्रिवर्षीय योजनाले परिलक्षित गरेका विभिन्न लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आर्थिक वर्ष २०७९/८० को स्वीकृत बार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा ल्यायो । गत आर्थिक वर्षमा महानगरले ल्याएका नीति कार्यक्रम र बजेट कार्यान्वियनको अवस्था, सकरात्मक र नकरात्मक पक्षको लेखाजोखा गर्दै समस्या, चुनौती तथा योजना कार्यान्वयमा देखिएका कमिकमजोरी सुधारका लागि मार्ग निर्देशन गर्ने छ । बार्षिक प्रतिवेदनले आर्थिक वर्ष २०७९/८० को स्पष्ट चित्र प्रस्तुत हुने छ । महानगरले विगतका कमीकमजोरीलाई सच्याउदै अगाडि बढनेछ । महानगरले आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम र बजेट ल्याएको छ । यतीबेला त्यो कार्यान्वयनकै चरणमा रहेको छ । समुन्नत महानगर निर्माणका लागि जनप्रतिनिधि, कर्मचारी र नागरिकहरुका वीचमा सहकार्य आवश्यक छ । त्यसैले चालु आर्थिक वर्षका योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन सबैको साथ सहयोगको अपेक्षा समेत गर्दछौं ।वार्षिक प्रतिवेदनले विगतमा ल्याएका योजनाको कार्यान्वियन, ती योजनाको अवस्था र प्रभावकारीताको लेखाजोखा गर्दै नयाँ आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम सञ्चालन र प्रभावकारी कार्यान्वयनका लागि दिशा निर्देश गर्ने विश्वास समेत गरेको छु । प्रकाशित प्रतिवेदन अध्ययन गरेर महानगरका नागरिकले विकास आयोजना अर्न्तगत भौतिक पूर्वाधार, सामाजिक विकास, स्वास्थ्य र शिक्षामा भएका प्रगति बारे जानकारी पाउने अपेक्षा सहित आगामी दिनमा पनि प्रतिवेदन प्रकाशनले निरन्तरता प्राप्त गर्न सकोस भन्ने **हार्दिक शुभकामना** ब्यक्त गर्दछु । साथै वार्षिक प्रतिवेदन प्रकाशन गर्ने शहरी योजना आयोग लगायत सम्पूर्णमा हार्दिक आभार ब्यक्त गर्दछु ।

मञ्जुदेवी गुरुङ
उप-प्रमुख उपप्रमुख
पोखरा महानगरपालिका

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा

इमेलःinfo@pokharamun.gov.np

वेभसाइटः pokharamun.gov.np


पत्र संख्याः २०८०/८१
चलानी नं.

**शुभकामनाः**

आर्थिक र सामाजिक रूपान्तरण मार्फत देशको समग्र क्षेत्रको सन्तुलित र समन्यायिक विकास महत्त्वपूर्ण रहेको छ। त्यसका लागि नेपालको संविधानले सबै क्षेत्रको सन्तुलित तथा समानुपातिक विकास गर्न तीन तहको सरकारको गठन गरी राज्य शक्तिको बाँडफाँड गरी एकल तथा साझा अधिकार सहितको व्यवस्था गरेको छ । सोही अनुरूप यस पोखरा महानगरपालिकाले समेत आफ्नो अधिकार तथा कर्तव्यहरू पूरा गर्ने सङ्कल्प सहित आफ्नो बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।

आ व २०७९।०८० को बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका सन्दर्भमा सहरी योजना आयोगले समन्वय गर्ने, अध्ययन अनुसन्धान तथा अन्वेषण गर्ने जिम्मेवारी निर्वाह गर्दै आएको छ । यस आयोगले पोखरा महानगरको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण, विकास कार्यक्रमहरूको लेखाजोखा र मूल्याङ्कन लगायतका कार्यहरू सम्पादन गर्दै आएको छ । महानगरको उद्देश्य पूरा गर्ने गरी सहरी योजना आयोगले आफ्नो वार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था, प्राप्त उपलब्धि तथा हासिल गरेको लक्ष्य समेत समावेश गरी प्रगति प्रतिवेदन तर्जुमा गरेको छ ।

अन्तमाः सार्वजनिक श्रोतको परिचालनबाट प्राप्त भएका उपलब्धिलाई दिगो बनाउन, निरन्तरता दिन तथा जनतामाझ महानगरपालिकाले गरेका क्षेत्रका क्रियाकलापहरू समेत अवगत गराउन यो प्रतिवेदन महत्त्वपूर्ण हुनेछ । यस क्रममा आयोगको समग्र काममा नेतृत्व तथा अभिभावकत्व प्रदान गर्नुहुने पोखरा महानगरपालिकाका प्रमुख एवम् यस आयोगका अध्यक्षज्यूमा आभार व्यक्त गर्दछु । साथै आयोगको कार्यसम्पादनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै प्रतिवेदन तयारीमा योगदान पूर्याउनु हुने आयोगका उपाध्यक्ष ज्यू, सदस्यहरू तथा प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरूलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

मितिः २०८० कार्तिक २० गते

श्यामकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

**पोखरा महानगरपालिका**

**शहरी योजना आयोग**

गण्डकी प्रदेश, पोखरा नेपाल

इमेल:cpc@pokharamun.gov.np

वेभसाइट: pokharamun.gov.np

पत्र संख्या: २०८०/८१

चलानी नं.

## भूमिका

पोखरा महानगरपालिकाले दीर्घकालीन सोचको रूपमा अघि सारेको **"समुन्नत पर्यटकीय पोखरा"** निर्माणको परिकल्पनालाई साकार पार्न वार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत योजनाबद्ध रूपमा प्रयास गरिरहेकै छ । वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा अपेक्षित नतिजा हासिल गर्न विगतको कार्य प्रगतिको समीक्षा गरी आगामी दिनमा क्रमशः सुधार गर्दै जाने अभिप्रायले पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समीक्षा सम्पन्न गरी सबै महाशाखा तथा वडा कार्यालयहरूबाट पेस गरिएको प्रगति विवरणको विश्लेषण समेतको आधारमा वार्षिक प्रगति प्रतिवेदन, २०८० तयार गरी प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा महानगरपालिकाको गत आर्थिक वर्षको लक्ष्यअनुसारको प्रगति विवरण, यस अवधिमा सम्पादित अन्य उल्लेखनीय कार्य र हालसम्मको वस्तुस्थितिको विवेचना गरिएको छ ।

संविधान बमोजिम सम्पन्न स्थानीय तहको दोस्रो चुनावबाट निर्वाचित जनप्रतिनिधिहरूको लागि आर्थिक वर्ष २०७९/०८० पहिलो अनुभवको वर्ष रहेको, महानगरपालिकाको गत आर्थिक वर्षको स्वीकृत बजेटको आकार तथा कार्यक्रमको विन्यासलाई नियाल्दा बजेट तथा कार्यक्रम केही महत्त्वाकाङ्क्षी हुँदाहुँदै पनि समग्र कार्य प्रगति उत्साहजनक देखिएको छ ।महानगरपालिकाको केही क्षेत्रमा लक्ष्यअनुसार अपेक्षित प्रगति हासिल नभए पनि पोखरा महानगरपालिकाले पहिलो पटक तथ्यगत विवरण सहित प्रकाशित यस वार्षिक प्रगति प्रतिवेदनमा उल्लिखित तथ्याङ्क र औंल्याइएको नतिजाबाट प्राप्त सिकाइले चालु आर्थिक वर्षको कार्यक्रम तथा बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन र आगामी आर्थिक वर्षमा योजनाको पहिचान, छनौट तथा प्राथमिकिकरण गर्न एवं कार्यान्वयन प्रक्रियामा गुणात्मक सुधार गर्न ठोस मार्गदर्शन गर्ने विश्वास लिइएको छ ।

अन्यमा, यस प्रतिवेदन तयार गर्न मार्गदर्शन गर्नु हुने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यज्यू, उपप्रमुख मञ्जु देवी गुरुङज्यू प्रति कृतज्ञता प्रकट गर्दै यस प्रतिवेदन तयारी तथा प्रकाशनमा सहयोग, समन्वय र सहजिकरण गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापा लगायत सबै महाशाखा प्रमुखहरू प्रति धन्यवाद ज्ञापन गर्दछु ।यस प्रतिवेदन तयार गर्न विशेष मेहनत गर्ने सहरी योजना आयोगका सदस्य सहकर्मी होमनाथ गैरे लगायत सबै सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु। साथै यस प्रतिवेदनमा कुनै कमी कमजोरी रहे औंल्याइदिनु हुन, रचनात्मक सुझाव दिनु हुन समेत सम्बन्धित सबै समक्ष अनुरोध गर्दछु।

२०८०।०७।२० गते

प्रेमलाल लामिछाने

उपाध्यक्ष

# विषय सूची

## परिच्छेद एकः परिचय


**१.१ पृष्ठभूमी** ........ १

**१.२ प्रतिवेदनको उद्देश्य** ........ २

**१.३ प्रतिवेदन तयारी विधि** ........ २

**१.४ प्रतिवेदनको परिधि र सिमितता** ........ ३


## परिच्छेद दुइः पोखरा महानगरपालिकाको वस्तुस्थिति


**२.१ भौगोलिक अवस्था** ........ ५

**२.२ जनसांख्यिक अवस्था** ........ ५

२.२.१ उमेर समूहगत जनसंख्या ........ ६

२.२.२ जातजाती अनुसारको जनसंख्या ........ ७

२.२.३ भाषा र धर्म अनुसारको जनसंख्या ........ ७

२.२.४ बसाई सराई र अनुपस्थित जनसंख्या ........ ८

२.२.५ अपांगता भएका जनसंख्या ........ ९

**२.३ सुशासन तथा सेवा प्रवाह** ........ ९

२.३.१ संस्थागत व्यवस्था ........ १०

२.३.२ मानव संशाधन ........ १०

२.३.३ सवारी साधन ........ ११

२.३.४ कार्यालय, उपकरण तथा सफ्टवयर प्रणाली ........ १२

२.३.५ कानुन तथा न्यायिक कार्य सम्पादन ........ १५

२.३.६ स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) नतिजा ........ १७

२.३.७ पञ्जिकरण तथा अन्य आधारभुत सेवा ........ १८

**२.४ वित्तीय अवस्था** ........ १९

२.४.१ राजस्व परिचालन ........ १९

२.४.२ कोष व्यवस्थापन ........ २०

२.४.३ वित्तीय सुशासन ........ २२

**२.५ आर्थिक अवस्था ...... २४**
२.५.१ महानगरपालिकाको अर्थतन्त्र ...... २४
२.५.२ आर्थिक रुपमा सक्रीय जनसंख्या र रोजगारी ...... २५
२.५.३ कृषि तथा पशुपालन ...... २६
२.५.४ उद्योग तथा व्यापार ...... २८
२.५.५ पर्यटन क्षेत्र ...... ३०
२.५.६ सहकारी तथा वित्तीय पहुँच ...... ३१
२.५.७ शिप विकास तथा उद्यमशीलता प्रवर्द्धन ...... ३२
**२.६ सामाजिक क्षेत्र ...... ३३**
२.६.१ जनस्वास्थ्य तथा पोषण ...... ३३
२.६.२ शैक्षिक अवस्था ...... ३४
२.६.३ कला भाषा तथा संस्कृति ...... ३६
२.६.४ युवा तथा खेलकुद ...... ३७
२.६.५ महिला बालबालिका तथा जेष्ठ नागरिक ...... ३८
२.६.६ सामाजिक न्याय र समावेशिकरण ...... ३९
२.६.७ लक्षित कार्यक्रमहरु ...... ४०
**२.७ भौतिक पुर्वाधार ...... ४२**
२.७.१ शहरी विकास ...... ४२
२.७.२ सडक यातायात तथा पुल ...... ४३
२.७.३ सिंचाई तथा खानेपानी ...... ४५
२.७.४ विद्युत तथा उर्जा ...... ४७
२.७.५ भवन तथा सभाहल ...... ४८
२.७.६ खेल तथा पर्यटन पूर्वाधार ...... ४९
**२.८ बन, वातावरण तथा विपद् व्यवस्थापन ...... ५०**
२.८.१ हरियाली, जैविक विविधिता र संरक्षित क्षेत्र ...... ५०
२.८.२ ताल, सिमसार तथा जलाधार क्षेत्र ...... ५१

२.८.३ जलवायु परिवर्तन अनुकुलन ........ ५२

२.८.४ विपद् व्यवस्थापन ........ ५३

२.८.५ फोहोर मैला व्यवस्थापन ........ ५४

## परिच्छेद तिनः आर्थिक वर्ष २०७९/८० को प्रगति

**३.१ वित्तीय प्रगति** ........ **५६**

**३.२ सुशासन तथा सेवाप्रवाह** ........ **६१**

**३.३ आर्थिक विकास** ........ **६६**

**३.४ सामाजिक विकास** ........ **७०**

**३.५ भौतिक पूर्वाधार, शहरी विकास तथा पर्यटन** ........ **७६**

**३.६ बन, वातावरण तथा विपद् व्यवस्थापन** ........ **८१**

## परिच्छेद चारः वडागत प्रगति

**४.१ पृष्ठभूमी** ........ **८३**

**पोखरा महानगरपालिका ३३ वटै वडाहरुको समग्र कार्य प्रगति विवरण** ........ **८४**

**४.२ वडागत प्रगति विवरण** ........ **८६**

**अनुसूचीहरु** ........ **११६**

# परिच्छेद : एक
# परिचय

## १.१ पृष्ठभूमि

बि. सं. २०१६ सालमा १३ वडा सहित गठित पोखरा नगरपालिका, पोखरा नगर पञ्चायत २०५२ मा विस्तारित भई १८ वडाको उप-महानगरपालिका बन्यो। गणतन्त्र स्थापना पश्चात् २०७१ मङ्सिर १६ गते पोखरा उपमहानगरपालिका आसपासका तत्कालीन गाउँ विकास समितिहरू मिलाएर २९ वटा वडा पुऱ्याएर पोखरा उप-महानगरपालिकामा रूपान्तरित भयो। २०७२सालमा नेपालको संविधान जारी भए पछि राज्य पुनः संरचना हुँदा साबिकको पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका र आसपासका गाविसहरू मौजा, चापाकोट, कास्कीकोट, पुरञ्चौर पुरै, भदौरे तामांगीका वडा नं ३ र ९, माझठानाका वडा नं १, ४ र ९, र कालिकाका वडा नं १ र ५ मिसाएर ३३ वडा कायम गरी २०७३ फागुन २७ गते पोखरा लेखनाथ महानगरपालिका गठन भएको हो । पोखरा महानगरपालिका नगर सभाको सिफारिस बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५ साउन २३ गतेको निर्णयअनुसार पोखरा लेखनाथ महानगरपालिकाको नाम हेरफेर भई पोखरा महानगरपालिका कायम भएको छ।

क्षेत्रफलको आधारमा नेपालको सबैभन्दा ठुलो र जनसङ्ख्या अनुसार दोस्रो ठुलो महानगरपालिकाको रूपमा रहेको पोखरा महानगरपालिका गण्डकी प्रदेशको राजधानी तथा देशकै प्रमुख पर्यटकीय केन्द्र पनि हो। नेपालको संविधान बमोजिम सङ्घीयता लागु भए पश्चात् पोखरा महानगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको पहिलो कार्यकाल पुरा भई २०७९ साल वैशाखमा सम्पन्न स्थानीय तहको दोस्रो चुनावबाट निर्वाचित पोखरा महानगरपालिकाको वर्तमान नेतृत्वले जिम्मेवारी सम्हालेको पनि एक वर्ष भन्दा बढी भइसकेको छ ।

भौगोलिक अवस्थिति, आर्थिक तथा मानवीय विकासका परिसूचकको दृष्टिले समेत विविधता रहेको पोखरा महानगरपालिकाको समग्र विकासको दीर्घकालीन सोच "समुन्नत पर्यटकीय पोखरा" निर्धारण गरिएको छ । उक्त दीर्घकालीन सोचको मर्मअनुसार आवधिक रणनीतिक कार्य योजना वि.सं. २०७७-८२ तर्जुमा गरी पोखरालाई बि.सं. २१०० सम्ममा कार्बन तटस्थ सहर बनाउने लगायतका विभिन्न महत्त्वाकाङ्क्षी लक्ष्य लिइएको छ । त्यसै गरी, दिगो विकास लक्ष्यहरू, नेपाललाई सन् २०३० सम्ममा मध्यम आय स्तर भएको मुलुकमा स्तरोन्नति गर्ने नेपाल सरकारको रणनीति अनुरूप महानगरपालिकाको प्रथम त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१) तर्जुमा भई कार्यान्वयन भइरहेको छ। उक्त त्रिवर्षीय योजनाले परिलक्षित गरेका विभिन्न लक्ष्य तथा उद्देश्य हासिल गर्न

महानगरपालिकाले मध्यम कालिन खर्च संरचना र वार्षिक नीति मार्फत विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दैं आएको छ ।

यसै सन्दर्भमा पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुरूप आव २०७९/८० मा सम्पादित कार्यको कार्य प्रगति सम्बन्धमा २०८० साउन २८ देखि ३० गतेसम्म वार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न गरिएको थियो। उक्त वार्षिक समीक्षा गोष्ठीमा विभिन्न महाशाखा, शाखा तथा वडा कार्यालयहरूको तर्फबाट प्रस्तुत कार्य प्रगति विवरण, विद्यमान चुनौती तथा आगामी कार्यदिशा सम्बन्धमा भएको छलफलको तथ्यगत तथा वस्तुगत विवेचना सहित प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन, २०८० तयार गरिएको छ

## १.२ प्रतिवेदनको उद्देश्य

यस प्रतिवेदनको मूल ध्येय महानगरपालिकाको आर्थिक, सामाजिक विकास, सेवा प्रवाह, संस्थागत विकास र सुशासनसँग जोडिएका परिसूचकहरूको आधारमा महानगरपालिकाको पछिल्लो वस्तुस्थिति अद्यावधिक गर्नु हो ।यस प्रतिवेदनबाट अन्य स्थानीय तह, प्रदेश तथा सङ्घीय परिसूचकहरूको तुलनामा पोखरा महानगरपालिकाको हालको अवस्था कस्तो रहेको छ भनी तुलनात्मक अध्ययन मूल्याङ्कन गर्न समेत आधार बन्ने अपेक्षा गरिएको छ । साथै चालु आ.व. २०८०/८१ पोखरा महानगरपालिकाको प्रथम आवधिक योजनाको अन्तिम वर्ष समेत भएकोले उक्त योजनाको समीक्षामा समेत यस प्रतिवेदनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । यस प्रतिवेदनका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

क. पोखरा महानगरपालिकाबाट गत आर्थिक वर्ष २०७९/८० मा सम्पन्न विकास आयोजना, कार्यक्रम, सेवा प्रवाह र सम्पादित प्रमुख कार्यहरूको तथ्यगत विवरण समेटिएको एकीकृत दस्तावेज तयार गर्ने,

ख. आर्थिक वर्ष २०७९/८० मा सम्पन्न कार्य प्रगति सम्बन्धमा भएको वस्तुगत समीक्षाको आधारमा विगतका असल अभ्यासहरूको निरन्तरता तथा सुदृढीकरण गर्दैं चालु र आगामी आर्थिक वर्षहरूमा सुधार गर्नु पर्ने विषयहरूको पहिचान गर्ने,

ग. चालु तथा आगामी आ.व.मा गर्नु पर्ने नीतिगत, कानुनी, कार्यक्रमगत तथा प्रक्रियागत विषयमा पृष्ठपोषण तथा राय सुझाव प्राप्त गरी कार्यान्वयनमा क्रमशः सुधार गर्दैं जाने।

## १.३ प्रतिवेदन तयारी विधि

प्रस्तुत गत आ.व. २०७९।८० को वार्षिक प्रगति प्रतिवेदन तयार गर्दा महानगरपालिकाका विद्यमान नीतिगत तथा कानुनी व्यवस्था लगायत राष्ट्रिय योजना आयोगको स्थानीय तहहरूको योजना तर्जुमा सम्बन्धी दिग्दर्शन र विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धी सन्दर्भ दस्तावेजहरूलाई समेत मार्गदर्शनको रूपमा लिइएको छ। यस प्रतिवेदनमा पोखरा महानगरपालिकाको दीर्घकालीन सोच, रणनीतिक योजना, प्रथम आवधिक योजना, समावेशी स्थानीय आर्थिक विकास योजना, कार्बन तटस्थता सम्बन्धी रणनीतिक योजना, जोखिम संवेदनशील भू उपयोग योजना र मध्यम कालिन खर्च संरचनालाई पनि स्रोत सामग्रीको रूपमा उपयोग गरिएको छ। साथै महानगरपालिकाले विभिन्न समयमा प्रकाशन गरेका पोखरा दर्पण लगायत अन्य सूचनामूलक दस्तावेज र सामग्रीको समेत अध्ययन गरी उपयुक्त सूचना तथा सामग्रीहरूलाई समेत यस प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ ।

मुख्य गरी, पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति समीक्षा गोष्ठीमा विभिन्न महाशाखा, शाखा तथा वडा कार्यालयहरूको तर्फबाट प्रस्तुत विवरण र निर्धारित ढाँचामा प्राप्त तथ्याङ्क नै यस प्रतिवेदनको लागि मूल स्रोतको रूपमा ग्रहण गरिएको छ ।पोखरा महानगरपालिका योजना तथा अनुगमन महाशाखाबाट प्राप्त अन्य प्रतिवेदन तथा सामग्रीहरूको अध्ययन तथा विश्लेषण र गोष्ठीमा प्राप्त राय सुझाव संश्लेषणलाई नै मुख्य आधार मानी मस्यौदा प्रतिवेदन तयार गरिएको हो। मस्यौदा प्रतिवेदनलाई सबै विषयगत समिति, महाशाखा र शाखा प्रमुखहरूको उपस्थितिमा आयोजित छलफलमा प्राप्त सुझावहरूलाई समावेश गरी परिमार्जित प्रतिवेदन तयार गरिएको छ ।

## १.४ प्रतिवेदनको परिधि र सीमितता

प्रस्तुत प्रतिवेदन पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्था, सबल पक्ष र सुधार गर्नु पर्ने विषयमा केन्द्रित रही तयार भएकोले पोखराको अन्य विषय समेटिएको छैन । पोखरा महानगरपालिका अन्तरगतका महाशाखाहरू तथा वडा कार्यालयहरूबाट प्राप्त प्रगति विवरणलाई नै आधिकारिक विवरणको रूपमा प्रस्तुत गरिएको छ। महानगरपालिकाबाट प्रत्यक्ष बजेट लगानी हुने क्षेत्र तथा परियोजनासँग सम्बन्धित परिसूचकहरू वा नतिजा सूचकहरू मात्रै प्रतिवेदनमा समावेश गरिएको छ । महानगरपालिका मातहत निकायबाट सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको भौतिक लक्ष्यको प्रकृति फरक-फरक हुने र प्राप्त प्रगति विवरण पनि एकै ढाँचाको नभएकोले एकीकृत भौतिक प्रगति उल्लेख गर्न सकिएन ।कतिपय क्षेत्रमा महानगरपालिकाको भूगोलमा भएका काम तथा परियोजनाहरू सङ्घ वा प्रदेशको क्षेत्राधिकारमा पर्ने वा लगानीमा सञ्चालित कार्यक्रम वा आयोजना यस प्रतिवेदनमा समावेश गरिएको छैन ।

साथै यस प्रकारको एकीकृत वार्षिक प्रगति प्रतिवेदन पोखरा महानगरपालिकाले पहिलो पटक तयार गरेकोले महानगरपालिका गठन पूर्वका र महानगरपालिका स्थापना पछि आ.व. २०७८।७९ सम्म सम्पादित तथा सम्पन्न विभिन्न आयोजनाहरूको अद्यावधिक विवरण प्राप्त नभएकोले यस प्रतिवेदनमा विगतको कतिपय विवरण समावेश गरिएको छैन । पोखरा महानगरपालिका सम्बन्धी कुनै महत्त्वपूर्ण विवरण छुटेको भए आगामी प्रतिवेदनमा क्रमशः अद्यावधिक गर्दै लगिनेछ ।

# परिच्छेद : दुई
# पोखरा महानगरपालिकाको वस्तुस्थिति

## २.१ भौगोलिक अवस्था

नेपालको सङ्घीय राजधानी काठमाडौं देखि २०० किमी पश्चिम र नेपाल भारत सीमाको सुनौली देखि १७९ किमी उत्तर पूर्वमा अवस्थित नगरपालिका, नगर पञ्चायत, उपमहानगरपालिका हुँदै महानगरपालिकामा रूपान्तरित पोखरा सहर माछापुच्छ्रे हिमालको आधारबाट करिब २८ किमी दक्षिणमा पर्दछ । नेपालको झन्डै मध्य भागमा पर्ने पोखरा महानगरपालिकाको पूर्वमा कास्की जिल्लाको रूपा तथा मादी गाउँपालिका, पश्चिममा पर्वतको कुस्मा नगरपालिका र मोदी गाउँपालिका तथा कास्कीको अन्नपूर्ण गाउँपालिका, दक्षिणमा तनहुँको शुक्ला गण्डकी र स्याङ्जाको पुतलीबजार नगरपालिका, उत्तरमा कास्की जिल्लाकै माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकाद्वारा वेष्ठित छ । पोखरा उपत्यका नेपालकै सबैभन्दा बढी पानी पर्ने र आरामदायी हावापानी भएको बसोबासका दृष्टिले सुन्दर र सुरक्षित ठाउँ हो ।

कुल ४६४.२४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको पोखरा महानगरपालिका नेपालकै सबैभन्दा ठुलो महानगरपालिका हो। क्षेत्रफलको आधारमा पोखरा महानगरपालिका वीरगन्ज महानगरपालिका भन्दा २१ गुणा, ललितपुर महानगरपालिका भन्दा १४ गुणा, काठमाडौं महानगरपालिका भन्दा ९ गुणा, विराटनगर महानगरपालिका भन्दा ६ गुणा र भरतपुर महानगरपालिका भन्दा साढे दुई गुणा ठुलो रहेको। कुल ३३ वडा रहेको पोखरा महानगरपालिकाको भौगोलिक अवस्था विविधतापूर्ण छ । पोखरा महानगरपालिकाको भौगोलिक अवस्थिति ग्रामीण पहाडी क्षेत्र, अर्ध सहरी क्षेत्र र आधुनिक सहरी क्षेत्रको रूपमा रहेको छ ।पोखरा उपत्यकाको मुख्य भाग सहरी वा अर्ध शहरीक्षेत्रको रूपमा रहेको । हिमालको काखमा रहेको पोखरा महानगरपालिका नदी, ताल तलैया, गुफा खोंच बेसी लगायतको विशिष्ट भू-बनौट तथा अनगिन्ती मनोरम प्राकृतिक छटाले भरिपूर्ण छ । पोखरा सहरको बिचबाट भूमिगत भएर बग्ने सेती नदी, फुस्रे तथा विजयपुर खोला फेवाताल बेगनासताल लगायतका थुप्रै ताल तलैयाले पोखरालाई थप आकर्षक अनुपम बनाएको छ ।

## २.२ जनसाङ्ख्यिक अवस्था

पोखरा महानगरपालिका तीव्र गतिमा जनसङ्ख्या वृद्धि भइरहेका सहर मध्ये एक हो । पहाडी क्षेत्र भए पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको आकर्षक गन्तव्य, गण्डकी प्रदेशको राजधानी, पहिलेदेखि नै शिक्षा, स्वास्थ्य र बजारको राम्रो पहुँच भएको कारण अन्य जिल्ला तथा स्थानीय तहहरूबाट हुने बसाई सराई उच्च रहेको छ। विगत एक दशकमा यहाँको जनसङ्ख्या वार्षिक २.५ प्रतिशतका दरले

वृद्धि भई राष्ट्रिय जनगणना २०७८ अनुसार पोखराको जनसङ्ख्या ४ लाख ३ हजारबाट ५ लाख १३ हजार ५ सय पुगेको छ । सोही अवधिमा घरधुरी सङ्ख्या वार्षिक ३ प्रतिशतले बढेर १ लाख ५ हजारबाट १ लाख ४० हजार पुगेको छ । पोखरामा अस्थायी रूपमा बसोबास गर्ने जनसङ्ख्या स्थायी बासिन्दा भन्दा बढी रहेको अनुमान छ । यस आधारमा अस्थायीसमेत गरी पोखराको हालको जनसङ्ख्या १० लाख भन्दा माथि रहेको अनुमान छ । महानगरपालिकाको वडागत घरधुरी र जनसङ्ख्याको विवरण अनुसूची (१) मा प्रस्तुत गरिएको छ ।

### २.२.१ उमेर समूहगत जनसङ्ख्या

आर्थिक दृष्टिले सक्रिय उमेर समूहका आधारमा पोखरा महानगरपालिका अहिले जनसाङ्ख्यिक लाभ (Demographic Dividend) उच्चतम रहेको छ । समावेशी आर्थिक वृद्धि र दिगो विकासका दृष्टिले अत्यन्तै अनुकूल अवसर हो । वि.सं २०६८ को जनगणना अनुसार आर्थिक रूपमा सक्रिय मानिने १५ वर्षदेखि ६९ वर्ष समूहको जनसङ्ख्याको अनुपात ६८ प्रतिशत रहेकोमा २०७८ को जनगणनामा सो समूहको जनसङ्ख्या बढेर ७३.३ प्रतिशत पुगेको तथ्याङ्कले देखाएको छ ।

चित्र १: उमेर समूहगत रुपमा महानगरपालिकाको जनसंख्या




स्रोत : राष्ट्रिय जनगणना २०७८

त्यसै गरी, जनसाङ्ख्यिक लाभांशका रूपमा चिनिने र उत्पादनशील उमेर समूह (१५ देखि ४९ वर्ष)का युवा जनसङ्ख्याको अनुपात २०६८ जनगणनामा ५७ प्रतिशत रहेकोमा २०७८ को जनगणनामा बढेर ५९ प्रतिशत पुगेको छ । तुलनात्मक रूपमा बढी साक्षरता भएको युवा जनशक्तिको अनुपातमा भएको वृद्धिले पछिल्लो समय लोकप्रिय बन्दै गएको सूचना प्रविधिमा आधारित युवा उद्यमशीलता वा नवउद्यम (Start Ups) हरूको सम्भावना प्रबल रहेको देखिन्छ ।

### २.२.२ जातजाति अनुसारको जनसङ्ख्या

जातजातिका आधारमा सबैभन्दा बढी पहाडी ब्राह्मणको अनुपात कुल जनसङ्ख्याको २६.५ प्रतिशत रहेको पोखरामा क्षेत्री र गुरुङको जनसङ्ख्या लगभग बराबर अर्थात् १५/१५ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार पोखरामा बसोबास गर्ने अन्य मुलुकका नागरिकको जनसङ्ख्या १.१९ प्रतिशत रहेको देखिन्छ ।

तालिका १: जातजातीका आधारमा पोखरा महानगरपालिकाको जनसंख्या

| जात/जाति | कुल जनसंख्या | पुरुष संख्या | महिला संख्या | कुलको प्रतिशत |
|---|---|---|---|---|
| ब्राह्मण-पहाड | १३५८९६ | ६७१०९ | ६८७८७ | २६.४६ |
| क्षेत्री | ७७३८१ | ३७००६ | ४०३७५ | १५.०७ |
| गुरुङ्ग | ७६७७४ | ३४४७९ | ४२२९५ | १४.९५ |
| मगर | ५२७३३ | २४५८६ | २८१४७ | १०.२७ |
| विश्वकर्मा | ४२२१० | १९८११ | २२३९९ | ८.२२ |
| नेवार | २४०८१ | ११७९४ | १२२८७ | ४.६९ |
| परियार | १८६४२ | ८७१० | ९९३२ | ३.६३ |
| मिजार | १६८९० | ८१०१ | ८७८९ | ३.२९ |
| तामाङ्ग | १३६४८ | ६६४४ | ७००४ | २.६६ |
| ढकुरी | ७७२१ | ३५९२ | ४१२९ | १.५० |
| बिदेशी | ६१०१ | ४४३७ | १६६४ | १.१९ |
| घर्ती/भुजेल | ६०२६ | २८९० | ३१३६ | १.१७ |
| अन्य | ३५४०१ | १८३३६ | १७०६५ | ६.८९ |
| **जम्मा** | **५१३५०४** | **२४७४९५** | **२६६००१** | **१००** |

### २.२.३ भाषा र धर्म अनुसारको जनसङ्ख्या

मातृभाषा र धर्मका आधारमा हेर्दा पोखरामा नेपाली भाषा बोल्ने र हिन्दु धर्म मान्नेहरूको बाहुल्यता रहेको देखिन्छ, दोस्रोमा क्रमशः बौद्ध धर्म मान्ने र गुरुङ भाषा बोल्नेहरू छन् । धर्मका आधारमा

पछिल्लो समय पोखरामा क्रिश्चीयन धर्मालम्बीहरुको सङ्ख्या बढेर २ प्रतिशत पुगेको देखिन्छ । त्यसै गरी, पोखरामा परम्परागत रूपमा बस्दै आएका मुस्लिम धर्मावलम्बी कुल जनसङ्ख्याको अनुपातमा १ प्रतिशत रहेको तथ्याङ्क छ ।

चित्र २ : धर्म र मातृभाषाका आधारमा पोखरा महानगरपालिकाको जनसंख्या







## २.२.४ बसाई सराई र अनुपस्थित जनसङ्ख्या

पोखरा महानगरपालिका उच्च आप्रवासी जनसङ्ख्या भएका सहरहरूमध्ये एक हो । पोखरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको प्रमुख तथा आकर्षक केन्द्रको रूपमा रहेको छ। साबिकमा पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम र हाल गण्डकी प्रदेशको राजधानी रहेको पोखरा पहिलेदेखि नै व्यापारिक केन्द्र मात्र नभएर शिक्षा, स्वास्थ्यको क्षेत्रमा पनि सुविधायुक्त भएको कारण छिमेकी गाउँका साथै अन्य जिल्लाहरूबाट हुने बसाई सराई उच्च रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको जनसङ्ख्या मध्ये करिब ५३ प्रतिशत जनसङ्ख्या राष्ट्रिय जनगणना अघि अन्यत्रबाट बसाइ सरी आएको देखिन्छ । त्यसरी बसाइ सरी आउनेमा १० प्रतिशत मात्रै कास्की जिल्ला भित्रकै अन्य स्थानीय तहबाट आएका छन् भने ३८ प्रतिशत अन्य जिल्लाबाट र ४ प्रतिशत विदेशबाट आएको देखिन्छ । त्यसै गरी, पोखराबाट बसाइ सरेर अन्यत्र जाने र अध्ययन तथा कामको लागि देश बाहिर बस्ने अनुपस्थित जनसङ्ख्याको अनुपात पनि ठुलै छ । जनगणनाको तथ्याङ्कले सङ्केत गरे अनुसार पोखरा महानगरपालिकाका कुल घरधुरीमध्ये २८ प्रतिशत वा करिब ४० हजार परिवारमा कम्तीमा एक सदस्य अनुपस्थित रहेको देखिन्छ । त्यसरी अनुपस्थित हुने जनसङ्ख्या मध्ये करिब ० प्रतिशत रोजगारीका लागि र १८ प्रतिशत अध्ययनको लागि विदेश गएको देखिन्छ।

चित्र ३ : पुरानो वासस्थानका आधारमा पोखरा महानगरपालिकाको जनसङ्ख्या




स्रोत : राष्ट्रिय जनगणना २०७८

### २.२.५ अपाङ्गता भएका जनसङ्ख्या

पोखरा महानगरपालिकामा अपाङ्गता भएका जनसङ्ख्याको अनुपात औसत १.९ प्रतिशत रहेको छ । त्यसमा अपाङ्गता भएका महिलाको अनुपात १.८ प्रतिशत र पुरुषको अनुपात २.२ प्रतिशत देखिन्छ । कुल अपाङ्गता भएका जनसङ्ख्यामा शारीरिक अपाङ्गता हुने सबैभन्दा धेरै ३८.४ प्रतिशत रहेको छ ।त्यसै गरी, न्यून दृष्टि भएका १४.५ प्रतिशत, पूर्ण दृष्टिविहीन ४ प्रतिशत, बहिरा ८.४ प्रतिशत, मनोसामाजिक र मानसिक अपाङ्गता भएका १२.४ प्रतिशत, न्यून श्रवण शक्ति भएका ९.७ प्रतिशत, बौद्धिक अपाङ्गता भएका २.४ प्रतिशत रहेका छन् भने अटिजम् र अनु वंशीय रक्तस्राव (हेमोफेलिया) भएका क्रमशः शून्य दशमलव ५ र शून्य दशमलव ९ प्रतिशत रहेको तथ्याङ्क छ । एक भन्दा बढी वा बहु अपाङ्गता हुने जनसङ्ख्याको अनुपात ८.७ प्रतिशत छ ।

## २.३ सुशासन तथा सेवा प्रवाह

नेपालको संविधानले प्रदान गरेका अधिकारहरू सहित स्थापित भएका स्थानीय तहलाई आफ्नो भूमिका सशक्त ढङ्गबाट निर्वाह गर्न, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन र सुशासन प्रत्याभूत गर्न आफ्नो काम गर्ने तौरतरिका र शैलीमा सुधार आवश्यक छ । संवैधानिक व्यवस्था अनुसार स्थापना भएको पोखरा महानगरपालिकालाई साबिकको स्थानीय निकायको भन्दा विशिष्ट र नयाँ जिम्मेवारी थपिएको छ । विगतमा एकात्मक सरकार मातहत रहेका शिक्षा, स्वास्थ्य, कृषि तथा पशु र महिला विकास कार्यालयहरू मार्फत प्रदान गरिँदै आएका सेवाहरू कानुन बमोजिम स्थानीय तहमा हस्तान्तरण

भई आएका छन् । यसले गर्दा, विगतका स्थानीय निकायहरूको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएको महानगरपालिकालाई अतिरिक्त अधिकार तथा जिम्मेवारी प्राप्त भएको छ।

### २.३.१ संस्थागत व्यवस्था

सङ्घीय संरचना अनुरूप गठित पोखरा महानगरपालिकाको संस्थागत सुदृढीकरण सँगै कार्य सम्पादन सुधारमा प्रयत्न भइरहेको छ। परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न पोखरा महानगरपालिकाले पछिल्लो पटक २०७७ सलमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी ९ महाशाखा, ४४ शाखा र सो अन्तर्गत विभिन्न इकाई र सेवा केन्द्रहरू सहितको संस्थागत संरचना कायम गरी दैनिक सेवा प्रवाह तथा नियमित रूपमा कार्यसम्पादन गर्दै आएको । महानगरपालिकाका ३३ वटा वडा कार्यालयलाई अधिकार सम्पन्न बनाउँदै नागरिकको घरदैलोको सरकारका रूपमा परिचालन गर्ने प्रयास गरिएको छ ।

संवैधानिक तथा कानुनी जिम्मेवारी वहन गर्ने क्रममा स्थानीय सरकारको एक महत्त्वपूर्ण अवयवको रूपमा सहरी योजना आयोग, विभिन्न विषयगत समिति, प्रज्ञा प्रतिष्ठान, युवा परिषद्, सञ्जाल, समूह र इकाईको संस्थागत र सङ्गठनात्मक व्यवस्था गरी सुशासन र सेवा प्रवाहमा सुधारको प्रयास गरिएको छ। न्यायिक कार्य सम्पादनका लागि क्रियाशील स्थानीय न्यायिक समितिको क्षमता विकास गर्दै लगिएको छ । नगर कार्यपालिकाको कार्यालयबाट प्रदान हुने सेवा प्रवाहमा नागरिकले कोठा कोठा चाहर्नु पर्ने झमेलाको अन्त्य गर्दै सेवाप्रबाहलाई सहज र छिटो छरितो बनाउन एक द्वार प्रणालीबाट सेवा दिन सुरु गरिएको ।

सुविधा सम्पन्न नागरिक प्रतिक्षा कक्ष तथा हेलो मेयर कार्यक्रम मार्फत नागरिकका गुनासा सिधै नगरप्रमुख समक्ष राख्न पाउने व्यवस्था मिलाइएको छ। आवश्यक भौतिक पूर्वाधार विकास, कर्मचारीहरूको प्राप्ति र प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा योजना तर्जुमा तथा कार्यान्वयन पद्धतिमा निरन्तर सुधारको खाँचो भने यद्यपि कायमै छ ।

### २.३.२ मानव संशाधन

नेपाल सरकार (मन्त्रीपरिषद्)बाट स्वीकृत दरबन्दी अनुसार ३६१ जना र स्वास्थ्य तर्फको १७८ गरी पोखरा महानगरपालिकामा जम्मा ५३९ जनाको दरबन्दी रहेकोमा पोखरा महानगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी ४३ औं नगर कार्यपालिकाबाट स्वीकृत दरबन्दी सङ्ख्या ७६४ कायम हुन पुगेको छ । हाल पोखरा महानगरपालिकामा स्वास्थ्य महाशाखा अन्तर्गत सञ्चालित स्वास्थ्य

सङ्घ, संस्था र अन्य निकायबाट तलब भत्ता खाने गरी सञ्चालित कार्यक्रम तथा विभिन्न परियोजनाका कर्मचारी बाहेक ७०१ महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन प्रतिवेदन अनुसार स्वीकृत दरबन्दीका कर्मचारीहरू कार्यरत छन् । पोखरा महानगरपालिकाको पछिल्लो स्वीकृत दरबन्दी अनुसार सहसचिव (रा.प.प्र. प्रथम) १, उपसचिव (दशौं तह) ४, अधिकृत स्तर आठौं २०, अधिकृत स्तर सातौं ५१, अधिकृत स्तर छैठौ १३८ र सहायक स्तर पाँचौं ४८७ रहेका छन् ।

चित्र २ : महानगरमा कार्यरत कुल कर्मचारी संरचना




पोखरा महानगरपालिका साबिक पोखरा उप–महानगरपालिका, लेखनाथ नगरपालिका र अन्य गाउँ विकास समितिमा कार्यरत स्थायी, सेवा करार र ज्यालादारीमा कार्यरत, कास्की जिल्ला विकास समिति र कर्मचारी समायोजन ऐन अनुसार समायोजन भई आएका कर्मचारीहरू र नगर प्रहरी समेत गरी कुल १०५७ कर्मचारीहरू कार्यरत रहेको देखिन्छ ।

### २.३.३ सवारी साधन

पोखरा महानगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सहरी योजना आयोगका उपाध्यक्ष तथा केही महाशाखालाई चार पाङ्ग्रे सवारी साधन उपलब्ध गराइएको छ । अन्य महाशाखा तथा फिल्डमा काम गर्ने प्राविधिक कर्मचारीहरूलाई मोटरसाइकल उपलब्ध गराइएको छ । महानगरपालिकाका वडाका सचिवहरूलाई पनि मोटरसाइकल उपलब्ध गराइएको छ । महानगरपालिकाको काममा सहजता ल्याउन, विपद् व्यवस्थापनमा सहयोग गर्न, फोहोर मैला व्यवस्थापन तथा सरसफाइ र स्वास्थ्य सेवाका लागि थप सवारी साधनहरू प्रयोगमा रहेका छन् । महानगरपालिकामा उपलब्ध सवारी साधनहरूको सङ्ख्या धेरै देखिए पनि दुई पाङ्ग्रे र हलुका सवारी बाहेक अन्य साधनहरू अधिकांश पुराना, बिग्रिएका र मर्मत गर्नुपर्ने अवस्थामा रहेको देखिएको छ । पोखरा महानगरपालिकाको सङ्गठन संरचना कर्मचारी सङ्ख्या कार्य प्रकृति र कार्यवोझका आधारमा सवारी साधनको कमी देखिएको छ ।

तालिका २ : महानगरपालिकामा रहेका सवारी साधनहरूको विवरण

| सवारी साधनको किसिम | संख्या | सवारी साधनको अवस्था |
|---|---|---|
| हलुका सवारी (जिप कार भ्यान) | १८ | १ लिलाम गर्नुपर्ने |
| ट्रिपर | ९ | ३ वटा चालु ६ वटा मर्मत गर्नुपर्ने |
| कम्प्याक्टर | ६ | मर्मत गर्नुपर्ने |
| सक्सन (ढल सफा गर्ने) | २ | मर्मत गर्नुपर्ने |
| डोजर | ४ | ३ वटा मात्र चालु |
| ब्याक-हो लोडर | २ | चालु |
| सफ्टेज (सेफ्टी ट्यांकी सफा गर्ने) | २ | मर्मत गर्नुपर्ने |
| ट्र्याक्टर | ३ | १ चालु र २ मर्मत गर्नुपर्ने |
| मिनि ट्रक | १ | चालु |
| लोडर | ३ | १ मर्मत गर्नुपर्ने |
| ह्याण्ड लोडर | १ | मर्मत गर्नुपर्ने |
| वारुण यन्त्र | ५ | १ मर्मत गर्नुपर्ने |
| जलकुम्भी मेसिन | १ | चालु |
| एम्बुलेन्स | २ | चालु |
| दुई पांग्रे सवारी (४१ स्कुटर, अन्य मोटर साइकल) | १३३ | चालु |

### २.३.४ कार्यालय, उपकरण तथा सफ्टवेयर प्रणाली

महानगरपालिकाको मुख्य कार्यालय वडा नम्बर ८ न्यूरोडस्थित साबिकको पोखरा महानगरपालिका रहदैं आएको पुरानो भवनमा सञ्चालनमा छ । उक्त भवन पुरानो र जीर्ण रहेको, कोठा सङ्ख्या लेआउटको दृष्टिले साँघुरो रहेको भूकम्पीय सुरक्षाका दृष्टिकोणले सुरक्षित देखिँदैन। यस भवनमा सबै महाशाखा तथा शाखाको लागि कार्यकक्ष पर्याप्त छैन । सवारी पार्किङ व्यवस्थापन, सेवाग्राही बस्ने प्रतीक्षालय लगायतका आधारमा महानगरपालिकाको कार्यालयको लागि ठाउँ ज्यादै अपुग भएकोले कार्य वातावरण सहज बनाउन सकिएको छैन। यसका अतिरिक्त महानगरपालिका अन्तर्गतका सामाजिक विकास महाशाखा, शिक्षा, पशु सेवा, व्यवसाय प्रवर्द्धन केन्द्र महानगरपालिकाको मुख्य प्रशासकीय भवन बाहिरका विभिन्न भवनहरूमा छन् । स्वास्थ्य महाशाखा, पूर्वाधारका केही शाखा र एसियाली विकास बैङ्क अन्तर्गतको परियोजनाका कार्यालयहरू भाडामा व्यवस्थापन गरिएको छ । वारुणयन्त्र तथा यान्त्रिक शाखा छुट्टै भवनमा छन् । महानगरपालिकाको मुख्य प्रशासकीय भवनमै वा आसपास रहन उपयुक्त हुने भए पनि स्थान अभावका कारण सहरी योजना आयोगको सचिवालय वडा नं २७ स्थित साबिकको लेखनाथ नगरपालिकाको भवनमा रहेको छ ।

पोखरा महानगरपालिकाबाट प्रदान हुने दैनिक सेवा प्रवाह तथा अन्य नियमित कार्यसम्पादनलाई थप व्यवस्थित रूपले सञ्चालन तथा व्यवस्थापन गर्न उपयुक्त प्रशासकीय भवन अत्यावश्यक देखिएको अवस्थालाई मध्यनजर गरी डिपिआर सम्पन्न भई वडा नं १७ मा नयाँ प्रशासकीय भवन निर्माण गर्न आवश्यक प्रक्रिया सुरु भएको छ । चालु आ.व. २०८०/८१ मा प्रशासकीय भवन निर्माण प्रयोजनको लागि बजेट विनियोजन समेत भएको छ । महानगरपालिकामा पर्ने ३३ वडा हरू मध्य २७ वटा वडा कार्यालयहरू अहिले आफ्नै भवनमा सञ्चालित छन् भने बाँकी केही वडाहरूको भवन निर्माण निर्माणको प्रक्रियामा रहेको छ केही वडाहरू अझै पनि भाडामा सञ्चालित छन् ।

महानगरपालिकाका महाशाखा, शाखा तथा वडाहरूमा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने भौतिक सामग्रीहरू जस्तै फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, टेलिफोन आदि व्यवस्थापन भई आएको छ । तत्काल खर्च भएर नजाने टिकाउ सम्पत्ति तथा जिन्सी सामानहरूको आपूर्ति, संरक्षण तथा अभिलेख व्यवस्थापन महानगरपालिकाको सम्पत्ति तथा भण्डार व्यवस्थापन सफ्टवेयरमा अद्यावधिक गरिँदै आएको छ । महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अद्यावधिक गर्ने कार्य भइरहेकोले उक्त सर्वेक्षणको प्रतिवेदन पारित गरी सो अनुसार विभिन्न महाशाखा तथा शाखाहरूलाई उपयुक्त हुने गरी विद्यमान कार्य स्थानको पुनःलेआउट गरी आवश्यक कार्य स्थान सहितको फर्निचर तथा कार्यालय सामग्रीको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

तालिका ३ : महानगरपालिकामा सञ्चालनमा रहेका सफ्टवेयर प्रणाली तथा वेबसाइटहरू

| **सफ्टवयर तथा सूचना प्रणालीको नाम** | **सफ्टवयरले समेटेको क्षेत्र तथा कार्य** |
|---|---|
| विद्युतीय घर नक्सा इजाजत प्रणाली (EBPS) | घर तथा भवन नक्सापास, निर्माण सम्पन्न, अभिलेख व्यवस्थापन प्रणाली (वडा कार्यालयमा समेत) |
| विद्युतीय हाजिरी (कर्मचारी व्यवस्थापन प्रणाली, e-attandance) | कर्मचारीको हाजिरी अभिलेख तथा कर्मचारीको तलबी फाराम तथा प्रतिवेदन |
| बजेट तथा लेखा व्यवस्थापन प्रणाली (SUTRA) | बजेट तथा खर्च लेखांकन र भुक्तानी व्यवस्थापन |
| आय लेखा (राजस्व) सफ्टवयर (शहरी विकास तथा भवन निर्माण विभागको) | कर तथा गैरकर राजश्व र आय व्यवस्थापन (वडा कार्यालयहरुमा समेत) |
| जिन्सी तथा सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) | जिन्सी सामान तथा सम्पत्तीको अभिलेख तथा भण्डार ब्यवस्थापन |
| विद्युतीय अभिलेख | पुराना अभिलेखहरुको विद्युतीय प्रति तयार गरी अभिलेख व्यवस्थापन |

| सफ्टवयर तथा सूचना प्रणालीको नाम | सफ्टवयरले समेटेको क्षेत्र तथा कार्य |
|---|---|
| जन स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (DHMIS) | जनस्वास्थ्य तथा पोषण सँग सम्वन्धित तथ्यांक, अभिलेख व्यवस्थापन, परिसूचक तथा प्रतिवेदन तयार |
| शिक्षा सूचना व्यवस्थापन प्रणाली (EMIS) | शिक्षासंग सम्वन्धित तथ्यांक, परिसूचक तथा प्रतिवेदन |
| www.docr.gov.np | व्यक्तिगत घटना दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन तयार |
| www.docr.gov.np | सामाजिक सुरक्षा भत्ताः लाभग्राहीको अभिलेख व्यवस्थापन र प्रतिवेदन तयार |
| www.bolpatra.gov.np | विद्युतीय सार्वजनिक खरिद व्यवस्थापन प्रणाली |
| www.pokharamun.gov.np | महानगरपालिकाको आधिकारिक वेबसाइट |
| www.pokharakrishi.com<br>www.pokharakrishi.gov.np | कृषि प्रसार तथा पशुसेवा सम्वन्धी सम्पुर्ण जानकारी, सूचना, प्रतिवेदन प्रकाशन तथा प्रचार प्रसार प्रणाली |
| www.marketplace.pokharakrishi.com | अनलाइन कृषि बजार प्रणाली |
| www.bpc.pokharamun.gov.np | व्यवसाय प्रवर्द्धन केन्द्रको आधिकारिक वेबसाइट |
| www.pokharagpi.edu.np | गण्डकी बहुप्राविधिक शिक्षालयको आधिकारिक वेबसाइट |
| www.planning.pokharamun.gov.np | योजना व्यवस्थापन प्रणाली |
| अनलाइन राजस्व भुक्तानी प्रणाली (RMIS) | परिक्षणको चरणमा रहेको |
| पर्यटकीय स्थलहरुको एकिकृत प्रवेश शुल्क व्यवस्थापन प्रणाली (TTMS) | सुदृढ परियोजनाको सहयोगमा तयार रहेको, लागु हुन बाँकी |
| सडक सम्पत्ति व्यवस्थापन प्रणाली (RAMS) | विश्व बैंकको सहयोगमा तयार रहेको, लागु हुन बाँकी |
| सम्पत्ति (भवन संरचना) व्यवस्थापन प्रणाली | सुदृढ परियोजनाको सहयोगमा तयार रहेको, लागु हुन बाँकी |

महानगरपालिकाबाट प्रदान हुने सेवा तथा अन्य नियमित कार्यलाई क्रमशः सूचनामैत्री बनाउँदै लग्ने योजना अनुरूप सूचना प्रविधिको प्रयोग तथा सूचना व्यवस्थापन गर्न छुट्टै सूचना प्रविधि शाखा स्थापना भई कार्य सम्पादन भई आएको छ । महानगरपालिकाले आफ्नो वेबसाइटलाई नियमित अद्यावधिक गरी व्यवस्थित रूपमा सञ्चालन गरिरहेको छ । महानगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ । सूचना तथा सञ्चार प्रणालीमा सुधार ल्याउन क्लाउडमा आधारित प्रणाली अवलम्बन, समान सफ्टवयरहरुलाई

आपसमा लिङ्क गर्ने, आवश्यक थप सफ्टवेयर प्रणालीको विकास गरी सञ्चालनमा ल्याउने तथा महानगरपालिकाको आन्तरिक सञ्चारको लागि इन्टरकमको व्यवस्था भएमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारिता अझै बढ्ने देखिन्छ ।

### २.३.५ कानुन तथा न्यायिक कार्य सम्पादन

नेपालको संविधानले मुलुकमा व्यवस्थापिका, कार्यपालिका एवं न्यायिक अधिकार सहितका सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने व्यवस्था गरेको छ । संविधानमा नागरिकको सर्वोपरि हितलाई ध्यानमा राखी सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूति गर्ने राज्यको नीति रहेको छ । संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहलाई प्राप्त एकल तथा साझा अधिकार एवं जिम्मेवारी बमोजिम पोखरा महानगरपालिकाले आफ्ना विकास योजना, कार्यक्रम तथा सेवा प्रवाहलाई थप पारदर्शी, गुणस्तरीय, जबाफदेही, सरल, सहज र सेवाग्राहीमैत्री बनाउँदै सुशासनको अनुभूति दिलाउन निरन्तर प्रयत्नशील रही आएको छ ।

पोखरा महानगरपालिकाको समग्र विकास तथा समृद्धिका लागि नीतिगत, कानुनी तथा विधि प्रणाली अवलम्बन तथा सुदृढीकरण गर्दै जाने उद्देश्य अनुरूप हालसम्म विभिन्न विषयका नीति, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, आचारसंहिता आदि कानुनी दस्ताबेज निर्माण तथा स्वीकृत भई लागू गरिएको छ । अन्य थुप्रै विषयमा आवश्यक पर्ने नीति, ऐन, कानुन तर्जुमा वा संशोधनको प्रक्रियामा रहेका छन् । कतिपय कानुनी दस्ताबेजहरू समय सापेक्ष बनाउने प्रयासमा संशोधन समेत भएका छन् भने केही खारेजी र प्रतिस्थापन भएका छन् ।

तालिका ४ : महानगरपालिकाबाट हालसम्म जारी भएका कानुनी दस्ताबेज

| कानूनी दस्तावेज | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | कुल |
|---|---|---|---|---|---|---|---|
| नीति | ४ | १ | ० | ० | ० | ० | ५ |
| ऐन | ६ | ८ | ७ | ६ | २ | ६ | ३५ |
| नियमावली | ६ | ४ | १ | ४ | ० | ० | १५ |
| कार्यविधि | ५ | ११ | ४ | ६ | ० | १७ | ४३ |
| मापदण्ड तथा आचार संहिता | ० | २ | १ | १ | १ | ० | ५ |
| निर्देशिका | २ | ३ | ० | ४ | ० | २ | ११ |
| **जम्मा** | २३ | २९ | १३ | २१ | ३ | २५ | **११४** |

संविधान बमोजिम स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न इजलास व्यवस्था तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ । न्याय सम्पादनलाई छिटोछरितो र व्यवस्थित गर्न हप्तामा दुई दिन स्थानीय न्यायिक समितिबाट सुनुवाइ हुने व्यवस्था मिलाइएको छ । यसै गरी स्थानीय न्यायिक समितिको कार्यक्षेत्र भन्दा बाहिर पर्ने तर महानगरपालिकाले सुनुवाइ गरी समस्या निरूपण गर्नु पर्ने महत्त्वपूर्ण विषयमा संशोधन गर्न प्रत्येक हप्तामा एक दिन नगर प्रमुखको समेत इजलास बस्ने व्यवस्था मिलाइएको छ । हालसम्म पोखरा महानगरपालिकामा १४४ मेलमिलापकर्ता सूचिकृत भएर समुदायस्तरमा समेत विवाद समाधानमा सहजिकरण गरिरहेका छन् ।

तालिका २: महानगरपालिकाबाट सम्पादित न्याय सम्पादन सम्वन्धी कार्यको विवरण

| **विवाद/मुद्दा विवरण** | **०७५/७६** | **०७६/७७** | **०७७/७८** | **०७८/७९** | **०७९/८०** |
|---|---|---|---|---|---|
| अघिल्लो वर्षबाट सरी आएका | - | ४ | १२ | ५५ | ७६* |
| नयाँ दर्ता भएका | ३२ | २६ | ८४ | ११३ | ९४ |
| दरपिठ भएका | २ | ५ | - | - | - |
| **जम्मा दर्ता** | **३२** | **३०** | **९६** | **१६८** | **१७०** |
| निर्णय निरुपण भएका | १५ | ८ | ८ | ६२ | ९६ |
| मेलमिलापबाट समाधान | ५ | ६ | ९ | १५ | १५ |
| तामेलीमा राख्ने निर्णय | ८ | ४ | ८ | १५ | ५ |
| कारवाही भएका विवाद | २८ | १८ | २५ | ९२ | ११६ |
| पुनरावेदनमा गएका (कास्की जिल्ला अदालत) | - | १ | ३ | १२ | १९ |
| सूचिकृत मेलमिलापकर्ता | ८८ | १७४ | १६२ | १४४ | १४४ |

** फछ्र्योट हुन बाँकी ५४*

### २.३.६ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) नतिजा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व. २०७६/७७ देखि विभिन्न १० उपक्षेत्रसँग सम्बन्धित सूचकहरूमा आधारित रहेर स्थानीय तहहरूलाई आफ्नो कार्य सम्पादन स्तर आफैले मूल्याङ्कन (Self-Rating) गर्ने प्रणालीको विकास गरेको छ ।

चित्र ३ : महानगरपालिकाको स्वमूल्याङ्कन नतिजा २०७८/७९




सोही प्रणाली अनुसार पोखरा महानगरपालिकाले पनि आफूले गरेको कार्यसम्पादनको आधारमा आफ्नो सेवा प्रवाह स्तरको स्वमूल्याङ्कन गर्दै आएको छ । उक्त स्वमूल्याङ्कनबाट प्राप्त अङ्क अनुसार पोखरा महानगरपालिकाको सेवा प्रवाह क्षमतामा उल्लेख्य सुधार भएको छ। आव २०७६/७७ मा ४४.२५ प्रतिशत औसत अङ्क प्राप्त गरेकोमा आव २०७७/७८ मा ५१.२५ प्राप्त गरेको छ भने आव २०७८/७९ मा सो अङ्क ६९.७५ प्रतिशत पुगेको छ । आव २०७९/८० को स्वमूल्याङ्कन अहिले प्रक्रियामा रहेको छ ।

चित्र ४ : पोखरा महानगरपालिकाको उपक्षेत्रगत क्षमता स्वमूल्याङ्कन नतिजा २०७८/७९




## २.३.७ पञ्जिकरण तथा अन्य आधारभूत सेवा

स्थानीय तहको महत्त्वपूर्ण कार्य मध्ये व्यक्तिगत घटना दर्ता, विभिन्न विषयमा सिफारिस तथा प्रमाणीकरण, मेलमिलाप तथा विवाद समाधान, सहयोग, समन्वय, सार्वजनिक सम्पत्तिको संरक्षण र सामाजिक सद्भाव कायम गर्ने लगायतका कार्यहरू पर्दछन्। व्यक्तिगत घटना दर्ताले व्यक्तिको कानुनी

तथा प्रशासनिक पहिचान तथा हक अधिकार स्थापित गर्ने र घटना दर्ता प्रमाणपत्रलाई प्रमाणको रूपमा कानुनी तथा प्रशासनिक रूपमा प्रस्तुत गर्न सकिने हुन्छ । त्यसै गरी व्यक्तिगत घटना दर्ताको अद्यावधिक विवरणले महानगरपालिकालाई समेत जनसाङ्ख्यिक तथ्याङ्क प्राप्त हुने योजना तथा नीति निर्माण गर्दा व्यक्तिगत घटना दर्ताको जनसाङ्ख्यिक तथ्याङ्कलाई उपयोग तथा आधार लिन सकिन्छ । पञ्जिकरण सम्बन्धी कार्यका लागि छुट्टै शाखा स्थापना गरी दक्ष र अख्तियार प्राप्त अधिकारीलाई पूर्ण जिम्मेवार बनाएर तत् सम्बन्धी सेवा प्रदान हुँदै आएको छ ।

पोखरा महानगरपालिका भित्र जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइसराई जस्ता व्यक्तिगत घटना दर्ता सङ्ख्याको प्रवृत्तिगत अवस्था देहाय बमोजिम रहेको छ :

चित्र ५ : पोखरा महानगरपालिकामा व्यक्तिगत घटना दर्ता सङ्ख्याको वार्षिक प्रवृत्ति




स्रोतः पञ्जिकरण शाखा, पोखरा महानगरपालिका

पोखरा महानगरपालिकामा पछिल्ला ५ वर्षको तथ्याङ्क हेर्दा व्यक्तिगत घटना दर्ता सङ्ख्यामा उल्लेख्य वृद्धि भएको देखिन्छ ।

तालिका ३ : विगत ६ वर्षमा पोखरा महानगरपालिकामा दर्ता भएका व्यक्तिगत घटनाको विवरण

| वर्ष | जन्म दर्ता | मृत्यू दर्ता | संवन्ध विच्छेद | विवाह दर्ता | बसाई सरी आउने | | बसाई सरी जाने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिवार | जनसंख्या | परिवार | जनसंख्या |
| २०७४ | ४६१६ | १०८७ | ६८ | १९९५ | ५७२ | २२३१ | १९१ | ६२६ |
| २०७५ | ६८१७ | १७६८ | १६१ | २७८७ | ७६६ | ३०३१ | २२९ | ७६७ |
| २०७६ | ५६७१ | १५६६ | २१० | २४८९ | ६८७ | २५८४ | १९४ | ६३२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७७ | ५६३१ | २०७५ | २०८ | २०८४ | ८०८ | ३०५६ | २४८ | ८९९ |
| २०७८ | ५७७५ | २४५९ | ३०० | २७७१ | १२०० | ४६१२ | ३५३ | १२१६ |
| २०७९ | ६२६० | १९४२ | ५१० | ३२८२ | १५९१ | ६००४ | ४९४ | १५७७ |

व्यक्तिगत घटना दर्तामा हुने वृद्धिले महानगरपालिकाले प्रदान गर्ने अन्य सेवाको चाप समेत प्रभावित हुन्छ । तथापि व्यक्तिगत घटना दर्ता बाहेक महानगरपालिकाले नियमित रूपमा प्रदान गर्दै आएका अन्य सेवाहरूको एकीकृत विवरण राखे प्रणाली स्थापना नभएको र परम्परागत रूपमा रजिस्टर मा प्रविष्ट गरिएको विवरणबाट प्रतिवेदन तयार गर्न सम्भव भएन । आगामी दिनमा यस प्रकारका महत्त्वपूर्ण अभिलेख व्यवस्थापनको लागि सफ्टवेयर प्रणालीको विकास गरी तथ्याङ्क अद्यावधिक गर्दै जानुपर्ने देखिएको छ ।

## २.४ वित्तीय अवस्था

### २.४.१ राजस्व परिचालन

भूगोल, जनसङ्ख्या, अर्थतन्त्रका परिसूचकका आधारमा पोखरा महानगरपालिकाको राजस्व सङ्कलन हुने सम्भावना उच्च रहेको छ । महानगरपालिकाको राजस्व सम्भाव्यता अध्ययन गरी तयार पारेको राजश्व सुधार कार्य योजना तथा राजस्व परामर्श समितिको निर्णय र सिफारिसका आधारमा कर तथा गैर कर राजस्वका दर निर्धारण गरी आन्तरिक आय सङ्कलन गर्रिंदै आएको छ । राजस्व सम्भाव्यता अध्ययन अनुसार महानगरपालिकामा सङ्घीय तथा प्रादेशिक राजस्व बाँडफाँट बाहेक वार्षिक करिब रु ३ अर्ब राजश्व आन्तरिक रूपमा परिचालन गर्न सक्ने प्रबल सम्भावना रहेको देखिएको छ ।

चित्र ३ : आव २०७९/८० मा कुल आयको स्रोत



चित्र ४ : महानगरपालिकाको आन्तरिक आयको अनुमान र वास्तविक प्राप्ती (रकम रु.करोडमा)




*श्रोत: पोखरा महानगरपालिका वित्त व्यवस्थापन महाशाखा*

महानगरपालिकाको कर राजस्वका प्रमुख स्रोतहरू सम्पत्ति कर, मालपोत कर, व्यवसाय कर, बहाल आय कर र विज्ञापन कर हुन । गैरकर राजस्वका प्रमुख श्रोतमा आय ठेक्का, घर जग्गा रजिस्ट्रेसन शुल्क, नक्सा पास दस्तुर र अन्य शुल्क तथा दस्तुरहरू पर्दछन् । यद्यपि महानगरपालिकाको कुल आयमा आन्तरिक स्रोतबाट प्राप्त हुने आयको हिस्सा घट्दै गएको छ । सङ्घ तथा गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण भने तुलनात्मक रूपमा राम्रो देखिएको छ । वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि महत्त्वपूर्ण रहेको छ ।

## २.४.२ कोष व्यवस्थापन

पोखरा महानगरपालिकाले कोष व्यवस्थापन तथा भुक्तानीमा विकेन्द्रीकरणको अभ्यासलाई आत्मसात् गरी सबै वडा कार्यालय सहित कुल ३९ खर्च केन्द्र स्थापना गरी राजस्व सङ्कलन तथा भुक्तानीमा सेवाग्राहीको पहुँच सुनिश्चित गर्ने प्रयास गरेको छ । क्षेत्रगत बजेट विनियोजनलाई वस्तुपरक बनाउन महानगरपालिकाको दीर्घकालीन सोच, रणनीतिक योजना तथा आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यहरू हासिल गर्न र स्थानीय विकासका संवाहक भनी परिभाषित गरिएका क्षेत्र र समावेशीकरण तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात् गरिएको छ ।

त्यसै गरी, वडागत बजेट बाँडफाँडलाई न्यायोचित र वस्तुपरक बनाउन वडाहरूको भूगोल, आर्थिक विकासको अवस्था, जनसङ्ख्या तथा राजस्व सङ्कलन र खर्च गर्ने क्षमता समेतको आधारमा सूत्र बनाएर सोही अनुरूप बजेट सीमा निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

चित्र ५: विगत ४ वर्षको आम्दानी र खर्चको अवस्था (रकम रु.लाखमा)




स्रोत: पोखरा महानगरपालिका वित्त व्यवस्थापन महाशाखा

यद्यपि, कोष व्यवस्थापन तर्फ आय र व्ययको तुलना गर्दा पछिल्लो समय पोखरा महानगरपालिकाको वित्तीय सन्तुलनको अवस्था सन्तोषजनक छैन । खास गरी आम्दानी र खर्चको असन्तुलनको कारण आ.व. २०७९/८० मा आम्दानी भन्दा खर्च धेरै हुन जाँदा विगत वर्षहरूको बचतबाट सृजना भएको मौज्दातमा चाप पर्न गएको छ ।

*तालिका ३: आ.व. ०७९/८०को आय व्यय,*

| शिर्षक | रकम रु.लाखमा |
|---|---|
| कुल आम्दानी | ४,८७,३६.६८ |
| अनुदान फिर्ता | ४२,१४.४३ |
| खुद आम्दानी | ४,४५,२२.२५ |
| कुल खर्च | ५,३९,७३.८० |
| वित्तिय व्यवस्था | ५५४.२ |
| बचत (-) न्यून | -१०००५.७५ |
| सञ्चित मौज्दात | २,१४,७७.१६ |
| बाँकी मौज्दात | १,१४,७२.२१ |

*चित्र ६ : महानगरपालिकाको खर्च प्रगती (रु.हजारमा)*



### २.४.३ वित्तीय सुशासन

वित्तीय सुशासनको प्रमुख मानकको रूपमा बेरुजु रकमलाई पनि लिने गरिन्छ । पोखरा महानगरपालिकामा बेरुजु रकमको प्रवृत्ति हेर्दा पछिल्ला वर्षहरूमा वित्तीय सुशासनमा चुनौती देखिएको छ । खास गरी सङ्घीयता लागु भएपछिका वर्षहरूमा बेरुजु रकम घट्दै जानुको सट्टा बढ्दै गएको तथ्याङ्कले देखाएको छ । साबिकमा पोखरा उपमहानगरपालिका हुँदा सम्मको कुल बेरुजु अङ्क करिब रु. ७ करोडमा सीमित रहेकोमा आ.व. २०७८/७९ सम्म आइपुग्दा रु. २ अर्ब ८० करोड पुगेको छ ।

*चित्र ७: महानगरको समग्र बेरुजुको संरचना*




तालिका ४: पोखरा महानगरपालिकाको बेरुजुको अवस्था (रकम रु. हजारमा)

| आ. व. | असुल गर्ने | नियमित गर्ने | पेश्की बाँकी | जम्मा |
|---|---|---|---|---|
| २०७४/०७५ | ५७२२२ | २५२४९९ | १४६३२५ | ४५६०४६ |
| २०७५/०७६ | १७१२६६ | २२३४३० | २२९९६८ | ६२४६६४ |
| २०७६/०७७ | ४५८७२५ | २२७६९९ | १९२९१ | ७०५७१५ |
| २०७७/०७८ | २१२४९३ | ३१५६७६ | १७८९६ | ५४६०६५ |
| २०७८/०७९ | २१४१६३ | ४२३४१० | ६८९४१ | ७०६५१४ |
| **जम्मा** | **१११३८६९** | **१४४२७१४** | **४८२४२१** | **३०३९००४** |
| **आर्थिक वर्ष २०७९/८० सम्म फछ्र्यौट** | | | | **२४५८९१** |
| आ.व. ०७४/०७५ देखि २०७८/०७९ को कुल जम्मा | | | | २७९३११३ |
| साविक उपमहानगरपालिकाको बेरुजु | ११८८९ | ६१८५३ | | ७३७४२ |

बढ्दो बेरुजु प्रति महानगरपालिका गम्भीर भएर न्यूनीकरणका प्रयासहरू थालनी गरेको छ । महालेखा परीक्षकको लेखापरिक्षण प्रतिवेदनमा औंल्याइएका कमजोरी सच्याउने, चालु खर्च घटाउने, प्रत्येक आ.व. मा बेरुजु औंल्याइएका सोही प्रकृतिका आगामी खर्चको सम्बन्धमा सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउने र निरन्तर नियमन गर्ने कार्य गरी क्रमशः बेरुजु कम गर्ने रणनीति लिइएको छ । त्यसका लागि महानगरपालिका अन्तर्गतको सार्वजनिक लेखा समितिलाई थप सक्रिय

र जिम्मेवार बनाइएको छ । तथापि विगतमा कायम भएको बेरुजु फछ्यौंटमा अपेक्षित प्रगति हासिल गर्न सकिएको छैन । महानगरपालिका गठन भएपछि हालसम्म रु.२४ करोड ५८ लाख बराबरको बेरुजु फछ्यौंट भएको छ। बेरुजु फछ्यौंटको लागि महानगरपालिकाले कर्मचारी सहितको छुट्टै कार्यदल बनाइ लक्ष्य तोकी अभियान नै सञ्चालन गरे अपेक्षित नतिजा हासिल हुनेछ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रकाशन गर्ने स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन सम्वन्धी प्रतिवेदनले पनि वित्तीय सुशासनमा पोखरा महानगरपालिकाको अवस्था कमजोर रहेको देखाएको छ।

*चित्र ८: महानगरको वित्तीय सुशासन जोखिम मूल्यांकन सम्वन्धी प्राप्तांक, २०७८/७९*




*चित्र ९: महानगरको वित्तीय सुशासन जोखिम मूल्यांकन सम्वन्धी विषयगत प्राप्तांक, २०७८/७९*



## २.५ आर्थिक अवस्था

### २.५.१ महानगरपालिकाको अर्थतन्त्र

पोखरा महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका बासिन्दाले वार्षिक रूपमा गर्ने उत्पादन तथा आयको गणना गरी महानगरपालिकाको कुल आय (ग्रस म्युनिसिपल इनकम) प्रकाशन गर्दै आएको छ ।आर्थिक वर्ष २०७८/७९ मा कुल रु १ खर्ब २० अर्ब ८६ करोड रहेको महानगरपालिकाको कुल आय २०७९/८० मा ४ दशमलव ३१ प्रतिशतले बढेर रु १ खर्ब २६ अर्ब ७ करोड पुगेको अनुमान छ । महानगरपालिकाको प्रतिव्यक्ति औसत वार्षिक आय रु २ लाख ४५ हजार ५ सय २४ पुगेको छ । उक्त वार्षिक आय प्रचलित बजार विनिमय दर (१३०) अनुसार १८८८ अमेरिकी डलर हुन आउँछ ।आ.व. २०७८/७९ मा त्यस्तो आय १८८३ अमेरिकी डलर थियो।

*तालिका ५:* महानगरपालिकाको वार्षिक उत्पादन र औसत प्रतिव्यक्ति आय

| प्रमुख परिसूचक | २०७७/७८ (यथार्थ) | २०७८/७९ (यथार्थ) | २०७९/८० (अनुमान) | वार्षिक वृद्धिदर | |
|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० |
| कुल आय, रु दश लाखमा | ११०५३५.३३ | १२०८६६.४८ | १२६०७७.८० | ९.३५% | ४.३१% |
| प्रति व्यक्ति आय नेरुमा | २१५२५७.० | २३५,३७५.९२ | २४५५२४.५ | ९.३५% | ४.३१% |
| प्रतिव्यक्ति आय (डलरमा) | १८७१.८० | १,८८३.०१ | १,८८८.६५* | ०.६०% | ०.३०% |
| प्रतिव्यक्ति आय (क्रयशक्ति समता विनिमय दर (डलरमा) | ६४२५.५८ | ६,९६३.७८ | ७,२६४.०४# | ८.३८% | ४.३१% |

स्रोतः पोखरा महानगरपालिकाको गणना,

* १ अमेरिकी डलर = १२५ नेरु, नेपाल राष्ट्र बैंक; # १ अमेरिकी डलर= ३३.८० नेरु, विश्व बैंक

**चित्र १०: महानगरपालिकाको कुल उत्पादनमा क्षेत्रगत योगदान**



### २.५.२ आर्थिक रूपमा सक्रिय जनसङ्ख्या र रोजगारी

पोखरा महानगरपालिकामा आर्थिक रूपमा सक्रिय जनसङ्ख्या, रोजगारीको औपचारिक तथ्याङ्क र श्रम बजारको वास्तविक अवस्थाको बिचमा तालमेल देखिँदैन। यसको प्रमुख कारण पोखरा महानगरपालिका एक स्थानीय तह मात्र नभएर प्रमुख प्रशासनिक तथा आर्थिक केन्द्र र त्यसले सिर्जना गरेको सामाजिक तथा व्यावसायिक गतिशीलता हो ।

चित्र ११ आर्थिक रुपमा सक्रीय जनसंख्या र रोजगारीको अवस्था




खासगरी, पर्यटकीय गतिविधि र अध्ययन तथा प्रशासनिक कामका लागि अस्थायी रूपमा आवत जावत गरिरहने गतिशील जनसङ्ख्या र (फ्लोटिङ) बजारका कारण पोखरा महानगरपालिका श्रम लेबर) शक्ति न्यून भएको (डेफिसिट महानगरपालिका बन्न पुगेको छ। आर्थिक रूपले सक्रिय हुने उमेर समूहको यहाँको जनशक्ति अध्ययन तथा रोजगारीका लागि विदेश जाने प्रवृत्ति बढी भएकोले श्रम शक्ति न्यूनताको अवस्था आएको हो।

महानगरपालिकाको कुल जनसङ्ख्यामध्ये १० वर्षभन्दा बढी उमेर समूहको जनसङ्ख्या ८६ प्रतिशत अर्थात् ४ लाख ४१ हजार ६०१ रहेकोमा त्यसको ५६.६ प्रतिशत अर्थात् २ लाख ४९ हजार ९९० मात्र आर्थिक रूपमा सक्रिय रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले देखाएको छ ।काम गर्न सक्ने उमेर १० वर्षभन्दा माथिका जनसङ्ख्यामा बेरोजगारको अनुपात ४ प्रतिशत रहँदा स्वैच्छिक बेरोजगारको अनुपात १५ प्रतिशत रहेको छ ।

तालिका 6 : आर्थिक रुपमा सक्रीय जनसंख्या र रोजगारीको अवस्था

| | १० वर्ष माथिको जनसंख्या | आर्थिक रुपमा सक्रीय | | | आर्थिक रुपमा निस्कृय | बताउन नचाहेका |
|---|---|---|---|---|---|---|
| | | रोजगार | वेरोजगार | स्वेच्छिक वेरोजगार | | |
| कुल | ४४१६०१ | १६७१४४ | १७१६२ | ६५६८४ | १८२७८५ | ८८२६ |
| पुरुष | २०८३२० | ९८९९६ | ८३५३ | २३५९९ | ७३८०१ | ३५७१ |
| महिला | २३३२८१ | ६८१४८ | ८८०९ | ४२०८५ | १०८९८४ | ५२५५ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

तालिका ७: रोजगारीका प्रमुख क्षेत्रगत रुपमा आवद्ध जनसंख्याको अवस्था

| रोजगारीका प्रमुख क्षेत्रहरु | रोजगारी प्रतिशत | | |
|---|---|---|---|
| | कुल | पुरुष | महिला |
| कृषि तथा पशुपालन क्षेत्र | २५.९ | २०.८ | ३१.६ |
| खनिज तथा उत्खनन क्षेत्र | ६.१ | ७.७ | ४.३ |
| भवन तथा निर्माण | १७.७ | २१.८ | १३.१ |
| पानी तथा बिजुली | १.०० | १.४० | ०.५० |
| थोक तथा खुद्रा व्यापार | २२.७ | २१ | २४.७ |
| सूचना प्रविधि तथा वित्तीय क्षेत्र | ३.८ | ४.३ | ३.४ |
| यातायात क्षेत्र | ४.१ | ७.३ | ०.५ |
| आवास तथा घरायशी क्षेत्र | १.७ | १.३ | ३.५ |
| पेशाविद् तथा परामर्श सेवा | १.३ | १.९ | ०.७ |
| सार्वजनिक प्रशासन | १.५ | २.१ | ०.८ |
| शिक्षा क्षेत्र | ५.२ | ४.७ | ५.७ |
| मानव स्वास्थ्य क्षेत्र | २.७ | १.९ | ३.५ |
| कलाकारिता तथा मनोरञ्जन क्षेत्र | १ | १.४ | ०.४ |
| अन्य सेवा क्षेत्र | ५.६ | २.९ | ७.५ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

### २.५.३ कृषि तथा पशुपालन

पोखरा महानगरपालिकाका केही वडाहरू तीव्र रूपमा आधुनिक सहरीकरणतर्फ उन्मुख देखिए पनि अधिकांश वडाहरू कृषिजन्य उत्पादनका लागि उपयुक्त क्षेत्रका रूपमा रहेका छन् । निर्वाहमुखी कृषि तथा पशुपालन क्षेत्रले क्रमशः प्रतिस्पर्धात्मक तथा व्यावसायिक चरित्र ग्रहण गर्दै गइरहेको छ । सहरको मुख्य केन्द्रबाट टाढा रहेका वडाहरूमा कृषि तथा पशुपालन क्षेत्र निम्न तथा मध्यम आय भएका सिमान्तिकृत समुदायको जीविकोपार्जन तथा आयआर्जनको मुख्य आधारको रूपमा रहेको छ । महानगरपालिकामा खाद्य सुरक्षा प्रत्याभूति गर्ने मुख्य क्षेत्र पनि यही क्षेत्र हो ।

महानगरपालिकाको कुल उत्पादनमा यस क्षेत्रले करिब १२ प्रतिशत योगदान पुऱ्याइरहेको छ। तर, ताजा तरकारी लगायतका उत्पादनको हकमा कुल बजार मागको आधा हिस्सा मात्र स्थानीय उत्पादनले धान्ने गरेको तथ्याङ्कबाट देखिन्छ । अर्को तर्फ, उपयुक्त जलवायु, उर्वर भूमि, व्यापक बजार, सडक तथा

महत्त्वपूर्ण सिँचाइ पूर्वाधारहरू रहेको पोखरा क्षेत्रमा कृषि, पशुपालन तथा वन क्षेत्रका उद्यम व्यवसायको सम्भावना अझै पनि प्रचुर रहेको छ ।

पछिल्लो समय महानगरपालिकाले कृषिमा आधुनिकीकरण यान्त्रीकरण विविधीकरण र व्यवसायीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिँदै आएको छ । पोखरा महानगरपालिकाले कृषि उपजको न्यूनतम समर्थन मूल्यको व्यवस्था गरेर सूचीकृत किसानले उत्पादन गरेका वस्तुहरू उक्त मूल्यभन्दा कममा विक्री गर्नु परेको अवस्थामा तोकिएको न्यूनतम मूल्यभन्दा कम हुन आउने रकम (नोक्सान) महानगरपालिकाले बेहोर्ने अनुकरणीय नीति लिएको छ । ग्रामीण क्षेत्रमा हुने उत्पादनलाई बजारसँग सहजै जोड्न र किसानलाई अद्यावधिक सूचना उपलब्ध गराउन महानगरपालिकाले अनलाइन कृषि बजार प्रणाली र सहरका विभिन्न स्थानमा किसान बजार सञ्चालनमा ल्याएको छ । त्यसै गरी, ग्रामीण क्षेत्रमा उत्पादित ताजा तरकारी तथा अन्य कृषि उपजलाई सङ्कलन गरी किसान बजारसम्म ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरी नविनतम् अभ्यास सुरु गरेको छ ।

चित्र १२ महानगरपालिकाको भू-उपयोगको अवस्था




तालिका ८: कृषि तथा पशुपालन क्षेत्रका प्रमुख परिसूचकहरु

| प्रमुख सूचक | इकाई | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| व्यवसायिक कृषक | संख्या | १९४५ | २०२४ |
| वार्षिक प्रतिव्यक्ति खाद्यान्न उत्पादन | के जी | १७० | १७५ |
| कुल कृषियोग्य भूमिमा खेति गरिएको भूमि | प्रतिशत | ९१ | ९२ |
| खाद्यान्न बालिको औसत उत्पादकत्व | मे टन/हेक्टर | ३.५ | ३.६ |
| वार्षिक कुल तरकारी उत्पादन | मे टन | ५३१०५ | ५३५०० |
| व्यवसायिक कृषी फारम | संख्या | ७९३ | ८१८ |
| वार्षिक दुध उत्पादन | मे टन | ३००५४ | ३१३५० |

| | | | |
|---|---|---|---|
| वार्षिक मासु उत्पादन | मे टन | ६२०० | ६४०० |
| वार्षिक अण्डा उत्पादन | संख्या (हजारमा) | ६५००० | ७०००० |
| वार्षिक उन उत्पादन | मे टन | ५ | ५.१ |
| वार्षिक छाला उत्पादन | संख्या | २०००० | २१००० |

स्रोतः आर्थिक विकास महाशाखा

### २.५.४ उद्योग तथा व्यापार

पोखरा महानगरपालिका क्षेत्रमा खास गरी लघु, घरेलु तथा साना उद्योगहरूको बाहुल्यता रहेकोछ । पोखरामा उत्पादन हुने ढाका, गलैंचा, हस्तकलाका वस्तु, करुवा लगायत धातुजन्य उत्पादनहरूले नेपालभर बजार पाउने गरेका छन् । उत्पादनमूलक भन्दा सेवा उद्योगको सङ्ख्या बढी देखिएको पोखरा महानगरपालिकामा क्रमशः पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने खालका ससाना उद्योग पनि सञ्चालन हुँदै गएको देखिन्छ । पछिल्ला दशकमा पोखराको औद्योगिक उत्पादनको आधार विविधतापूर्ण रहेको छ । करिब १०० हाराहारी सङ्ख्यामा उद्योगहरू सञ्चालनमा रहेको पोखरा कुँडहर स्थित पोखरा औद्योगिक क्षेत्रमा अधिकांश साना र केही मझौला उद्योगहरू सञ्चालनमा छन् । हालै गण्डकी प्रदेश सरकारले पोखरा महानगरपालिकासँगको समन्वयमा वडा नं. ३३ मा ठुलो (करिब १६७ हेक्टर) क्षेत्रफलमा औद्योगिक क्षेत्र निर्माण गर्ने योजना बनाएको छ ।

व्यापारको क्षेत्रमा थोक तथा खुद्रा व्यापारले पोखरा महानगरपालिकाको अर्थतन्त्रलाई चलायमान बनाएको छ । स्थानीय अर्थतन्त्रमा सबैभन्दा ठुलो योगदान गरिरहेको यो क्षेत्र रोजगारी प्रदायकको दृष्टिले पनि सबैभन्दा ठुलो क्षेत्र हो । हालैको समयमा स्वतन्त्र रूपमा केही विषयगत क्षेत्र सम्बन्धित व्यापारिक केन्द्रहरू पनि वृद्धि भइरहेका छन् ।

तालिका ९ : पोखरा महानगरपालिकामा सञ्चालित उद्योग व्यवसाय र रोजगारी

| **औद्योगिक वर्गीकरण** | **व्यावसायिक एकाइ** | | **रोजगारी** | |
|---|---|---|---|---|
| | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| कृषि तथा वन | ३१५ | १.१२% | १,५१५ | १.४५% |
| उत्पादन तथा प्रशोधन | २,६७९ | ९.४९% | ११,१४३ | १०.६७% |
| खनिज, ऊर्जा, पानी तथा निर्माण | १४२ | ०.५०% | १,१३० | १.०८% |
| थोक तथा खुद्रा व्यापार | १५,२७९ | ५४.१५% | ३३,१४६ | ३१.७३% |
| यातायात भण्डारण र सूचना प्रविधि | १४८ | ०.५२% | १,६२० | १.५५% |
| पर्यटन तथा आतिथ्य उद्योग | ५,३०४ | १८.८०% | १९,४८९ | १८.६६% |
| वित्तीय तथा बीमा सेवा | ५४३ | १.९२% | ५,८९८ | ५.६५% |
| शिक्षा | ८०० | २.८४% | १६,९५८ | १६.२३% |
| मानव स्वास्थ्य | ५१३ | १.८२% | ६,०३१ | ५.७७% |

| | | | | |
|---|---|---|---|---|
| अन्य | २,४९२ | ८.८३% | ७,५३९ | ७.२२% |
| **जम्मा** | २८,२१५ | १००.००% | १०४,४६९ | १००.००% |

*स्रोत राष्ट्रीय आर्थिक गणना २०७५*

पर्यटन लगायत अन्य व्यावसायिक क्षेत्रको विकास र तीव्र सहरीकरणले पोखराको समृद्धिका लागि थप अवसर सिर्जना गरिदिएको छ । राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्याङ्क अनुसार पोखरा महानगरपालिकामा कूल २८,२१५ वटा व्यावसायिक इकाई हरू सञ्चालनमा(उद्यम तथा व्यवसाय) रहेको देखिन्छ । उक्त गणनामा समावेश भएका बाहेक अनौपचारिक रूपमा पनि विभिन्न पेसा—व्यवसायहरू सञ्चालन भइरहेका छन् । गणनामा समावेश व्यावसायिक एकाइहरूमा कूल १,०४,४६९ जनाले रोजगारी प्राप्त गरेको तथ्याङ्क छ । यद्यपि पोखरा महानगरपालिकामा दर्ता भएका उद्योग व्यवसायको सङ्ख्या भने निकै कम अर्थात् जम्मा ८ हजार ६ सय ३४ रहेको देखिएको छ । हुन त आर्थिक गणनाको प्रतिवेदनले पनि कुल सञ्चालित उद्यम व्यवसाय मध्ये करिब आधा मात्रै विधिपूर्वक सरकारी निकायमा दर्ता भएर कारोबार गरेको तथ्य सार्वजनिक गरेको थियो । पोखरा महानगरपालिकाको राजस्व शाखामा दर्ता भएका व्यवसायहरूको विवरण विश्लेषण गर्दा दर्ताको दायरामा ल्याउन सकिने हाल दर्ता भई नसकेका उद्यम व्यवसायको सङ्ख्या उल्लेख्य रहेको अनुमान छ ।

चित्र १३: महानगरमा दर्ता कायम भएका उद्यम व्यवसाय (कुल ८६३४)




## २.५.५ पर्यटन क्षेत्र

विविधिकृत भौगोलिक अवस्थिति र अनुपम प्राकृतिक सुन्दरताले पोखरा पर्यटन सेवासँग सम्बन्धित व्यवसायको मुख्य केन्द्र हो । धेरै पहिले देखिनै विदेशीहरूको रोजाइमा पर्ने पोखरा सन् १९६० को दशकदेखि भने विदेशी पर्यटकहरूको प्रमुख गन्तव्य नै बनेको छ ।

गण्डकी प्रदेश तथा पोखरा महानगरपालिकाले पोखरालाइ पर्यटकीय राजधानी घोषणा तथा कार्बन तटस्थ शहरका रुपमा स्थापित गरी विश्व बजारमा पर्यटन प्रवद्धनको प्रयास भइरहेको छ । पहिले देखि नै क्षेत्रीय प्रशासनिक केन्द्रका रुपमा रहेको पोखरा संघीयता पछि गण्डकी प्रदेशको राजधानी कायम भए पछि चहलपहल तथा आर्थिक गतिविधिमा बृद्वि भएको छ ।

**पोखराको पर्यटनका प्रमुख आकर्षण**

- प्रादेशिक राजधानी, सुरक्षित सहर, आधुनिक बजार, अनुकूल व्यावसायिक वातावरण र हवाई तथा सडक यातायात सञ्जाल ।
- आकर्षक ताल, नदी, गल्छी र गुफा तथा सांस्कृतिक सम्पदाहरू (३८७ मन्दिर साथै चर्च, गुम्बा, मस्जिद र ऐतिहासिक धरोहर ।
- हिमाल आरोहण, पदयात्रा, प्याराग्लाइडिङ, डुङ्गा सयर लगायतका साहसिक गतिविधि एवम् फुटबल, क्रिकेट, भलिबलजस्ता खेलकुदका लागि आवश्यक पूर्वाधार ।
- तारे स्तरका २३ र पर्यटक स्तरीय ६५० होटेल, १०० भन्दा बढी स्तरीय रेस्टुरेन्ट र अन्य आतिथ्य सेवा सहित स्तरीय आवास, मनोरञ्जन तथा मौलिक खानाको सुविधा ।
- विश्वविद्यालयदेखि गुणस्तरीय विद्यालय शिक्षा, शिक्षण अस्पताल, प्राविधिक शिक्षालय अस्पतालहरूबाट सेवा उपलब्धता।

· नेपाली र अङ्ग्रेजी नयाँ वर्षको अवसरमा फेवा लेकसाइडमा सडक तथा खाना महोत्सवका साथै बर्सभरि नै विभिन्न मेला महोत्सवहरू आयोजना ।

पोखरामा अनुपम प्राकृतिक सुन्दरता त छदैछ साथै गुणस्तरीय स्वास्थ्य तथा शैक्षिक सुविधाको अवसर वृद्धि हुँदै गएको, बढ्दो आर्थिक गतिविधिका कारण रोजगारीका अवसरको सम्भावना रहेको, अन्तर्राष्ट्रिय विमानस्थलको स्थापना तथा सञ्चालन पछि आन्तरिक हवाई यातायात थप सहज बन्दै गएको, सहज रूपमा स्वदेशी तथा विदेशी दैनिक उपभोग्य उपलब्धता लगायतका कारणले पोखरा आन्तरिक पर्यटनको समेत प्रमुख गन्तव्य बन्न पुगेको छ। नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले समेत पोखराको पर्यटन विकासलाई प्राथमिकतामा राखी विभिन्न पूर्वाधार निर्माणको प्रयास गर्दै आएका छन् ।अन्तर्राष्ट्रिय विमानस्थल मार्फत अन्तर्राष्ट्रिय सहरहरूसँगको आबद्धता, विस्तारको क्रममा रहेको मुग्लिन—पोखरा सडक तथा उत्तर‘दक्षिण सडक कोरिडोरले पोखराको पर्यटनमा उल्लेख्य योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

**प्रमुख पर्यटकीय स्थल**

फेवाताल, वेगनासताल, रूपाताल, महेन्द्रगुफा, विन्ध्यवासिनी मन्दिर, ताल वाराही, भद्रकाली, बौद्ध गुम्बा, विश्व शान्ति स्तुपा, पातले छाँगो, सेती नदी खोच, सराङकोट भ्यूटावर, पन्चासेडाँडा, पुम्दीकोट, काहुँकोट भ्यूटावर, रोयल ट्रेकिङ रुट आदि ।

निजी क्षेत्रबाट वातावरणमैत्री तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास सहितका स्तरीय होटेल लज तथा रेस्टुरेन्ट, ट्राभल्स एवम् ट्रेकिङ एजेन्सी र यातायात तथा साहसिक पर्यटनका मूल्य श्रृङखलामा लगानी बढ्दै गएको छ । नयाँ पदमार्ग तथा पर्यटकीय उपजहरू निर्माण गर्न र प्राकृतिक सम्पदाको विकास, संरक्षण गर्दै व्यावसायिक उपयोग गर्न निजिक्षेत्रबाट लगानी योग्य पर्यटकीय परियोजनाहरू पहिचान गर्ने कार्य सुरु भएको छ । पोखरालाई थप वातावरणमैत्री बनाउन हरित क्षेत्र तथा साइकल लेन, तालहरूको सफाइ जस्ता योजना तर्जुमाको क्रममा रहेका छन्। यहाँको अद्वितीय जलवायु तथा सांस्कृतिक वैभवका कारण पर्यापर्यटनको बजारीकरणका लागि निरन्तर प्रयास भइरहेको छ।

पोखरा महानगरपालिकाको उपयुक्त स्थानमा खेलकुद, साहसिक यात्रा, प्राकृतिक तथा सांस्कृतिक सम्पदा आदिका विशेषता सहित ट्रिपएड्भाइजर र लोन्ली प्लानेटजस्ता भ्रमण सम्बन्धी इन्टरनेट साइटहरूबाट राष्ट्रिय—अन्तर्राष्ट्रिय रूपमा प्रचार भइरहेको छ। महानगरपालिकाको तर्फबाट महिला तथा सिमान्तिकृत समुदायलाई प्राथमिकताका साथ हिमाल आरोहण, भ्रमण, पदयात्रा र आतिथ्य उद्यममा रोजगारी उपलब्ध गराउन आवश्यक व्यावसायिक तथा प्राविधिक तालिम प्रदान गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

### २.५.६ सहकारी तथा वित्तीय पहुँच

सहकारी क्षेत्रलाई मुलुकको अर्थतन्त्रको एक महत्त्वपूर्ण खम्बाका रूपमा अङ्गीकार गरिएको छ । पोखरा महानगरपालिका क्षेत्रमा क्रियाशील सहकारी संस्थाको सङ्ख्या ३६४ रहेको छ। सहकारी संस्थाहरूमा रहेको कुल सदस्य सङ्ख्या १ लाख ८९ हजार मध्ये महिला ९९३५५ र पुरुष ८९४७२ रहेका छन्। सहकारी संस्थाहरूमा प्रत्यक्ष रूपमा २८७५ जनाले रोजगारी पाएको देखिन्छ । जस मध्ये महिला १८६३ र पुरुष १०१२ जना रहेका छन्। कुल रु. ७ करोड ४२ लाख शेयर (चुक्ता) पुँजी रहेको सहकारी संस्थाहरूले १६ अर्ब १९ करोड ६९ लाख बचत परिचालन गरी १९ अर्ब २२ करोड ६१ लाख लगानी गरेको देखिन्छ । सहकारीको जगेडा कोषमा रु १ अर्ब ९२ करोड ३ लाख रहेको छ ।

त्यसैगरी, नेपाल राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार २०८० असार मसान्तसम्म पोखरा महानगरपालिका क्षेत्रमा (बिमा कम्पनी बाहेक) बैङ्क तथा वित्तीय संस्थाहरूका शाखाहरूको सङ्ख्या ३७० रहेको देखिन्छ । पोखरा स्थित यी बैङ्क तथा वित्तीय संस्थाहरूमा १४ लाख ९० हजार ७ सय ४६ बचत खाता रहेको देखिन्छ । पोखरामा प्रति १३९० जनसङ्ख्या बराबर एक बैङ्क तथा वित्तीय संस्थाको शाखा रहेको देखिन्छ । पछिल्लो अवधिमा बिमा कम्पनीको पनि उल्लेख्य रूपमा वृद्धि भएको छ ।

बैङ्क, वित्तीय संस्था एवं सहकारी संस्थाहरूले औपचारिक कारोबार, कर्जा सुविधा र बचत गर्ने प्रवृत्तिलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्दै आएका छन् ।

चित्र १४: पोखरा महानगरमा सञ्चालित सहकारी संस्थाहरु




पोखरा महानगरपालिकाले तर्जुमा गरेको दीर्घकालीन सोच (vision) तथा समावेशी, स्थानीय आर्थिक विकास योजनामा सूचना तथा सञ्चार प्रविधि र युवा उद्यमशीलतालाई तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षेत्रका रूपमा पहिचान गरेको छ । सोही अनुरूप निजी क्षेत्र समेतको सहभागितामा व्यावसायिक वातावरण सुधार तथा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन मार्फत कुशल र प्रतिस्पर्धी नवउद्यमहरूको विकासका लागि पोखरा महानगरपालिकाले गत वर्ष छुट्टै निकायको रूपमा व्यवसाय प्रवर्द्धन केन्द्र (BPC) स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

उद्यम व्यवसायको प्रवर्द्धनका लागि सेवा केन्द्रको रूपमा कार्य गर्ने लक्ष्य सहित स्थापना भएको यस व्यवसाय प्रवर्द्धन केन्द्र नवीन तथा आधुनिक प्रविधिमा आधारित व्यावसायिक सोचहरूलाई प्रवर्द्धन गर्न आवश्यक परामर्श सेवा, वित्तीय पहुँच विस्तारमा क्रियाशील छ । यस केन्द्रबाट उद्यमशीलता विकास, उद्यम स्थापना तथा प्रवर्द्धनका लागि विभिन्न व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन हुने गरेको छ । साथै आवश्यक आधारभूत सेवा स्थानीय स्तरमा नै सर्वसुलभ रूपमा उपलब्ध गराई प्रतिस्पर्धी व्यावसायिक प्रणाली (बिजनेस इकोसिस्टम) निर्माणमा सार्वजनिक—निजी संवादको माध्यमबाट नीतिगत तथा प्रक्रियागत सुधारको सुरुवात भएको छ ।

त्यसैगरी, महानगरपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रममा आधारित विषयहरूमा व्यावसायिक तालिम तथा डिप्लोमा स्तरका कार्यक्रमहरू पठनपाठनका लागि आफ्नै लगानीमा गण्डकी बहु प्राविधिक शिक्षालय स्थापना गरी सञ्चालन गरिरहेको छ । यस शिक्षालयबाट बजारको मागमा आधारित विषय (Trade) र कार्यक्रमहरूमा शिक्षण तथा प्रशिक्षणको कार्य भइरहेको छ । महानगरपालिका मातहतका ५ वटा सामुदायिक विद्यालयहरूमा माध्यमिक तहमा

प्राविधिक धारका विषयहरूको पठनपाठन सञ्चालन गरिरहेको छ । केही निजी प्राविधिक शिक्षालयहरू पनि दक्ष जनशक्ति उत्पादनका क्षेत्रमा काम गरिरहेका छन् ।

## २.६ सामाजिक क्षेत्र

### २.६.१ जनस्वास्थ्य तथा पोषण

मुलुकमा सङ्घीयता स्थापना पश्चात् सामाजिक क्षेत्रमा काम गर्ने साबिकका जनस्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित निकायहरूको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ । पोखरा महानगरपालिकामा स्वास्थ्य महाशाखा अन्तर्गत ४ शाखाहरू (स्वास्थ्य सेवा तथा रोग नियन्त्रण शाखा, परिवार कल्याण शाखा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा र स्वास्थ्य प्रवर्द्धन तथा नियमन शाखा) मार्फत जनस्वास्थ्य तथा पोषण सेवाको व्यवस्थापन हुँदै आएको छ । महानगरपालिकालाई हस्तान्तरण भई आएका सबै स्वास्थ्य संस्था तथा त्यहाँबाट प्रवाह हुने सेवाहरूको व्यवस्थापन गर्दै आएको छ । महानगरपालिका अन्तर्गत प्रवाह हुने आधारभूत स्वास्थ्य सेवाका विषयमा नीति नियम तर्जुमा गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने, कार्यविधि र मापदण्ड निर्माणको जिम्मेवारी महाशाखामै रहेको छ । पोखरा महानगरपालिका भित्र सरकारी तथा निजी क्षेत्रका गरी ५१५ वटा स्वास्थ्य संस्था रहेका छन् ।

*तालिका १०: पोखरा महानगरपालिकामा सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरु*

| स्वास्थ्य संस्था | महानगरपालिका | अन्य सरकारी | निजी |
|---|---|---|---|
| अस्पताल (शिक्षण अस्पताल सहित) | १ | ४ | २८ |
| शिक्षण अस्पताल | - | १ | २ |
| शहरी स्वास्थ्य प्रवर्धन केन्द्र | १ | – | - |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र | २ | – | - |
| शहरी स्वास्थ्य केन्द्र | २३ | – | - |
| स्वास्थ्य चौकी | १९ | – | - |
| क्लिनिक तथा पोलिक्लिनिक | – | – | ७२ |
| औषधी पसल(फार्मेशी) | – | – | ३५३ |
| आयुर्वेद औषधालय | ३ | – | - |
| शिशु प्रजनन् केन्द्र भएका स्वास्थ्य चौकी | ६ | – | - |
| जम्मा | ५५ | ५ | ४५५ |

महानगरपालिका अन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधि तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन, नियमन तथा सूचना व्यवस्थापन कार्य स्वास्थ्य महाशाखाले गर्ने गरेको छ । यसका अतिरिक्त महानगरपालिका क्षेत्रमा सञ्चालित सबै किसिमका स्वास्थ्य संस्थाहरूको अनुगमन तथा मूल्याङ्कनका साथै निजी क्षेत्रका संस्थाहरूको स्थापना तथा सञ्चालन अनुमति दिने र सेवाको गुणस्तर अनुगमन गर्ने जिम्मेवारी पनि स्वास्थ्य महाशाखालाई रहेको छ ।

महानगरपालिका अन्तर्गत सहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, आयुर्वेद औषधालय र अस्पताल गरी कुल ४८ संस्थामा २९५ जना कर्मचारीहरू कार्यरत छन् । महानगरपालिका अन्तर्गत सञ्चालित सहरी स्वास्थ्य केन्द्रदेखि शिशुवा अस्पताल सम्मका सबै स्वास्थ्य संस्थाले नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड २०७५ को व्यवस्था अनुसार निर्दिष्ट सेवा प्रवाह गरिरहेका छन् ।

पोखरा महानगरपालिकामा कार्यरत ६५६ महिला स्वास्थ्य स्वयंसेविकाहरूबाट जनस्वास्थ्यसँग सम्बन्धित विभिन्न कामलाई थप प्रभावकारी बनाउन, समुदायलाई स्वास्थ्य संस्थासँग जोड्न, मातृ शिशु सेवाका लागि स्वास्थ्य संस्थाहरूमा सिफारिस गर्न र प्रतिवेदन तयार पार्ने कार्य भइरहेको छ । महिला स्वास्थ्य स्वयंसेविकाहरूले परिवार नियोजनका अस्थायी साधन तथा गर्भवती र स्तनपान गराउने महिलाका लागि आइरन चक्की वितरणमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। महानगरपालिकाको सहयोग तथा व्यवस्थापनमा ६ वटा एम्बुलेन्स सञ्चालित छन् । स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य शिविर नियमित सञ्चालन भइरहेको छ ।

### २.६.२ शैक्षिक अवस्था

विक्रम संवत् १९५८ सालमा विन्ध्यवासिनी मन्दिर परिसरमा भाषा पाठशालाको स्थापना सँगै आधुनिक शिक्षाको सुरुवात भएको पोखरा महानगरपालिकामा हाल २०३ सामुदायिक विद्यालय र मन्टेश्वरी सहित २५० संस्थागत विद्यालय रहेका छन् । साथै पोखराम गुरुकुल ७ वटा, गुम्बा ३ वटा र मदरसा २ गरी १२ वटा धार्मिक विद्यालयहरू सञ्चालित छन् ।

पोखरामा विश्वविद्यालय २ वटा, सरकारी क्याम्पस ५ वटा र निजी क्याम्पस १२ वटा सञ्चालित छन् । यसै गरी पोखरा महानगरपालिकामा विभिन्न विधाका प्राविधिक शिक्षालयहरू ८ वटा छन् । खुल्ला विद्यालय २ वटा र सामुदायिक सिकाई केन्द्र १८ वटा रहेका छन् । प्राचिनकाल देखी नै शैक्षिक केन्द्रको रूपमा रहँदै आएको पोखरा महानगरपालिका क्षेत्रको बाहुल्यता रहेको कास्की जिल्ला केही वर्ष अघि नै पूर्ण साक्षर जिल्लाको रूपमा घोषणा भइसकेको छ ।

तालिका ११: पोखरामा सञ्चालित विद्यालय र विद्यार्थी संख्या

| तह | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| पूर्व प्राथमिक तह | ४७९५ | १४३४५ | १९१४० |
| कक्षा १ देखी ५ | १४६५७ | ३०३१५ | ४४९७२ |
| कक्षा ६ देखी ८ | १२११५ | १७५८७ | २९७०२ |
| कक्षा ९ देखी १० | ८२३१ | ९९६० | १८१९१ |
| कक्षा ११ देखी १२ | ४७९४ | ४३६९ | ९१६३ |
| जम्मा विध्यार्थी संख्या | ४४५९२ | ७६५७६ | १२११६८ |

पोखरा महानगरपालिकाका सामुदायिक विद्यालयहरूमा कुल १९६७ शिक्षक र ४४५९२ विद्यार्थी रहेको तथ्याङ्कबाट देखिन्छ। पोखरामा हाल सामुदायिक विद्यालयमा प्रति शिक्षक करिब २३ विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समेत हिसाब गर्दा कूल विद्यार्थी सङ्ख्या १ लाख २१ हजार १ सय ६८ रहेको छ ।

सामुदायिक र संस्थागत विद्यालयहरूको तुलना गर्दा सामुदायिक विद्यालय तर्फको सिकाइ उपलब्धि केही न्यून रहेको तथ्याङ्कले देखाएको छ । विद्यालय शिक्षा परीक्षाको औसत प्राप्ताङ्क संस्थागत विद्यालयको २.८४ हुँदा सामुदायिक विद्यालयका विद्यार्थीको भने २.२३ मात्र रहेको देखिन्छ ।

तालिका १२: सामुदायिक र संस्थागत विद्यालयको सिकाइ उपलब्धी **(जिपिए)**

| **कक्षा** | **सामुदायिक विद्यालय** | | **संस्थागत विद्यालय** | |
|---|---|---|---|---|
| | **कुल सम्मिलित विद्यार्थी संख्या** | **औषत अंक (जिपिए)** | **कुल सम्मिलित विद्यार्थी संख्या** | **औषत अंक (जिपिए)** |
| कक्षा १० (एस.इ.इ) | ३६६६ | २.२३ | ५७१४ | २.८४ |
| कक्षा आठ | ३७२४ | २.५३ | ५८८८ | ३.१६ |
| कक्षा पाँच | २७४० | ६८.९१% | - | - |

### २.६.३ कला भाषा तथा संस्कृति

पोखरा नेपालको मौलिक लोक सांस्कृतिको उर्वरभूमि मानिन्छ । पहिले देखि नै ब्राहमण, क्षेत्री, नेवार, गुरूङ्, मगर गन्धर्व जातीहरूको बाहुल्यता रहेको यस क्षेत्रमा बिस्तारै अन्य जातजातिको पनि बसोबास बढ्दै जाँदा हाल पोखरा महानगरपालिकामा करिव ९० जातजाति रहेको तथ्यांक छ । लोक संस्कृति, चाडपर्व र रितिरिवाजका आधारमा अझै पनि गुरूङ्, मगर, नेवार तथा गन्धर्व जनजातिसँग सम्बन्धित

गीत संगीत र परम्पराको बाहुल्यता छ । नेपाली मौलिक लोकगित र नाचहरू नेपालभर लोकप्रिय छन् । पोखराको प्राकृतिक सौन्दर्य प्रतिबिम्बित हुने गरी सयौं लोकगीत तथा दोहोरी गीतहरू रचना र प्रकाशन भएका छन् ।

फलस्वरूप पछिल्लो समय पोखराको सङ्गीत उद्योगमा पनि व्यापक विस्तार हुँदै गएको छ। हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको पोखराको वडा नं. १२ र १३ मा मुस्लिम समुदायको समेत पुरानो बस्ती छ । नयाँ गाउँ तथा वैदाम क्षेत्रमा क्रिश्चियन धर्म मान्नेहरू पनि बसोबास गर्दछन् । पोखरा महानगरपालिकामा बसोबास गर्ने बासिन्दाहरूले जनै पूर्णिमा, तीज, दसैं, तिहार, ल्होसार, माघे सङ्क्रान्ति, शिवरात्रि, फागु पूर्णिमा, राम नवमी, चण्डी पूर्णिमा इद लगायत चाडपर्व आपसमा मिलेर मनाउँदै आएका छन्।

**ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थल**

सराङ्कोटको पर्यटकिय स्वरूप, अर्मलाकोट (पुरानो घले राजाले राज्य गरेको ठाउँ), धारापानी शिवालय (ढीकुरपोखरी), ठुलीपोखरी (कास्कीकोट), विन्ध्यवासिनी मन्दिर, तालबाराही, भद्रकाली,बौद्ध गुम्बा, शान्ति स्तुपा, कास्कीकोट, कालिका गुठी, कुलमण्डन शाह दरवार, पातले छागो, महेन्द्रगुफा, भलामको हरिहर गुफा, आर्वाविजयको महाप्रभुधाम, रतनपाण्डे मन्दिर, सार्दीखोलाको नुनिलो तातोपानी, पुरून्चौरको ताम्केल देउराली, गुसेश्वर महादेव (छोरेपाटन) आदि ।

बौद्ध धर्म मान्नेहरूले बुद्ध जयन्ती र ल्होसार र मुस्लिम समुदायले बकर इद र इसाई समुदायले क्रिसमसलाई मुख्य चाडका रूपमा मनाउने गर्दछन्। स्थानीय समुदायको आ-आफ्नो परम्परागत नाच वा जात्रा गरी पर्व मनाउने परम्परा छ। बिषेशगरी ब्राह्मण, क्षेत्रीमा भजनकिर्तन, बालन, नेवारको लाखे नाच, बाह्र भैरव, गाईजात्रा र मगर एवं गुरूङ् समुदायमा चुट्का, कौरा र सोरठी नाच प्रचलनमा छन् । यस्ता विविध कला, संस्कृति र मौलिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले पोखरा महानगरपालिकाबाट स्थापित पोखरा प्रज्ञा प्रतिष्ठानले यस क्षेत्रको भाषा मौलिक कला संस्कृति विकास संरक्षण तथा प्रवर्द्धन गर्न विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

**चाडपर्व, जात्रा तथा मेला**

दशैं, तिहार, तिज, रक्षाबन्धन, कृष्णाष्टमी, श्रीपन्चमी, साउने संक्रान्ती, माघे सक्रान्ती, मातातिर्थ औशी, हरिशयनी एकादशी, हरिबोधनी एकादशी, महाशिवरात्री, फागु पुर्णिमा, कुशे औंशी, नागपन्चमी, नयाँ वर्ष, पन्ध्र पुस, ल्होसार, गाईजात्रा, ईद आदि ।

स्थानीय गुरूङ्, मगर, नेवार तथा अन्य जातजातिका आफ्ना मौलिक भाषा घरायसी कामकाज र आपसमा कुराकानी गर्दा प्रयोग हुदैं आएको छ । स्थानीय परम्परागत भाषाहरूको संरक्षण तथा संवर्द्धन गर्न पोखरा

महानगरपालिकाले स्थानीय भाषामा पाठ्यक्रम बनाई आधारभूत तहमा पठनपाठन गराउने उद्देश्यले केही भाषामा स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन सुरु गरेको छ ।

### २.६.४ युवा तथा खेलकुद

पोखरा महानगरपालिकाको जनसङ्ख्याको संरचनालाई हेर्दा पोखरा महानगरपालिका अहिले उच्च जनसाङ्ख्यिक लाभको अवस्थामा छ ।महानगरपालिकामा आर्थिक रूपमा सक्रिय मानिने १५ देखी ६९ वर्ष उमेर समूहको जनसङ्ख्या अनुपात ७३ प्रतिशत र आयआर्जनका हिसाबले उत्पादनशील १५ देखि ४९ वर्ष उमेर समूहका युवाको अनुपात ५९ प्रतिशत छ ।

खेलकुदको दृष्टिले समेत पोखरालाई प्रमुख केन्द्र मानिन्छ । महानगरपालिकाले सूचना तथा सञ्चार प्रविधि र युवा जनशक्तिलाई तुलनात्मक लाभको सम्भाव्य क्षेत्रका रूपमा पहिचान गरेको छ । फुटबल, भलिबल, क्रिकेट जस्ता खेलमा यहाँ उत्पादित खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सफलता हासिल गरिरहेका छन् ।पर्यटन उद्योगसँग सम्बन्धित हिमाल आरोहण, प्याराग्लाइडिङ, क्यानोईङ, साइक्लिङ जस्ता साहसिक खेलकुदमा त पोखराको विशिष्ट पहिचान छ। यहाँबाट उत्पादित खेलाडीहरू नेपालमा मात्र नभएर विश्व खेल क्षेत्रमा समेत दक्षता देखाउन सफल भएका छन् । पोखरामा यस अघि विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न खेलकुद कार्यक्रम सफलताका साथ सम्पन्न भएका छन् ।

युवा तथा खेलकुद क्षेत्रमा विगतको सफलता अनुसार र भावी सम्भावनाका आधारमा आवश्यक पूर्वाधार निर्माण, सङ्गठनात्मक तथा संरचनात्मक सुधार हुँदै आएको छ ।पोखरामा महानगरपालिकास्तरिय युवा परिषद् गठन गरिएको छ। पोखरा रङ्गशालालाई स्तरोन्नति गरी अन्तर्राष्ट्रिय स्तरको बनाइएको छ। अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रङ्गशाला र हाई अल्टिच्युड खेल मैदान निर्माणको चरणमा छ।

विद्यमान युवा जनशक्तिलाई सूचना प्रविधि (आइसिटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स—एआई) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गर्ने अवसर महानगरपालिकासँग रहेको देखिन्छ । तसर्थ महानगरपालिकाले पोखरा सहरलाई सृजनशील, स्मार्ट र समुन्नत सहरका रूपमा विकास गर्न युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलता र व्यावसायिक खेलकुदप्रति प्रोत्साहित गर्दै लग्ने महानगरपालिकाको रणनीति छ ।

### २.६.५ महिला बालबालिका तथा ज्येष्ठ नागरिक

नेपालको संविधानले महिला तथा सबै अल्पसङ्ख्यक समुदायहरूको आधारभूत अधिकारको सुनिश्चित गर्दै लैङ्गिक जातिगत विभेद र छुवाछुतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ अनुसार सङ्घ प्रदेश र स्थानीय तहको अधिकारको बाँडफाँडमा ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन स्थानीय तहको कार्य जिम्मेवारीमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धित कार्य जिम्मेवारी पनि स्थानीय तहमा नै देखिन्छ । पोखरा महानगरपालिकाले सामाजिक क्षेत्रको विकासलाई ध्यान दिँदै महिला बालबालिका तथा ज्येष्ठ नागरिकको हितको लागि छुट्टै संरचनागत व्यवस्था गरी प्राथमिकतापूर्वक विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

यस क्षेत्र अन्तर्गत ६५ वर्षदेखि माथिको ७ प्रतिशत, ५ वर्षभन्दा मुनीको ६ प्रतिशत तथा अपाङ्गता भएको करिब २ प्रतिशत गरी महानगरपालिकाकाको कूल जनसङ्ख्या मध्ये झन्डै १५ प्रतिशत यस समूहका सबै नागरिकलाई विभिन्न प्रकारका सेवाप्रबाह तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ । अन्य स्थानीय तहबाट पोखरा आएर विभिन्न हिंसा तथा अन्य समस्यामा परेका सहयोगापेक्षी महिला, बालबालिका र ज्येष्ठ नागरिकको व्यवस्थापन पनि पोखरा महानगरपालिकाले नै गर्दै आएको छ ।

*चित्र १५ : वृहत उमेर समूहगत महानगरको जनसंख्या*




पोखरा महानगरपालिका सामाजिक महाशाखा मार्फत सञ्चालन हुने महिला बालबालिका तथा जेष्ठनागरिक सम्बन्धी कार्यक्रमहरूमा ज्येष्ठ नागरिक सेवा केन्द्र, महिला तथा लक्षित समूहका सञ्जाल गठन तथा व्यवस्थापन, बाल क्लबहरू गठन तथा व्यवस्थापन र महिला, बालबालिका तथा अपाङ्गता भएका नागरिकको सशक्तीकरणका साथै उनीहरूको हकहित संरक्षण लगायत कार्यक्रमहरू पर्दछन् ।

घरेलु तथा लैङ्गिक हिंसा न्यूनीकरण, पीडितको उद्धार तथा पुनर्स्थापना, न्यायिक सहयोग तथा पारिवारिक पुनर्मिलनका कार्यहरू पनि हुँदै आएका छन् । नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय

लैङ्गिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, लगायतका राष्ट्रिय नीति तथा कानुनहरूको मार्गदर्शन अनुसार लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा पोखरा महानगरपालिकामा निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा छन् ।

### २.६.६ सामाजिक न्याय र समावेशीकरण

नेपालको संविधानको धारा ४२ ले सामाजिक रूपले पछाडि परेका तथा पछाडि पारिएका दलित महिला जनजाति लगायतको समुदायलाई समावेशी सिद्धान्त र सामाजिक न्यायको आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक सुनिश्चित गरेको छ । संविधानको धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, दलित र पिछडिएको वर्ग लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य २०३० को लक्ष्य नम्बर ५ ले लैङ्गिक समानता र लक्ष्य नम्बर १६ ले दिगो विकासको लागि शान्तिपूर्ण तथा समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जबाफदेही र समावेशी समाज स्थापित गर्ने उल्लेख गरेको छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानुन अन्तर्गत महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासम्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसै गरी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को सङ्कल्प प्रस्ताव नम्बर १३२५ र १८२० ले सशस्त्र द्धन्दको समय र द्धन्द पश्चात् हुने यौनजन्य हिंसा विरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको विषय सुनिश्चित गरेको छ । बालअधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन सुनिश्चित गरेको छ ।

पोखरा महानगरपालिकाले नेपालको संविधान, सङ्घीय कानुन, रणनीति र कार्यनीति, नेपाल पक्ष राष्ट्र भएर प्रतिबद्धता जाहेर गरेका विभिन्न अन्तर्राष्ट्रिय सम्धी तथा संयुक्त राष्ट्र सङ्घका सिद्धान्तहरूको पूर्ण पालना गर्दै सामाजिक न्याय र समावेशीकरणका विषयमा निर्दिष्ट कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

तालिका १३: सामाजिक न्याय र समावेशिकरण सम्वन्धित प्रमुख परिसूचकहरु

| प्रमुख परिसूचक | संख्या |
|---|---|
| महानरपालिका स्तरीय बालमंच | १ |
| वडास्तरीय बालमञ्च | ३३ |
| महानगरपालिका भित्र रहेका बालगृहहरू | २३ |

| प्रमुख परिसूचक | संख्या |
|---|---|
| अपाङ्गता परिचय पत्र वितरण | १७०७ (पुरुष ६४४ र महिला १०६३) |
| महानगरपालिकास्तरीय अपाङ्गता संजाल | १ |
| महानगर भित्र अपाङ्गताको क्षेत्रमा क्रियाशिल संस्था | २५ |
| महानगरपालिका भित्र रहेका वृद्धाश्रम | ६ |
| महानगरपालिकामा सूचिकृत गैर सरकारी संस्था | १११ |
| उपप्रमुखसँग महिला कार्यक्रम अन्तरगत सम्पन्न कुल कानुनी सचेतना र शैक्षिक सहजता कार्यक्रम | ४३ |
| लक्षित कार्यक्रमहरू | २७ |

### २.६.७ लक्षित कार्यक्रमहरू

महानगरपालिकाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत र हिंसा पीडित नागरिकहरू समेतलाई लक्षित गरी विभिन्न २७ प्रकारका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरीतिको अन्त्य गर्दै बाल हिंसा, लैङ्गिक हिंसामुक्त सहर बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने सिलसिलामा विभिन्न ४० भन्दा बढी सङ्घसंस्थाहरू सँग सहकार्य भइरहेको छ ।

लक्षित वर्गका महिलाहरूको आर्थिक सशक्तीकरणका लागि **"उपमेयरसँग महिला कार्यक्रम"** सञ्चालित छ । यस कार्यक्रमबाट हालसम्म ५९० जना (एकल महिला, दलित, जनजाति, मुस्लिम, द्धन्द्धपिडित, सीमान्तकृत कृषक लगायतका) महिलाहरूलाई रु.११ करोड ५५ लाख सहुलियत दरको ब्याजमा ऋण उपलब्ध गराइएको छ । चक्रीय कोषका रूपमा छुट्टै कोषबाट परिचालित यस कार्यक्रमबाट महिलाहरूको आर्थिक स्थितिमा सकारात्मक परिवर्तनका सङ्केत देखिएका छन् ।

*तालिका १४: उपप्रमुखसँग महिला कार्यक्रम अन्तरगतको लगानी विवरण*

| आर्थिक वर्ष | ऋणी संख्या | लगानी भएको रकम (रु लाखमा) |
|---|---|---|
| २०७५/७६ | ६७ | १८८.४८ |
| २०७६/७७ | ७१ | १३९.०० |
| २०७७/७८ | १३१ | २९५.०० |
| २०७८/७९ | १६२ | २५२.७५ |
| २०७९/८० | १५९ | २८०.५० |

| आर्थिक वर्ष | ऋणी संख्या | लगानी भएको रकम (रु लाखमा) |
|---|---|---|
| **जम्मा** | **५९०** | **११५५.७३** |

पोखरा महानगरपालिकालाई क्रमशः लैङ्गिक हिंसामुक्त सहरको रूपमा रूपान्तरण गर्न लैङ्गिक हिंसाविरुद्धको अभियानका लागि प्रत्येक वडामा "लैङ्गिक हिंसाविरुद्ध पुरुषको ऐक्यबद्धता" कार्यक्रम सञ्चालन भइरहेको छ। बालबालिकाहरूको संरक्षण, विकास तथा विकास प्रक्रियामा सहभागिता अभिवृद्धिमा पैरवी, पहुँच र क्षमता विकासका लागि सबै वडामा "वडा स्तरीय बाल मञ्च" गठन भएका छन्। असक्त, असहाय र कोही नभएका केही नभएका सडक बालबालिकाको उचित व्यवस्थापनका लागि ४२ वटा बालगृह क्रियाशील रहेका छन्। कोही नभएका केही नभएका असहाय तथा सडक मानवहरूको मानवोचित व्यवस्थापनका लागि मानव सेवा आश्रम लगायत विभिन्न सामाजिक संघसंस्थाहरूलाई महानगरपालिकाबाट सहयोग भईरहेकोछ ।

अपाङ्गता भएका व्यक्तिको हकहित सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपाङ्गता वडा सञ्जाल गठनका लागि प्रक्रिया अघि बढिरहेको छ । ज्येष्ठ नागरिकको सम्मानका लागि प्रत्येक वर्ष ज्येष्ठ नागरिक दिवस मनाई नगर माता र नगर पिता घोषणा लगायतका कार्यक्रम सञ्चालन भइरहेको । सुरक्षित आप्रवासन कार्यक्रम मार्फत सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन र वैदेशिक रोजगारीबाट फर्केकाका लागि वित्तीय साक्षरता कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढाइएको छ ।

अपाङ्गता भएका नागरिकहरूको दैनिक जीवनयापनमा सहजिकरणका लागि सहायता सामग्री वितरण गर्दै आएको छ । जाडो मौसममा न्यानो कपडाबाट विमुख व्यक्तिहरूका लागि गैर सरकारी संस्थाहरूको सहकार्य र वडा कार्यालयको समन्वयमा क्लोथ बैङ्कको स्थापना तथा सञ्चालन गरिएको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरूलाई पोषण भत्ता बापत स्थानीय श्रोतबाट मासिक रु.२०० प्रदान गर्दै आएको छ ।

विगत आर्थिक वर्ष देखि गत वर्ष सम्म देहाय बमोजिम कानुनी सचेतना तथा छात्रवृत्ति प्रदान कार्यक्रम समेत सम्पन्न भएको छ ।

| कार्यक्रम | आर्थिक वर्ष | संख्या | रकम रू | जम्मा रकम रू |
|---|---|---|---|---|
| कानूनी सचेतना कार्यक्रम | २०७५/०७६-२०७९/०८० | ४३ | ७५०००।- | ३२२५०००। |
| गण्डकी बहुप्राविधिक शिक्षालयमा छात्रबृत्ति प्रदान | २०७८/०७९-२०७९/०८० | २ जना | ६५०००।- | २६००००। |

## २.७ भौतिक पुर्वाधार

### २.७.१ शहरी विकास

क्षेत्रफलका हिसाबले पोखरा महानगरपालिका देशकै सबैभन्दा ठुलो महानगरपालिका हो। कुल मण्डन शाह कास्कीका राजा भएको बेला विसं १६३७ तिर पहाडी र अधिकारी थर भएका ब्राह्मणहरूलाई बैदाममा बसोबास गराएको तथा माटेपानी, मझेरी पाटन र चाउथेमा नुवाकोटबाट कार्की थरका क्षेत्रीहरू ल्याएर बसोबास गराइएको भन्ने इतिहासमा उल्लेख छ । पछि विसं १८०९ मा कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहले व्यापार व्यवसाय सञ्चालन गरी पोखरालाई सहरको रूपमा विकास गर्नका लागि काठमाडौं उपत्यकाको नेवार समुदायबाट व्यापारी, शिल्पी र कालिगडहरू ल्याएर अहिलेको रामकृष्ण टोल, गणेश टोल, नालाकोमुख, भीमसेन टोल, भैरव टोल, मोहरिया टोल, तेर्सापट्टिमा बस्ती बसाएको भन्ने भनाई छ ।

> महानगरपालिकाबाट अनुमति लिएका हाउजिङ्ग तथा अपार्टमेण्ट परियोजना १४ मध्ये २०७९/८० मा सम्पन्न परियोजना ४, जग्गा एकिकरणका परियोजना नभएको र जग्गा प्लटिङ्ग अनुमतिको विवरण महानगरमा नरहेको ।

पोखराको आधुनिक सहरीकरणको श्रेय वि.सं २०३१ सालको पोखरा भौतिक विकास योजनालाई जान्छ। उक्त योजनाले पोखरा उपत्यकालाई विभिन्न क्षेत्रमा वर्गीकरण गरेर सोही अनुरूप भौतिक पूर्वाधार विकासको प्रयास भएको देखिन्छ। हालको सभागृह चोक देखि चिप्लेढुंगा न्यूरोड,सभगृहचोक देखि हल्लन चोक बैदाम सडक लगायतका क्षेत्रहरू सोही योजनाको परिकल्पना अनुरूप विकास भएका हुन ।

पोखरा महानगरपालिका नेपालकै तीव्र रूपमा सहरीकरण भइरहेको स्थानीय तहमध्ये एक हो। सडक सञ्जालको विस्तार, जग्गाको खण्डीकरण, कृषियोग्य भूमि घट्ने र भवनले ओगटेको क्षेत्र पोखरा महानगरपालिकाको उत्तर पश्चिमबाट दक्षिण पूर्व हुँदै एक ध्रुवीय रूपमा तीव्र दरमा विस्तार भएको छ। महानगरपालिकाले बस्ती विकास तथा भवन निर्माण मापदण्ड मार्फत यहाँको मुख्य व्यापारिक केन्द्रका साथै अन्य भू-उपयोग व्यवस्थित गर्ने प्रयास गरेको छ । २०७२ सालको विनाशकारी भूकम्पपछि नेपाल सरकारले नयाँ भवन संहिता र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याए पछि महानगरपालिकाले पनि भवन निर्माण मापदण्ड र नियमावली संशोधन गरी कार्यान्वयन गर्दै आएको छ ।

तिव्र सहरीकरण सँगै महानगरपालिकाको भवन तथा संरचनाले ओगटेको क्षेत्र विक्रम संवत् २०४५ मा करिब ३ प्रतिशत रहेकोमा अहिलेसम्म गुणाले बढेर ९ प्रतिशत पुगेको छ। पोखरामा वार्षिक ५.३३ प्रतिशतका दरले सहरीकरण विस्तार भइरहेको देखिन्छ । फलस्वरुप, २०६८ मा ९५० रहेको प्रति वर्ग किलोमिटरमा बसोबास गर्ने जनसङ्ख्या वा जनघनत्व २०७८ सम्ममा ११०६ पुगेको छ । पछिल्लो तथ्याङ्क अनुसार पोखरा महानगरपालिकाको करिब आधा जनसङ्ख्या कुल क्षेत्रफलको करिब १० प्रतिशत क्षेत्रमा र बाँकी ५० प्रतिशत जनसङ्ख्या ९० प्रतिशत क्षेत्रफलमा बसोबास गरिरहेको अवस्था छ ।

*चित्र १६ : नयाँ घर निर्माण अनुमति र निर्माण सम्पन्नताको अवस्था*




राष्ट्रिय जनगणना २०७८ अनुसार पोखरा महानगरपालिकामा ५८ प्रतिशत नागरिकको आफ्नै घर छ, भने ३९ प्रतिशत भाडाको घरमा बस्छन् । पोखरा महानगरपालिकामा एक वर्षमै ५ हजारसम्म नयाँ घर निर्माण अनुमति प्रदान भएको तथ्याङ्क भए पनि पछिल्ला वर्षहरूमा घर निर्माणमा केही कमी आएको छ । यस महानगरपालिकामा करिब ९० प्रतिशतले भवन निर्माण मापदण्डअनुरूप नक्सा बनाइ घर बनाउने अनुमति लिएको देखिन्छ । मुख्य सहरी तथा शहरोन्मुख क्षेत्रमा सिमेन्ट तथा कङ्क्रिटबाट निर्मित घरहरूको बाहुल्यता छ भने ग्रामीण क्षेत्रहरूमा ढुङ्गा-माटोका घर निर्माणको प्रचलन कायमै रहेको छ ।

## २.७.२ सडक यातायात तथा पुल

पोखरा महानगरपालिका क्षेत्रभित्र हालसम्म करिब दुई हजार किलोमिटर लामो सडक सञ्जाल रहेको छ । जसमध्ये करिब १६ सय किमी सडकमा सार्वजनिक यातायात सञ्चालन भइरहेको छ । साबिकको उपमहानगरपालिकाबाट महानगरपालिकामा रूपान्तरित हुँदा थप भएका नयाँ वडाहरूलाई पोखराको मुख्य व्यापारिक केन्द्रसँग सडक सञ्जालले जोड्ने अभियान अन्तर्गत सबै वडाहरूमा सडक पहुँच पुगेको छ । ग्रामीण क्षेत्रका केही वडाहरूका केही स्थानमा कच्ची सडक र मौसमी यातायात सेवामा निर्भर रहनुपर्ने अवस्था कायमै छ । तसर्थ, महानगरपालिकाको मुख्य व्यापारिक केन्द्र तथा

ग्रामीण वडाबिच दिगो यातायात सेवा सञ्चालनका लागि गुणस्तरीय सडकको विकासलाई प्राथमिकता दिइएको छ ।

तालिका १५: सडक यातयात तथा पुल सम्वन्धित प्रमुख परिसूचकहरु

| सडक तथा पुलको विवरण | इकाई | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| प्रति वर्ग किमि क्षेत्रफलमा सडक घनत्व | कि.मि | ३.१ | ३.६ |
| कंक्रिट सडक | कि.मि | १२२ | १३१ |
| कालो पत्रे सडक | कि.मि | ८०० | ८३६ |
| ग्राभेल सडक | कि.मि | १५५ | १६५ |
| मिश्रित सडक | कि.मि | १६ | २० |
| राष्ट्रीय राजमार्ग | कि.मि | ७० | ७० |
| धुले सडक | कि.मि | ५०० | ४५० |
| **कुल सडक लम्वाई** | **कि.मि** | **१६६३** | **१७४०** |
| आवश्यक पुल तथा कल्भर्ट | संख्या | | *२२८* |
| महानगरपालिका अन्तर्गतका मोटरेबल पुल | संख्या | *१५( ६ निर्माण सम्पन्न, ९ निर्माणाधिन)* | |

सहरी क्षेत्र र आसपासका क्षेत्रहरूमा सार्वजनिक यातायात सेवाको अवस्था सुधारोन्मुख छ । सार्वजनिक यातायात सेवालाई अझ बढी विश्वसनीय र व्यवस्थित बनाउन सुविधा सम्पन्न आधुनिक बसपार्क तथा पर्याप्त पार्किङको व्यवस्थापनमा महानगरपालिकाको ध्यान केन्द्रित भएको छ । त्यसैगरी यात्रु प्रतीक्षालय, ट्राफिक सङ्केत व्यवस्थापन र सडक स्तरोन्नतिको कार्यहरू नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार सहित अन्य साझेदारसँगको सहकार्यमा अगाडी बढिरहेको छ ।

राज्यको पुनः संरचनामा साबिक लेखनाथ नगरपालिका र तत्कालीन अन्य गाउँ विकास समितिहरू समेत समावेश गरी बनेको हालको पोखरा महानगरपालिकाको प्राथमिकता पछि थपिएका क्षेत्र तथा वडाहरूलाई पोखराको मुख्य व्यापारिक केन्द्रसँग दिगो सडक सञ्जालले जोड्नु रहेको छ । भौगोलिक र विकासका दृष्टिकोणले विविधतापूर्ण महानगरपालिकाका ग्रामीण वडाहरूको पूर्वाधार विकासमा सन्तुलन कायम गर्न सुरु गरिएका कनेक्टिङ सडकहरूलाई प्राथमिकतामा राखेर काम भइरहेकोछ । कनेक्टिङ सडक सञ्जालको विकास ग्रामीण वडाहरूमा सहज सार्वजनिक यातायातको सेवा विस्तारका साथै ग्रेटर पोखराको अवधारणा साकार पार्नमा समेत सहयोगी हुने भएकोले त्यस्ता आयोजनालाई प्राथमिकतामा राखिएको देखिन्छ ।

तालिका १६: पोखरा महानगरपालिकामा सडक सञ्जालको विकास र प्रवृत्ति

| सडकको प्रकार | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | कुल |
|---|---|---|---|---|---|---|
| कालोपत्रे र ढलान (राष्ट्रिय राजमार्ग सहित) | ८००.३८ | १३.०७ | ४५.९ | ३२.३ | ७५ | ९६६.७ |
| ग्राभेल तथा कच्ची | ६९५.४२ | १७.०८ | १८.२ | २४.६ | १३ | ७६८.३ |
| जम्मा | १४९५.८ | ३०.१५ | ६४.१ | ५६.९ | ८८ | १७३५ |

पोखरा महानगरपालिकामा भौतिक पूर्वाधार सुदृढीकरणका लागि आवश्यक पर्ने सडक, पुल तथा कल्भर्टको अध्ययन गर्दा कुल २२८ वटा थप सडक पुल तथा कल्भर्ट निर्माण गर्नुपर्ने देखिएको छ। त्यसमा ४० मिटरसम्म स्पानका लामा पुलहरू क्रमशः महानगरपालिकाले निर्माण र सञ्चालन गर्दै लैजाने र ४० मिटर भन्दा माथिको लम्बाई हुने पुलहरू प्रदेश तथा नेपाल सरकार सँगको साझेदारीमा निर्माण गर्ने नीति लिइएको छ । अहिले महानगरपालिकामा ५० वटा सडक पुलहरू रहेको, गत आर्थिक वर्षमा ६ वटा नयाँ निर्माण सम्पन्न भएको तथा ९ वटा पुलहरू निर्माणको चरणमा रहेका छन् । यसबाहेक महानगरपालिकाले विभिन्न झोलुङ्गे पुलहरूमा समेत लगानी गर्दै आएको छ ।

### २.७.३ सिँचाइ तथा खानेपानी

खेतीयोग्य उर्वर जमिन प्रशस्त रहेको पोखरा महानगरपालिकाभित्र सेती नदी, मर्दी, काली, विजयपुर, खुँदी, फुस्रे, सुरौदी लगायतका खोला र फेवा, बेगनास, रूपालगायतका ताल मार्फत सिँचाइका लागि पानीको आपूर्ति भइरहेको छ । पानीको स्रोत प्रशस्त भएकाले पोखरा महानगरपालिकाको समथर भूभागमा विगत देखि नै सिँचाइको राम्रो प्रबन्ध भएको पाइन्छ । छिमेकी मित्र राष्ट्र चीन सरकारको सहयोगमा आधुनिक सेती नहरको निर्माण भएपछि पहिले सुक्खा रहने सेतीपुर्व तर्फका फाँट र टारहरूमा सहज सिँचाइको पहुँच स्थापना भएको हो । उक्त नहरको उपयोगिता हालसम्म महत्त्वपूर्ण रहेको भए पनि तीव्र सहरीकरणले उक्त नहरले सिञ्चित गर्ने खेतीयोग्य जमिनको क्षेत्रफल खुम्चिनँ गई सिँचाई नहरको उपयोगिता बिस्तारै कम हुँदै गएको छ ।

त्यसैगरी विजयपुर, बेगनास, फेवालगायतका सिँचाइ प्रणालीले पोखराको कृषि क्षेत्रमा उल्लेखनीय योगदान दिँदै आएको छ । समथर भूभाग बाहेक पनि प्राकृतिक खोला नालाको पानीलाई समुचित उपयोग गरेर समुदायमा आधारित सिँचाइ प्रणालीहरूको व्यवस्थापन हुँदै आएको छ । त्यस्ता सिँचाइ प्रणालीमा स्रोत अनुसार सबै क्षेत्रमा बाह्रै महिना नियमित पानीको उपलब्धता नभए पनि समुदायहरूले मौसमी खेतीको व्यवस्थापन गर्दै आएका छन् ।

*चित्र १७ : जनगणनाको तथ्यांक अनुसार खानेपानीका प्रमुख स्रोत*




पोखरा महानगरपालिकाको कुल कृषियोग्य भूमिमध्ये करिब ५९ प्रतिशतमा मात्र बाह्रै महिना सिँचाई सुविधा उपलब्ध छ भने बाँकीमा मौसमी पानीको भर पर्नु पर्ने अवस्था छ । पोखरा महानगरपालिकाको पछिल्लो अध्ययन अनुसार अहिले ५० वटा सिचाई प्रणाली वा नहर तथा कुलोहरू सञ्चालनमा रहेको देखिन्छ । महानगरपालिकाले उपलब्ध सिँचाइ प्रणालीहरूको उचित व्यवस्थापन र दिगो उपयोगमा जोड दिँदै सिँचाइ सुविधा नपुगेका क्षेत्रमा आधुनिक प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास गरी कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि र खाद्य सुरक्षा सुनिश्चितमा सहयोग गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिएको छ ।

तालिका १७: पोखरा महानगरपालिकामा खानेपानी आपूर्तीको अवस्था

| वडा तथा क्षेत्र | खनेपानी आपूर्तीकर्ता संस्था तथा आयोजना |
|---|---|
| १ देखि १७ (सहरी क्षेत्र) | नेपाल खानेपानी संस्थान तथा ट्याङकरबाट आपूर्ती |
| १६, अर्मला | ८०% खानेपानी संस्थानबाट र २०% स्थानीय स्रोतबाट |
| १८, साराङ्गकोट | १५% जति खानेपानी संस्थानबाट, बाँकीमा एक घर एक धारा आयोजना निर्माणाधिन र स्थानीय स्रोतबाट आपूर्ती |
| २६, २७, २८, २९, ३०, ३२ | लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ आयोजना |
| २६, २८ र ३१ | लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ आयोजना |
| ३२ राजाको चौतारा | लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ आयोजना |
| १४, बाच्छेबुडुवा | नेपाल खानेपानी संस्थान तथा केही डिप बोरिङ |
| २१ र ३३ | २०४५ सालमा निर्मित सामुदायिक खानेपानी आयोजना चालु र निर्मल पोखरी भरत पोखरी खानेपानी आयोजना सम्पन्न हुने चरणमा |
| २२ र २३ | खानेपानी तथा ढल व्यवस्थापन विभागको सहयोगमा निर्मित सामुदायिक खानेपानी आयोजना |
| वडा २५, हेम्जा | खानेपानी संस्थान तथा स्थानीय स्रोतको व्यवस्थापन |

| वडा तथा क्षेत्र | खनेपानी आपूर्तीकर्ता संस्था तथा आयोजना |
|---|---|
| वडा २४ कास्की कोट | ढिकुरपोखरी कास्कीकोट साराङ्गकोट खानेपानी आयोजना |
| जापानी सहयोग नियोग जाइकाको सहयोगमा खानेपानी सुधार परियोजना अन्तिम चरणमा (दैनिक ४ करोड १० लाख लिटर पानी प्रशोधन गर्न सक्ने क्षमता) | |

पोखरा महानगरपालिका क्षेत्रमा हाल सम्म खानेपानी आपूर्तिको अवस्था तुलनात्मक रूपमा राम्रो रहेको छ । खाने पानीका मुख्य श्रोतका रूपमा परम्परागत मूल तथा खोलाहरू रहेका छन् । प्रशोधित खानेपानी वितरणका लागि नेपाल खानेपानी संस्थान र लेखनाथ साना सहरी आयोजना मार्फत आवश्यक कार्यहरू भई रहेको । पोखरा महानगरपालिकाका अधिकांश वडाहरूमा एक घर एक धारा कार्यक्रमअनुसार खानेपानी वितरण भइरहेको छ । सो बाहेक समुदायमा आधारित स साना खानेपानी— आयोजनाहरू पनि सञ्चालित छन् । पोखराको प्रमुख सहरी क्षेत्रमा खानेपानीको बढ्दो माग सम्बोधन गर्न र गुणस्तरीय सेवा प्रदान गर्न जापान सरकारको सहयोगमा ४ करोड १० लाख लिटर पानी प्रशोधन क्षमताको बृहद खानेपानी आयोजना सम्पन्न हुने चरणमा छ ।

## २.७.४ विद्युत तथा उर्जा

*चित्र १८: महानगरमा खाना पकाउने ऊर्जाको स्रोत*




नेपालका तीव्र गतिमा विकास भइरहेका सहर मध्येको एक र क्षेत्रफलको हिसाबले सबैभन्दा ठुलो पोखरा महानगरपालिकाले वि.सं. २१०० सम्ममा पोखरालाई कार्बन तटस्थ समुन्नत पर्यटकीय सहर बनाउने दीर्घकालीन सोच तय गरी अगाडि बढेको छ।कार्बन तटस्थताको अवधारणाले मानवीय क्रियाकलापबाट हुने कार्बन डाइअक्साइड उत्सर्जन र कार्बन भण्डारणहरू (बन जङ्गल, जैविक विविधता र जमिन) मा प्रशोधित हुने वायुमण्डलको कार्बनबिच सन्तुलनको अवस्थाको परिकल्पना गर्दछ । सोही अवधारणा बमोजिम पोखरा महानगरपालिकाले महानगरपालिका क्षेत्रभित्र विभिन्न स्रोतहरूबाट हुने कार्बन उत्सर्जनको मूल्याङ्कन गरी सन् २०७९ मा २३९,४२२ टन खुद कार्बन उत्सर्जन भएको अनुमान गरेको छ ।

उक्त तथ्याङ्कलाई आधार मान्दा हरेक वर्ष त्यति नै परिमाणको कार्बन डाइअक्साइड पोखरा क्षेत्रबाट वायुमण्डलमा थपिँदै जाने अनुमान गर्न सकिन्छ । त्यसमध्ये दुई तिहाइ भन्दा बढी कार्बन दाउरा,

पेट्रोल, डिजेल, एलपी ग्यास जस्ता वनस्पति र खनिज ऊर्जाको खपतबाट उत्सर्जन हुने गरेको पाइएको छ । महानगरपालिकाले यसलाई कार्बन तटस्थ पर्यटकीय सहरको दीर्घकालीन लक्ष्य हासिल गर्न ठुलो चुनौतीका रूपमा लिई आफ्ना नीति तथा कार्यक्रमहरू मार्फत कार्बन उत्सर्जन न्यूनीकरण र वातावरण मैत्री बनाउँदै लगेको छ । कार्बन उत्सर्जनका प्रमुख क्षेत्रहरूको पहिचान गरी प्रत्येक क्षेत्रको लागि विस्तृत कार्य योजना तर्जुमा गरी प्राथमिकीकरण सहित कार्यान्वयनमा लगिएको छ । महानगरपालिकामा अहिले पनि खाना पकाउन प्रयोग हुने इन्धनको प्रमुख स्रोत ग्यास तथा दाउरा नै भए पनि बत्ती बाल्नमा भने अधिकांश उपभोक्ताबाट विद्युत् वा सौर्य उर्जा प्रयोग गरी स्वच्छ ऊर्जा प्रयोग हुने गरेको छ ।

### २.७.५ भवन तथा सभा हल

पोखरा महानगरपालिकाको विस्तारित भूगोलसँगै क्षेत्राधिकार र सेवा प्रवाहको जिम्मेवारी समेत थपिएको छ । पोखरा महानगरपालिकाको आफ्नै प्रशासकीय भवन, वडा कार्यालयका भवनहरू, स्वास्थ्य संस्थाहरूका भवन र विद्यालयहरूका भवनको निर्माण, संरक्षण तथा मर्मत सम्भारमा महानगरपालिकाबाट उल्लेखनीय लगानी भई आएको छ । विभिन्न सामुदायिक तथा सङ्घ संस्थाका भवनहरू निर्माण तथा स्तरोन्नतिमा पनि महानगरपालिकाको लगानी हुने गरेको छ । त्यस्ता सामुदायिक भवनहरूको एकीकृत विवरणको लगत सङ्कलनको तयारी भइरहेको छ ।

पोखरा महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय साबिक उपमहानगरपालिका हुँदा प्रयोग भएको न्यूरोड स्थित पुरानो भवनबाट नै सञ्चालित छ भने केही महाशाखाहरू भाडाको भवनमा रहेका छन् । कुल ३३ वडाहरू मध्ये २७ वटा वडा कार्यालय अहिले आफ्नै भवनमा सञ्चालित छन् भने वडा नम्बर १४ को कार्यालय सामुदायिक भवनमा रहेको छ । बाँकी वडाका भवनहरू निर्माण तथा स्तरोन्नतिको चरणमा रहेकोले कार्यालय भाडाका भवनमा सञ्चालित रहेका छन् । महानगरपालिकाले नयाँ निर्माण सम्पन्न गरेका र निर्माणको चरणमा रहेका वडा कार्यालय भवनहरू सहरी विकास तथा भवन निर्माण विभागको मापदण्ड र डिजाइन अनुसार एकरुपता कायम गरेर निर्माण गर्ने गरेकोछ । साबिक लेखनाथ नगरपालिकाको कार्यालय रहेको भवनमा सहरी योजना आयोगको सचिवालय रहेको छ। उक्त भवनमा स्वास्थ्य महाशाखा र मिर्गौला डायलसिस केन्द्र स्थापनाको तयारी भइरहेकोछ ।

पोखरा महानगरपालिका अन्तर्गतका ४८ स्वास्थ्य संस्था तथा २०३ सामुदायिक विद्यालयहरु आफ्नै भवनमा सञ्चालित छन् । अधिकांश स्वास्थ्य संस्था तथा विद्यालयहरू धेरै पहिले निर्मित पुराना भवनहरूमा सञ्चालित ।नयाँ बनेका भवनहरू क्रमशः स्वास्थ्य मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको मापदण्ड तथा डिजाइन अनुसार निर्माण भएका छन् । महानगरपालिकाको शिक्षा महाशाखा वडा नं. ७ ड्यामसाइड स्थित पुरानो अतिथि गृहको भवनमा सञ्चालित छ ।पोखरा

महानगरपालिकाले भवनजन्य सम्पत्तिको उचित संरक्षण र मर्मत सम्भारलाई व्यवस्थित र सहज बनाउन सम्पत्ति व्यवस्थापन प्रणाली -सफ्टवेयर_ निर्माणको तयारी गरी २० वटा विद्यालयका भवनहरूको पाइलटिङ समेत गरेको छ। उक्त अध्ययनको नतिजाको आधारमा क्रमशः अगाडि बढ्ने योजना रहेको छ ।

पोखरा महनगरपालिका वडा नं ८ स्थित सिर्जनाचोकमा महानगरपालिकाको स्वामित्वमा एउटा चार तले व्यावसायिक भवन रहेको छ । त्यसको एक तलामा महानगरपालिकाको सामाजिक विकास महाशाखा सञ्चालनमा छ भने बाँकी भाडामा लगाइएको छ । पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको पोखरा सभागृह पनि महानगरपालिकाले सञ्चालन र व्यवस्थापन गर्दै आएको छ । शहिदचोकको मालपोत कार्यालय अगाडि र अन्य केही स्थानमा महानगरपालिकाको स्वामित्वमा व्यावसायिक सटरहरू भाडामै सञ्चालित छन् ।

### २.७.६ खेल तथा पर्यटन पूर्वाधार

पर्यटकीय राजधानी घोषणाको प्रयासमा रहेको पोखरा महानगरपालिका पहिले देखि नै क्षेत्रीय प्रशासनिक तथा व्यापारिक केन्द्र भएकोले यहाँ उल्लेखनीय सङ्ख्यामा खेलमैदान तथा पर्यटन पूर्वाधारहरू निर्मित छन् । सङ्घीयता पश्चात् कतिपय पूर्वाधारहरू स्थानीय तहको क्षेत्राधिकारमा आएका छन् भने कतिपय नयाँ पूर्वाधारहरू महानगरपालिकाको लगानीमा निर्माण भएका छन् । साथै कतिपय पुराना पूर्वाधारको संरक्षण तथा मर्मत सम्भारमा महानगरपालिकाको लगानी हुने गरेको छ ।

खेलकुद तथा पर्यटन सम्बन्धी भौतिक पूर्वाधारहरूमा खेल मैदान, व्यायाम शाला -खुल्ला तथा इनडोर, पदमार्गहरू, पार्क तथा चौताराहरू, साइकल मार्ग तथा लेन, धार्मिक तथा पुरातात्त्विक सम्पदाहरू -मठमन्दिर, कोट, गुम्बा लगायत_ प्रमुख छन् । यी बाहेक कैयौं खेलकुद तथा पर्यटन सँग सम्बन्धित पूर्वाधारहरूमा महानगरपालिकाको लगानी भई आएको छ । तर, त्यस्ता पूर्वाधार तथा सम्पत्ति कति छन् भन्ने विषयमा यकिन तथ्याङ्क अद्यावधिक गर्न बाँकी रहेकोले महानगरपालिकाले लगत सङ्कलनमा काम गर्ने तयारी गरेको छ ।

## २.८ बन, वातावरण तथा विपद् व्यवस्थापन

### २.८.१ हरियाली, जैविक विविधता र संरक्षित क्षेत्र

विद्यमान भू उपयोगको दृष्टिले पोखरा महानगरपालिकामा हरियाली तथा जैविक विविधता संरक्षणका लागि अनुकूल वातावरण रहेको छ । पछिल्लो तथ्याङ्क अनुसार हरियाली र कृषिमा उपयोग भएको भूमि सबैभन्दा बढी अर्थात् करिब ८५ प्रतिशत रहेको छ । नेपालको सबैभन्दा बढी पानी पर्ने क्षेत्रका रूपमा परिचित पोखरा क्षेत्रको भौगोलिक विविधता, हरियाली तथा जैविक विविधताको उत्कृष्ट संयोजन

रहेको छ । महानगरपालिकाभित्र कुल ३८८ सामुदायिक वन रहेका छन् भने रानीवन, शान्ति वन, हरियो खर्क तथा पञ्चासे क्षेत्र जस्ता संरक्षित वन समेतले पोखराको हरियाली प्रवर्द्धनमा योगदान पुगेको छ । पोखरा महानगरपालिका भित्रका ८ वटा तालहरू विश्व रामसार सूचीमा सूचीकृत भएकोले ती तालहरूको जलाधार क्षेत्रलाई संरक्षित क्षेत्रका रूपमा परिभाषित गरिएको छ ।

जैविक विविधता सम्बन्धमा भएका विभिन्न अध्ययनबाट पोखरा उपत्यकामा रहेका ताल, सिमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरीसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका बोट वृक्ष पाइने उल्लेख गरिएको छ । विश्व शान्ति जैविक विविधता पार्क क्षेत्र भित्र विश्व शान्ति वन संरक्षित वनको रूपमा रहेको छ ।१६४.६७ हेक्टर क्षेत्रफल रहेको फेवातालको दक्षिण पश्चिम पट्टी रहेको यस संरक्षित वन जैविक विविधताले भरिपूर्ण मानिन्छ ।

तालिका १८: पोखरा महानगरपालिकामा सामुदायिक बनको अवस्था

| **कार्यालय** | **सामुदायिक वन** | | **कार्यक्षेत्र** |
|---|---|---|---|
| | **संख्या** | **क्षेत्रफल (हेक्टर)** | |
| पोखरा | १३४ | ३८२६.९ | पोखरा महानगरपालिकापालीका वडा नं.१ देखी १७,१९,२०,२२ |
| लेखनाथ | १३५ | ४०५७.७१ | पोखरा महानगरपालिका वडा नं. २६ देखी ३३ |
| फेवा | ११९ | ३६८७.८३ | पोखरा महानगरपालिका वडा नं. १८ देखी २१, २४ |
| **जम्मा** | **३८८** | **११५७२.४४** | |

स्रोत : डिभिजन बन कार्यालय, कास्की

त्यसैगरी, पोखरा महानगरपालिका वडा नं. ३०,३१ र ३२ का तिन वटा सामुदायिक वनहरूको करिब १५० हेक्टर वन क्षेत्रमा स्थापित पचभैया वन्यजन्तु उद्धार केन्द्रमा २०७२ सालदेखि वन्यजन्तु उद्धार केन्द्र सञ्चालनमा रहेको छ । हाल यस उद्धार केन्द्रमा चितुवा, वनविरालो, नीलगाई, चित्तल, रतुवा, अजिङ्गर लगायतका २० प्रजातिका ६७ वन्यजन्तुहरू रहेका छन् । गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमले यस उद्धार केन्द्रलाई प्रदेश गौरवको आयोजनाको सूचिमा समावेश गरेको छ। यस केन्द्रले घाइते, टुहुरा तथा मानव वन्यजन्तु द्धन्दबाट प्रभावित वन्यजन्तुहरूको व्यवस्थापन गर्दै आएको छ ।

पोखरा महानगरपालिकाले वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छ । वातावरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र वन क्षेत्र संरक्षणको विषयलाई बढ्दो बस्ती विकास तथा सहरीकरण सँग सन्तुलन कायम गर्नु

चुनौतीकै रूपमा रहेको छ । सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि नीतिगत, कानुनी तथा प्रक्रियागत सुधारको प्रयास जारी छ । स्थानीय उपभोक्तालाई वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे जिम्मेवार र सक्षम बनाउन सचेतना र क्षमता वृद्धिका कार्यक्रम मार्फत सहरीकरण र जैविक विविधताको संरक्षणमा तालमेल मिलाउने उद्देश्य रहेको छ । दिगो वन व्यवस्थापन, खुला क्षेत्र संरक्षण तथा पार्क निर्माणको अवधारणामा काम भइरहेको छ ।

तालिका १९: बनको नियमित सम्वर्द्ध र लाभाम्वित घरधुरीको अवस्था

| बन सम्वर्द्धन सम्वन्धी सूचक | फेवा क्षेत्र | लेखनाथ क्षेत्र | पोखरा क्षेत्र |
|---|---|---|---|
| सम्वर्द्धन गरिएको बन क्षेत्र (हेक्टरमा) | ७६४.८९ | ३५६.८९ | ५६०.३४ |
| बन सम्वर्द्धन गर्ने समूह संख्या (प्रतिशतमा) | ७५.६३ | ८७.४ | ५८.२१ |
| लाभान्वित घरधुरी (विपन्न) | ९९९ | १९७८ | १०५० |
| लाभान्वित घरधुरी (अन्य) | ३६७१ | २५०४ | २५५४ |

स्रोत-डिभिजन वन कार्यालय कास्की

### २.८.२ ताल, सिमसार तथा जलाधार क्षेत्र

महानगरपालिकाको जोखिम संवेदनशील भू उपयोग योजना तर्जुमा भए पनि कार्यान्वयन पक्ष कमजोर हुँदा भूसंरक्षण, ताल, सिमसार जलाधार व्यवस्थापन लगायतका क्षेत्रमा चुनौती थपिएको छ । जलवायु परिवर्तनका कारण अनिश्चित समयमा पानी पर्ने अतिवृष्टि, अनावृष्टि जस्ता मौसमी अनिश्चितता बढेको छ । अव्यवस्थित विकास निर्माणका कारण सृजित भूस्खलन र परिस्थितिकी प्रणाली (इकोसिस्टम) सेवामा क्षयीकरण जस्ता कारणले तल्लो तटीय क्षेत्रमा पर्ने नकारात्मक प्रभाव थप विषम बनेको छ। यसबाट जलाधार र सिमसार क्षेत्रको अस्तित्वमा थप जोखिम बढेको छ । मानवीय क्रियाकलापबाट सिर्जित भूक्षय, पहिरोले जलाधार र सिमसार क्षेत्रका स्रोतहरूको क्षयीकरण रोक्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

पोखरा महानगरपालिकामा रहेका ९ वटा ताल, ताल वरिपरिको सिमसार र तिनका जलाधार क्षेत्रहरू स्वच्छ पानीका स्रोत मात्र नभएर साइबेरियादेखि आउने मौसमी चराहरूका वासस्थान पनि हुन् । यसै तथ्यलाई मध्यनजर गरेर महानगरपालिकाले फेवासँगै बेगनास, रूपा, खास्टे, न्युरेनी, मैदी, दिपाङ र गुँदे तालको सिमाङ्कन गरी तालहरूको विशेषता अनुसार सौन्दर्यीकरण र दीर्घकालीन संरक्षणको योजना तयार पारि कार्यान्वयनमा लगेको छ । फेवातालको दीर्घकालीन संरक्षणका लागि जलाधार क्षेत्रबाट बगेर आउने मुख्य चार वटा खोलामा प्रदेश सरकारसँगको सहकार्यमा सिल्टेसन ड्याम निर्माण गरी सार्वजनिक निजी साझेदारीमा व्यवस्थापनको प्रयास गरिएको छ ।

गाईघाट, बङ्गालामुखी र खपौंदीमा खहरे खोलाले बगाएर ल्याएको माटोजन्य पदार्थ निकाल्ने, तालको नियमित सरसफाइ र जलकुम्भी झार हटाउने कार्य भइरहेको छ। जलकुम्भी झार सफाइको लागि एक मेशिन पनि सञ्चालित रहेको छ । सम्मानित सर्वोच्च अदालतको आदेश तथा महानगरपालिकाको दीर्घकालीन भिजन बमोजिम फेवाताल संरक्षणको योजनासहित अध्ययन प्रतिवेदन तयार गरी सोको आधारमा फेवाताल संरक्षणको काम अघि बढाइएको छ ।

पोखरा उपत्यकाको प्रायः सबै स्थानबाट उत्तरतर्फ देखिने अन्नपूर्ण हिमशृङ्खलाको मनमोहक दृश्य नै यस क्षेत्रमा पानीका प्राकृतिक स्रोत र मुहानहरूको प्रमुख स्रोत हो । तसर्थ, यस क्षेत्रका ताल सिमसार तथा जलाधार संरक्षणमा तीन वटै सरकारको पहल र अग्रसरता रहेको छ । पोखरा महानगरपालिकाले पनि हिमाल संरक्षण र सरसफाइमा गत वर्षदेखि सहकार्य सुरु गरेको छ । नदी किनारा संरक्षण, पहिरो नियन्त्रण, सिमसार क्षेत्रको रूपमा सूचीकरण गर्दै जलाधार क्षेत्रको संरक्षण र तालहरूको सफाइ जस्ता गतिविधिमा महानगरपालिकाले सङ्घ तथा प्रदेश सरकारसँग हातेमालो गरेको छ ।

पोखरा उपत्यकाको चारै तर्फ डाँडाहरू र भिरालो जमिन भएकाले भूक्षय तथा नदी कटान नियन्त्रणको कार्य भइरहेको छ। पोखरा उपत्यका वरिपरिको पहाडी बस्तीहरूमा बाक्लो मानव आबादी रहेको खेतीयोग्य जमिन छोएर बहने खोलाले बगाएर ल्याउने माटोको लेदोका कारण ताल तथा सिमसार क्षेत्रमा पुऱ्याउने असर न्यूनीकरणका प्रयास भइरहेका छन् ।

विश्वमा जलवायु परिवर्तनलाई शताब्दीकै सबैभन्दा ठुलो चुनौतीका रूपमा लिइएको छ । पोखरा महानगरपालिका अवस्थित रहेको कास्की जिल्लामा वर्षभरि नै अत्यधिक वर्षा हुने गर्दछ र करिब ८० प्रतिशत वर्षा जेठ देखि भदौमा हुने गर्दछ । मौसमी औसत वर्षाको प्रवृत्तिको अध्ययन अनुसार जाडो र पूर्व मनसुनमा यो क्रम बढ्दै गएको पाइएको छ भने मनसुन र मनसुन उत्तरमा हुने वर्षा भने घट्दै गएको पाइएको छ । त्यसैगरी वार्षिक अत्यधिक र न्यूनतम तापक्रममा पनि वृद्धि हुँदै गएको पाइएको छ । जलवायु परिवर्तनको मुख्य असरका रूपमा पोखरा महानगरपालिकामा आकस्मिक बाढीका विभिन्न घटनाहरू घट्ने गरेका छन् ।

तालिका २०: पोखरा महानगरपालिका क्षेत्रमा कार्बन उत्सर्जन तथा प्रशोचनको अवस्था (टनमा)

| कार्बन उत्सर्जनका प्रमुख क्षेत्रहरु | उत्सर्जन तथा प्रशोचन | कुल उत्सर्जनमा हिस्सा (प्रतिशत) |
|---|---|---|
| ऊर्जा | ६५,०७६ | १७ |
| फोहरमैला, उद्योग र पर्यटन | ६,४६५ | २ |
| यातायात (खनिज इन्धन) | २४४,३३७ | ६६ |
| कृषि तथा बन क्षेत्र | ५५,०४८ | १५ |

| | | |
|---|---|---|
| कुल उत्सर्जन | **३७०, ९२७** | **१००** |
| कुल प्रशोचन (वन क्षेत्रमा) | -१३१,५०१ | ३५ |
| **खुद उत्सर्जन** | **२३९,४२२** | |

स्रोतः कार्बन तटष्थता सम्वन्धी स्थितिपत्र, २०७९ पोखरा महानगरपालिका

जलवायु परिवर्तनका कारण पोखराको पर्या—पर्यटन, हिमाली पर्यटन र प्रकृतिमा आधारित पर्यटनमा नकारात्मक असर पारिरहेको छ । जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न महानगरपालिकाले कार्बन तटस्थता सम्बन्धी कार्यक्रम र कार्य योजना बनाएर कार्यान्वयन सुरु गरेको छ । कार्बन—तटस्थ सहरको प्रारम्भिक चरण न्यून कार्बन सहर भएको र त्यसको प्राप्तिका लागि न्यून कार्बन समाजको निर्माणमा महानगरपालिकाले ध्यान केन्द्रत गरेको छ । न्यून कार्बन समाज निर्माणको लागि कार्बन उत्सर्जन कटौती गर्ने र कार्बन प्रशोधन वा भण्डारण अभिवृद्धि गर्ने रणनीति महानगरपालिकाको छ । पोखरा महानगरपालिकाको यस प्रयासले सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको अवस्था हासिल गर्ने नेपाल सरकारको दीर्घकालीन रणनीतिलाई समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

### २.८.३ विपद् व्यवस्थापन

पोखरा महानगरपालिकामा प्रमुख सम्भावित विपद् जोखिमका दृष्टिले जल उत्पन्न प्रकोप, असिना, बाढी पहिरो, आगलागी, जमिन भासिने (सिंकहोल) आदि रहेका छन् । पोखरा महानगरपालिका सक्रिय भूकम्पीय जोखिम क्षेत्रमा रहेको साथै यस क्षेत्रमा दुई ओटा भूकम्पीय दरार रेखा (फल्ट लाइन) पनि रहेको भन्नेछ । साबिक पोखरा उपमहानगरपालिका क्षेत्रमा ६२ प्रतिशत भूभाग २० डिग्रीभन्दा कम भिरालो भएकाले पहिरोको जोखिम तुलनात्मक रूपमा कम छ । तथापि २५ प्रतिशत भूभाग भने उच्च पहिरो जोखिम क्षेत्रमा रहेको पाइएको छ। साबिक लेखनाथ नगरपालिका र अन्य ग्रामीण क्षेत्रमा भने २५ देखि ३५ डिग्री भिरालो जमिनको आधिक्यता छ ।

हिमाल आरोहण, प्याराग्लाइडिङ जस्ता विभिन्न साहसिक पर्यटकीय गतिविधिहरू जोखिमयुक्त रहेकाले सङ्घ तथा प्रदेश सरकार, सुरक्षा निकाय, रेडक्रस र निजी व्यावसायिक सङ्घ÷संस्थाको सहकार्यमा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यसँग सम्बन्धित कार्यहरू हुँदै आएका छन् । पोखरा मुलुककै ठुलो महानगरपालिका र सबैभन्दा पुरानो मध्येको एक नगरपालिका भए पनि कानुनी र संस्थागत व्यवस्था तथा स्रोत विनियोजनका हिसाबले महानगरपालिकामा विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी, प्रतिकार्य तथा व्यवस्थापनका सवाललाई पूर्ण रूपमा मूलधारमा ल्याउन बाँकी रहेको छ ।

महानगरपालिकामा विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन कोष र विपद् हेर्न नगर प्रहरी सहितको इकाईको व्यवस्था गरिएको छ । जोखिम सूचना सङ्कलन तथा सञ्चार प्रणालीको कमीका कारण

योजना, बजेट तथा कार्यक्रममा विपद् उत्थानशीलता रणनीतिहरू र विपद् जोखिम सूचनाको एकीकरणमा प्रयास सुरु भएको छ । पोखरामा अन्य सरकारी निकायको बलियो उपस्थितिका कारण विपद् व्यवस्थापन सहज भएको जस्तो देखिए पनि महानगरपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको क्षमता विकास गर्नु पर्ने देखिएको छ ।

सम्भाव्य आगलागी नियन्त्रणका लागि महानगरपालिकामा ५ वटा वारुणयन्त्र २४ घण्टा तयारी अवस्थामा राखिएको छ भने बाढी पहिरोबाट आवागमन अवरुद्ध हुन नदिन र उद्धार कार्यका लागि ४ वटा डोजर र ९ वटा ट्रिपरहरु तयारी अवस्थामा रहेका छन् । महामारीजन्य विपद्को व्यवस्थापनका लागि ६ वटा एम्बुलेन्सहरू चालु अवस्थामा राखिएको छ ।

## २.८.४ फोहोर मैला व्यवस्थापन

पोखरा महानगरपालिकामा आधारभूत खाने पानीमा पहुँच उपलब्ध रहेको घरपरिवार ९९ प्रतिशत रहेको छ भने ९१ प्रतिशत घरधुरीमा सेप्टी ट्याङ्की सहितको शौचालय रहेको तथ्याङ्क छ । तसर्थ पोखरामा चर्पीबाट निस्कने मानव सिर्जित फोहोर मैला व्यवस्थापनमा खासै समस्या देखिएको छैन । सेप्टिक ट्याङ्की भरिएको खण्डमा त्यसलाई सुरक्षित तवरले विसर्जन गर्न ट्याङ्करको प्रयोग गर्ने अभ्यास छ । त्यसका लागि महानगरपालिकाबाट अनुमति लिएर ५ वटा ट्याङ्कर निजी क्षेत्रबाट परिचालित छन् ।

अस्पतालजन्य पोहोर मैलालाई बेग्लै सङ्कलन गरी प्रशोधन गरेर मात्र ल्यान्ड फिल्ड साइटमा व्यवस्थापन गर्ने गरिएको छ । पोखराका अस्पताल, क्लिनिक, स्वास्थ्य चौकी र फार्मेसीहरूबाट निस्कने गैर हानिकारक अस्पतालजन्य पोहोर मैलालाई सङ्कलन गरी सेन्ट्रल ट्रिटमेन्ट सुविधाबाट नेपालमा नै पहिलो पटक अस्पतालजन्य फोहोर मैला व्यवस्थापन निजी क्षेत्रसँगको सहकार्यमा भइरहेको छ । पछिल्लो तथ्याङ्क अनुसार पोखरामा दैनिक करिब १० टन अस्पतालजन्य फोहोर निस्कने गर्दछ ।

पोखरा महानगरपालिकाका लागि सबैभन्दा ठुलो समस्या भनेको घरपरिवार, होटेल रेस्टुरेन्ट तथा बजार क्षेत्रबाट उत्पादन हुने फोहोर मैलाको व्यवस्थापन हो । बर्सेनि घरपविारको सङ्ख्या बढ्दै गएको छ । हालै सञ्चालनमा आएको अन्तर्राष्ट्रिय विमानस्थलका कारण साबिकको ल्यान्ड फिल्ड साइट अन्यत्र स्थानान्तरण गर्नु परेको अवस्थामा दैनिक विसर्जन हुने पोहोर मैलाको स्थानीय समुदायको सहमतिमा वैकल्पिक साइटको विकास र दिगो सञ्चालन मुख्य चुनौतीका रूपमा देखिएको छ । स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर मैला व्यवस्थापनलाई बढावा दिएर ल्यान्ड फिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसरसँगै चुनौती पनि थपिएको छ ।

महानगरपालिकाले तत्कालको लागि सार्वजनिक निजी साझेदारी प्रणालीबाट घरघरबाटै फोहोर मैला सङ्कलन गरी वडा नं. ३२ लामे आहालमा रहेको अस्थायी फोहोर विसर्जन केन्द्रमा लगेर तत्कालको लागि व्यवस्थापन हुँदै आएको छ । यस कार्यमा महानगरपालिकाबाट ५ वटा र निजी कम्पनीका

२२ वटा फोहोर बोक्ने गाडीका साथै २ वटा ब्याकहो लोडर, ३ डोजर, २ लोडर, २ ट्याक्टर दैनिक रूपमा सञ्चालन भइरहेका छन् । महानगरपालिकाका ३३ वटै वडामा यो सुविधा भए पनि केही ग्रामीण क्षेत्रमा भने स्थानीय स्तर मै फोहोर मैला व्यवस्थापन भइरहेको छ । पछिल्लो अध्ययनअनुसार पोखरामा प्रतिदिन १८७ टन मिश्रित फोहोर मैला उत्पादन हुने गरेको छ ।

फोहोर मैलाको दीर्घकालीन समाधान गरी ऊर्जा उत्पादन गर्ने उद्देश्यले पोखरा महानगरपालिका वडा नं. ३३ को उपल्लो पुँडीटारमा स्थायी र आधुनिक फोहोर मैला प्रशोधन केन्द्र निर्माणको प्रक्रिया अगाडी बढेको छ ।

### २.८.५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहर तथा नगरहरूसँग भगिनी सम्बन्ध

पोखरा महानगरपालिकाले विश्वका थुप्रै मुलुकका महत्त्वपूर्ण सहरहरूसँग आपसी सम्बन्ध सुमधुर बनाउन तथा आपसी हित र सरोकारका विषयमा परस्परमा सहयोग समन्वयलाई सुदृढ बनाउन विभिन्न मितिमा देहायका सहर तथा नगरहरूसँग भगिनी सम्बन्ध कायम गरेको छ ।

१. कोमागाने शहर जापान
२. लिंजी शहर चीन
३. आडालर टर्की
४. कुनमिङ चीन
५. गोञ्जाओ चीन
६. यिविन चीन
७. छुसाओ चीन
८. हाइकाओ चीन
९. ग्यान्वकगु दक्षिण कोरिया
१०. नानिङ चीन
११. गाञ्झी चीन
१२. लण्डन बोराउ अफ बारनेट वेलायत
१३. भरतपुर महानगरपालिका
१४. धरान उपमहानगरपालिका

# परिच्छेद : तीन
# आर्थिक वर्ष २०७९/८० को प्रगति विवरण

यस परिच्छेदमा पोखरा महानगरपालिकाको गत आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार वार्षिक विकास कार्यक्रम (रातो किताब) मा समावेश भएका लक्ष्य तोकिएका वा नतोकिएका कार्यक्रम तथा आयोजनाको यथार्थ कार्य प्रगति र प्राप्त नतिजालाई तथ्यगत रूपमा प्रस्तुत गरिएको छ। साथै विगतका आर्थिक वर्षहरूमा सुरुवात भई गत आर्थिक वर्षसम्म पनि निरन्तर कार्यान्वयन प्रक्रियामा रहेका बहु वर्षीय आयोजना तथा कार्यक्रमहरू र आव २०७९।८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा नपरेका तर महानगरपालिकाको तर्फबाट सम्पन्न भएका उल्लेखनीय कार्यहरूलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

## ३.१ वित्तीय प्रगति

तालिका २१: स्रोतगत बजेट अनुमान र आम्दानी (रु. लाखमा)

| बजेट तथा आम्दानी श्रोत | बजेट अनुमान | | वास्तविक आम्दानी | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **संघीय सरकार** | **२,८८,२९** | **३१.७३** | **२८१०५** | **९७.४९** |
| वित्तिय समानिकरण अनुदान | ६५८६ | ७.२५ | ६०९२ | ९२.५० |
| सशर्त अनुदान | २१५६३ | २३.७३ | २१३३३ | ९८.९३ |
| विशेष अनुदान | २८० | ०.३१ | २८० | १००.०० |
| समपुरक अनुदान | ४०० | ०.४४ | ४०० | १००.०० |
| **प्रदेश सरकार** | **१२,२३** | **१.३५** | **१०६७** | **८७.२४** |
| वित्तिय समानिकरण | ८२८.२० | १.३ | ७२४.६८ | ८७.५० |
| सशर्त अनुदान | २९५ | ०.२२ | २९२.५ | ९९.१५ |
| समपुरक अनुदान | १०० | ०.०६ | ५० | ५०.०० |
| **राजस्व बाँडफाँट** | **१,७७,८६** | **१९.५८** | **१०८७०.६६** | **६१.१२** |
| संघिय सरकार | ३७.३८ | ४.११ | २९३४.२३ | ७८.५ |
| प्रदेश सरकार | ७४२.५२ | ०.८२ | ५७५.०८ | ७७.४५ |
| स्थानीय सरकार | १३३०५.५ | १४.६४ | ७३६१.३५ | ५५.३३ |
| **आन्तरिक श्रोत** | **४,३०,१६** | **४७.३५** | **२९७९०.९०** | **६९.२६** |
| आन्तरिक संकलन | १६०८३.४८ | ३४.६८ | ८८५५.७४ | ५५.०५ |
| गत आव सम्मको मौज्दात | २६९३२.०४ | १६.२७ | २१०९७.१६ | ७८.३३ |
| **जम्मा** | **९,०८,५४** | **१००** | **६९८३३.८४** | **७६.८६** |

तालिका २२: आन्तरिक आय तर्फ प्रमुख स्रोतगत राजस्व संकलन (रु. लाखमा)

| राजस्वको प्रकार | आय अनुमान | यथार्थ आय | आय प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | २५०० | ९८७.०५ | ३९.५% |
| भूमी कर (मालपोत) | २००० | १३३९.६४ | ६७.०% |
| घर बहाल कर | २००० | १९३६.४८ | ९६.८% |
| व्यवसाय कर | १००० | ८१३.६९ | ८१.४% |
| विज्ञापन कर | ५०० | ६७.९४ | १३.६% |
| मनोरञ्जन कर | ६० | ७७.८४ | १२९.७% |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | १३३०५ | ६४७९.२१ | ४८.७% |
| जडिबुटी, कवाडी र जिवजन्तु कर | १८७ | ३२३.९६ | १७३.२% |
| ढुंगा गिट्टी,बालुवा बिक्री शुल्क | १८०० | ९५१.४१ | ५२.८६% |
| नक्सापास दस्तुर | ५००० | १३३२.४४ | २६.६५% |
| सिफारिश दस्तुर | १००० | ५१२.४६ | ५१.२५% |
| पार्किङ्ग शुल्क | १३९.७ | ० | ०.००% |
| फोहोरमैला व्यवस्थापन शुल्क | ५००० | ० | ०.००% |
| अन्य राजस्व | १६९६.७८ | १८७१.५ | ११०.३०% |

तालिका २३: बजेट शिर्षकगत विनियोजन र वास्तविक खर्च (रकम रु. लाखमा)

| बजेट शिर्षक | बजेट अनुमान | | वास्तविक खर्च | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| चालु | ३,९०,६३.६५ | ४३.०० | ३,०१,४२.८० | ७७.०१ |
| पूँजीगत | ५,१२,३५.७४ | ५६.४० | २,३८,५८.५४ | ४६.५७ |
| वित्तीय व्यवस्था | ५५४.२० | ०.६० | ५५४.२० | ०.१ |
| **जम्मा** | **९,०८,५३.५९** | | **५,४५,५५.५०** | **६० .०४** |

तालिका २४: खर्च केन्द्रगत बजेट विनियोजन र वास्तविक खर्च (रकम रु. लाखमा)

| खर्च केन्द्र | विनियोजन | | वास्तविक खर्च | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| नगर कार्यपालिकाको कार्यालय | १,३५,२४.९६ | १३.८७ | ७५,६५.८५ | ५५.९४ |
| स्वास्थ्य महाशाखा | ५०,११.६५ | ६.०६ | ३३,०५.३६ | ६५.९५ |
| शिक्षा महाशाखा | १,७७,०८.६५ | ३०.३५ | १,६५,५५.३६ | ९३.४९ |
| आर्थिक विकास महाशाखा | २६,४५.३२ | ३.०१ | १६,४२.०० | ६२.०७ |
| सामाजिक बिकास महाशाखा | १७,६६.४८ | २.०४ | ११,१३.७३ | ६३.०५ |
| पुर्वाधार विकास महाशाखा | ४,२४,१९.७९ | ३१.५० | १,७१,८३.३ | ४०.५१ |
| वडा कार्यालयहरु | ७७७६.७६ | १३.१८ | ७१८९.९ | ९२.५४ |
| **जम्मा** | **९०८५३.६** | **१००** | **५४५५५.५** | **६०.०५** |

तालिका २५: खर्च केन्द्रगत चालु तथा पूँजीगत बजेट र वास्तविक खर्च (रकम रु. लाखमा)

| खर्च केन्द्र | चालु | | | पूँजीगत | | |
|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च (%) | बजेट | खर्च | खर्च (%) |
| वडागत कुल | १९२२ | १७७५ | ९२.३६ | ५८,५४ | ५४,११ | ९२.४० |
| स्वास्थ्य महाशाखा | ४७६८ | ३२४८ | ६८.१२ | २,४३ | ५७ | २३.३० |
| शिक्षा महाशाखा | १,६९३१ | १५८३८ | ९३.५४ | ७७७ | ७१६ | ९२.२० |
| आर्थिक विकास महाशाखा | २६१७ | १६१९ | ६१.८७ | २८ | २3 | ८०.८० |
| सामाजिक बिकास महाशाखा | १७१३ | १०७९ | ६३.०० | ५३ | ३४ | ६३.५० |
| पुर्बाधर बिकास महाशाखा | ४०४ | १४6 | ३६.१० | ४२०१५ | १७०३७ | ४०.६० |
| महाशाखागत कुल | २८४४३ | २३७८8 | ८३.६३ | ४९३८७ | २३६७१ | ४७.९० |
| नगरकार्यपालिकाको कार्यालय | ११२६० | ६९८५ | ६२.०४ | २२६5 | ५७९ | २५.६० |
| **कुल जम्मा** | **३९६१७** | **३०६९३** | **७७.४७** | **५१२३५** | **२३८५८** | **४६.६०** |

तालिका २६: वडागत बजेट विनियोजन र वास्तविक खर्च (रकम रु. हजारमा)

| वडा नम्बर | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| १ नं. वडा कार्यालय | १,७१,२९ | १,४९,३९ | ८७.२२ |
| २ नं. वडा कार्यालय | १,५७,६८ | १,५५,७२ | ९८.७६ |
| ३ नं. वडा कार्यालय | १,६३,५० | १,४५,६२ | ८९.०७ |
| ४ नं. वडा कार्यालय | १,५१,१६ | ८३,१७ | ५५.०२ |
| ५ नं. वडा कार्यालय | २,०३,६२ | १,९५,६९ | ९६.११ |
| ६ नं. वडा कार्यालय | २,२४,२८ | २,०५,४६ | ९१.६१ |
| ७ नं. वडा कार्यालय | १,७३,६४ | १,५४,०१ | ८८.७० |
| ८ नं. वडा कार्यालय | २,५९,५२ | १,९६,१३ | ७५.५८ |
| ९ नं. वडा कार्यालय | २,११,४९ | २,०२,३६ | ९५.६८ |
| १० नं. वडा कार्यालय | २,०८,५८ | १,९५,१८ | ९३.५८ |
| ११ नं. वडा कार्यालय | २,२६,६७ | २,१५,८८ | ९५.२४ |
| १२ नं. वडा कार्यालय | १,९३,०४ | १,७६,२१ | ९१.२९ |
| १३ नं. वडा कार्यालय | २,५५,९० | २,२८,५८ | ८९.३२ |
| १४ नं. वडा कार्यालय | ७,६५,४८ | ७,३९,८६ | ९६.६५ |
| १५ नं. वडा कार्यालय | २,३५,२४ | २,२३,६६ | ९५.०८ |
| १६ नं. वडा कार्यालय | २,८८,७१ | २,८१,२० | ९७.४० |
| १७ नं. वडा कार्यालय | २,७२,७९ | २,६४,४३ | ९६.९४ |
| १८ नं. वडा कार्यालय | २,१३,८४ | २,०३,२८ | ९५.०६ |
| १९ नं. वडा कार्यालय | २,४६,८४ | २,४१,११ | ९७.६८ |
| २० नं. वडा कार्यालय | १,९५,५७ | १,५८,१५ | ८०.८७ |
| २१ नं. वडा कार्यालय | २,३७,०३ | २,२९,४९ | ९६.८२ |
| २२ नं. वडा कार्यालय | २,३८,४९ | २,२९,७२ | ९६.३२ |
| २३ नं. वडा कार्यालय | २,६३,५१ | २,५४,४४ | ९६.५६ |
| २४ नं. वडा कार्यालय | २,१०,८२ | १,९५,१५ | ९२.५७ |
| २५ नं. वडा कार्यालय | २,३२,५२ | २,२३,६८ | ९६.२० |
| २६ नं. वडा कार्यालय | २,३०,३६ | २,२२,८६ | ९६.७५ |
| २७ नं. वडा कार्यालय | २,३४,७२ | २,३२,३१ | ९८.९७ |
| २८ नं. वडा कार्यालय | १,९७,५८ | १,७४,९२ | ८८.५३ |

| वडा नम्बर | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २९ नं. वडा कार्यालय | १,९७,६९ | १,८१,०४ | ९१.५८ |
| ३० नं. वडा कार्यालय | २,२१,१८ | २,०३,०२ | ९१.७९ |
| ३१ नं. वडा कार्यालय | २,०९,८१ | १,७८,०५ | ८४.८७ |
| ३२ नं. वडा कार्यालय | २,१७,९८ | १,९३,०३ | ८८.५६ |
| ३३ नं. वडा कार्यालय | २,६६,२३ | २,५४,८५ | ९५.७३ |

तालिका २७: विषय क्षेत्रगत बजेट विनियोजन र वास्तविक खर्च (रकम रु. लाखमा)

| विषय क्षेत्र | विनियोजन | | वास्तविक खर्च | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आर्थिक विकास | ६२,१०.२३ | ४.३८ | २३,९१.५१ | ३८.५० |
| सामाजिक विकास | २,७७,८२.४२ | ४०.४९ | २,२०,९४.०३ | ७९.५३ |
| पूर्वाधार तथा शहरी विकास | ४,२६,७७.९९ | ३८.७९ | २,११,६५.४९ | ४९.५९ |
| वन, वातावरण तथा विपद | २१,४०.६७ | १.८२ | ९,८८.३५ | ४६.१७ |
| सुशासन तथा सेवा प्रवाह | १,२०,४२.२८ | १४.५१ | ७९,१६.१२ | ६५.७३ |
| **जम्मा** | **९,०८,५३.६०** | **१००** | **५,४५,५५.५०** | **६०.०४** |

पोखरा महानगरपालिकाको दीर्घकालीन सोच (Vision), क्षेत्रगत रणनीतिक योजनाहरू र प्रथम त्रिवर्षीय आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य तथा निर्धारित उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाई विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनमा जोड दिइएको छ । आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट बिच सन्तुलन एवं दाम्पत्यता कायम गरी निर्दिष्ट कार्यक्रमका लागि बजेट सुनिश्चितता, वित्तीय जोखिम न्यूनीकरण गर्न तथा वित्तीय अनुशासन कायम गर्न मध्यमकालिन संरचना (MTEF)लाई महत्त्वपूर्ण वित्तीय औजारको रूपमा प्रयोग गर्दै आएको छ ।

पोखरा महानगरपालिकाको आर्थिक प्रशासन सम्बन्धी सेवालाई पारदर्शी बनाउन, वित्तीय सुशासन कायम गर्न तथा जोखिम न्यूनीकरण गर्न आन्तरिक लेखा परीक्षण शाखा र सार्वजनिक लेखा समितिलाई सक्रिय बनाइएको छ। सार्वजनिक लेखा समितिले नियमित रूपमा मूल्याङ्कन, निरीक्षण, परीक्षण तथा

सुधारात्मक कार्यहरू गर्ने र बेरुजु न्यूनीकरणमा सहजिकरण गर्दै आएको छ । आर्थिक वर्ष २०७९/८० मा रु २ करोड ८ लाख बेरुजु फछ्र्यौट भएको छ ।

## ३.२ सुशासन तथा सेवा प्रवाह

सेवाग्राहीलाई पारदर्शी रूपमा छिटो, छरितो र गुणस्तरीय सेवा प्रदान गर्न, सेवाप्रबाहमा प्रविधिको अधिकतम प्रयोग गर्ने नीति अनुरूप पोखरा महानगरपालिकामा डिजिटल नागरिक बडापत्र, लेखा व्यवस्थापन, राजश्व प्रशासन, घर नक्सा, व्यक्तिगत घटना दर्ता र प्रतिवेदन प्रणाली अनलाइनबाट हुँदै आएको छ । प्रविधिमा सेवाग्राहीको पहुँच र महानगरपालिकाको क्षमता बढाउँदै सेवा प्रबाहलाइ थप सरल र प्रभावकारी बनाउँदै लैजाने क्रममा अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

१. पुराना अभिलेखहरूको डिजिटल अभिलेख व्यवस्थापनका लागि कार्यक्रम प्रक्रियामा रहेको छ ।
२. नगरप्रहरीको सेवालाई प्रभावकारी बनाउन आधुनिक सञ्चार उपकरण व्यवस्था गरिएको छ ।
३. नीतिगत तथा कानुनी व्यवस्था तथा सुधार गर्न गत आर्थिक वर्ष २०७९/८० मा ५ वटा ऐन, १४ वटा कार्यविधि, १२ वटा निर्देशिका गरी ३१ कानुनी दस्तावेज तयार गरिएको छ ।

चित्र १९: हेलो मेयरमा प्राप्त गुनासो तथा सुझावको मासिक प्रवृत्ति




स्रोत : हेलो मेयर सचिवालय

४. २०७९ श्रावणमा नेपालका ६ महानगरपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूको सहभागितामा नेपालमा पहिलो महानगर मेयर सम्मेलन आयोजना गरी महानगरपालिकाहरूको समग्र विकास तथा साझा चासोका क्षेत्रमा समन्वयात्मक रूपमा मिलेर अघि बढ्ने प्रतिबद्धता सहित ७ बुँदे पोखरा घोषणापत्र जारी गर्दै भव्यताका साथ सम्पन्न गरिएको छ ।

*चित्र २० : हेलो मेयरमा प्राप्त क्षेत्रगत गुनासो तथा सुझाव*




५. महानगरपालिकाका प्रमुख र सेवाग्राहीसँग सम्पर्क स्थापित गरी आम नागरिकबाट समस्या, गुनासो, राय/सुझाव तत्काल प्राप्त गर्ने र प्राप्त अनुरोध तथा सुझावलाई शीघ्र कार्यान्वयन कार्यालयमा पहिलो पटक **टोल फ्री नम्बर ११८१ मार्फत "हेलो मेयर कार्यक्रम"** २०७९ भदौ १२ गते देखि २४ घण्टा सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।

६. पोखरा महानगरपालिकासँग सम्बन्धित विषयमा हेलो सरकारमा परेका गुनासा तथा सुझावहरू शतप्रतिशत फछ्यौंट गरी सम्बन्धित निकायमा जानकारी गराइएको छ ।

७. हेलो मेयर कार्यक्रम मार्फत आव २०७९/८०मा मात्र २८० वटा गुनासो तथा सुझाव प्राप्त भएकोमा ती गुनासोहरू महानगरपालिका मातहत सम्बन्धित महाशाखा शाखा तथा निकायबाट संशोधन हुने प्रक्रियामा लगिएको छ । आम सेवाग्राहीबाट बढी रुचाइएको यस कार्यक्रमलाई आगामी दिनमा अझ प्रभावकारी बनाउदैं लग्ने योजना रहेको छ ।

८. पोखरा महानगरपालिकासँग सिमाना जोडिएका स्थानीय तहहरूसँग आपसी सरोकार तथा हितका विषयमा सहकार्य, सहयोग तथा समन्वय गर्ने पद्धतिको सुरुवात गर्ने उद्देश्यले अन्तर स्थानीय तह समन्वय बैठकहरू सम्पन्न गरिएको छ ।

९. महानगरपालिकाबाट प्रदान हुने सेवा प्रबाहलाइ थप सरल, सहज, पारदर्शी र छिटोछरितो बनाउन एक द्वार प्रणाली अवलम्बन गरी सेवा प्रवाह हुने प्रबन्ध मिलाइएको । महानगरपालिकाको

भुँइतल्लामा लहरै रहेका विभिन्न विषयका ११ वटा काउन्टर सञ्चालन गरी दैनिक सेवा प्रबाहलाइ थप व्यवस्थित तुल्याइएको छ ।

१०. गत आ.व. २०७९/८० बाट महानगरपालिका प्रमुख र सेवाग्राहीबिच दैनिक प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया गरी सेवाग्राहीको समस्या तत्कालै समाधानको पहल हुने गरी कार्यालय खुल्ने प्रत्येक दिनको बिहान ११:०० बजे देखि १२:०० बजे सम्म "मेयरसँग सेवाग्राहीको दैनिक भेटघाट" कार्यक्रम सञ्चालन गरिएको छ ।

चित्र २१ : आव २०७९/८० को घटना दर्ताको विवरण




११. महानगरपालिका सहित सबै वडा कार्यलयहरुमा नागरिक बडापत्र प्रकाशन, गुनासो सुन्नका लागि भरपर्दो गुनासो सुनवाइको व्यवस्था, प्रवक्ता तथा सूचना अधिकारी, प्रेस डेस्क स्थापना गरी प्रभावकारी समन्वय, पारदर्शितता र सुशासन सुदृढीकरणको प्रयास गरिएको छ ।

१२. पोखरा महानगरपालिका भित्रका लब्धप्रतिष्ठित विशिष्ट व्यक्ति, विषयविज्ञहरु रहेको ३३ सदस्यीय **महानगरपालिका सल्लाहकार परिषद्** गठन गरी पोखराको समग्र विकास तथा सरोकारका विषयमा आवश्यकता अनुसार राय, परामर्श तथा पृष्ठपोषण लिने कार्यको सुरुवात गरिएको छ ।

१३. पोखरा महानगरपालिकाको तथ्याङ्क व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरी डिजिटल प्रोफाइल तयार गर्न घरधुरी गणना गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

१४. पोखरा महानगरपालिकाबाट भइरहेको सुशासन सुदृढीकरण तथा सेवाप्रबाहमा सुधार तथा सम्पादित विकास आयोजना तथा कार्यक्रम बारेमा आम नागरिक तथा सरोकारबालाहरूलाइ सुसूचित गर्न सञ्चार माध्यमसँगको सहकार्यमा "हाम्रो पोखरा राम्रो पोखरा" कार्यक्रम सञ्चालन गरिएको छ ।

१५. महानगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई सम्मान तथा उत्प्रेरित महानगरपालिका स्थापना दिवसको अवसरमा सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी छनौट र सम्मान गर्ने अभ्यास सुरुआत गरी कर्मचारीलाई सम्मान र पुरस्कृत गरिएकोछ । सहयोगी सङ्घ संस्थाहरूलाई प्रशंसा पत्र

वितरण गरी सहकार्य संस्कृतिलाई प्रवर्द्धन गर्ने परम्परा स्थापित भएको छ । २०६४ साल अघिका अस्थायी कर्मचारी व्यवस्थापनको लागि ऐन निर्माण गर्ने प्रक्रिया अघि बढेको छ ।

१६. महानगरपालिकाको चासोको विषयमा राय सल्लाह तथा सहकार्य गर्न यस अवधिमा ६ पटक सर्वदलीय/ सर्वपक्षीय बैठक सम्पन्न भएको छ। गत आर्थिक वर्षमा १६ पटक कार्यपालिका बैठक र ३ पटक नगर सभा (एक विशेष सहित) सम्पन्न भएको छ ।

१७. गत आर्थिक वर्षमा कार्यक्रम सञ्चालन तथा सेवा प्रवाहमा सवारी साधनको व्यवस्थापन अन्तरगत ७ वटा स्कुटर र ५ वटा मोटरसाइकल खरिद गरिएको छ ।

१८. गत आर्थिक वर्षमा प्राविधिक तर्फ ५, व्यवसाय प्रवर्द्धन केन्द्रमा ३ र नगर प्रहरी ४७ गरी कुल ५६ जना जनशक्ति थप गरिएको छ । यसै अवधिमा ७ जना अनिवार्य अवकाश र ४ जना स्वेच्छिक अवकाश गरी ११ जना कर्मचारी सेवा निवृत्त भएका छन् ।कार्यरत कर्मचारी मध्ये प्राविधिक कर्मचारी अझ स्वास्थ्य तर्फका कर्मचारीले राजीनामा दिई सेवाबाट अलग हुने प्रवृत्ति देखिएको छ ।

१९. आय ठेक्काको बोलपत्र विद्युतीय प्रणालीबाट १८ वटा आय ठेक्का लगाइएको छ।१२ वटा वस्तु खरिदका बोलपत्र आव्हान भई सम्झौता भएकोमा ९ वटाको खरिद प्रक्रिया सम्पन्न भएको छ।महानगरपालिकाभित्र हुने विभिन्न प्रकृतिका निर्माण तथा सेवा खरिद प्रक्रियामा सहभागी हुन ४५३ वटा फर्महरू सूचीकृत भएका छन्।

२०. नेपाल सरकारको भू-उपयोग नियमावली अनुरूप महानगरपालिका स्तरीय भू-उपयोग परिषद् गठन गरी महानगरपालिकाको भूमिलाई कृषि र गैर कृषि वर्गमा विभाजन गरिएको छ ।

२१. स्थानीय न्यायिक समितिमा परेका कूल १७० उजुरी मध्ये ९६ वटा उजुरीको सुनुवाइ गरी निर्णय गरिएको, १५ वटाको मेलमिलापबाट विवाद समाधान भएको, १५ वटा तामेलीमा राख्ने निर्णय भएको र १९ वटा कास्की जिल्ला अदालतमा पुनरावेदन परेको अवस्था छ ।

२२. पोखरा महानगरपालिकासँग सम्बन्धी विभिन्न अदालतमा रहेका विचाराधीन मुद्राहरू मध्ये गत आवमा ३५ वटा फैसला भएका छन् ।

तालिका २८: महानगरपालिका पक्ष भएका मुद्दा संख्या

| अदालत | मुद्दा संख्या | फैसला संख्या | चालु मद्दा |
|---|---|---|---|
| **सर्वोच्च अदालत** | २८ | ३ | २५ |
| **उच्च अदालत** | ३६ | २५ | ११ |

| | | | |
|---|---|---|---|
| **जिल्ला अदालत** | ११ | ६ | ५ |
| **प्रशासकीय अदालत** | १ | १ | - |
| **जम्मा** | ७६ | ३५ | ४१ |

२३. स्थानीय न्यायिक समितिको कार्यक्षेत्र भन्दा बाहिर पर्ने तर महानगरपालिकाले सुनुवाइ गरी न्याय दिनु पर्ने जल्दाबल्दा विषयमा संवोधन गर्न प्रत्येक हप्तामा एक दिन नगरप्रमुखको समेत इजलाश बसी समस्या समाधान तथा न्यायिक निरूपण हुने व्यवस्था मिलाइएको छ । पोखराको न्यायिक समिति नेपाल भरकै स्थानीयतहको लागि एक पाठशालाको रूपमा रहेको अनुभूति गरिएको छ ।

२४. विभिन्न विषयमा पर्ने ठाडो तर्फ १६१ वटा निवेदन दर्ता भएकामा १२७ उपर छलफल गरी टुङ्गाइएको छ भने ३४ वटा फछ्र्यौटको प्रक्रियामा रहेका छन् ।

२५. महानगरपालिकाबाट नियमितरूपमा प्रदान भइरहेको सेवाको गुणस्तर तथा प्रभावकारिताको अध्ययन गरी क्रमश सुधार गर्दै जाने उद्देश्यले गत आर्थिक वर्ष २०७९/८० मा सेवाग्राही सन्तुष्टि सर्भेक्षण सम्पन्न गरिएको छ

२६. गत आर्थिक वर्षमा एक पटक सार्वजनिक सुनवाई सम्पन्न भएको छ।

२७. पोखरा महानगरपालिका भित्र सडकको क्षेत्राधिकार भित्र बनेका अतिक्रमित संरचनाहरू हटाउने अभियान सुरू गरिएकोछ ।

२८. पोखरा महानगरपालिका अन्तरगत शहरी योजना आयोग गठन गरी पोखराको योजनावद्ध सहरी विकासका लागि योजनावद्ध रुपमा काम गर्न शुरु भएको छ ।

२९. महानगरपालिका तथा मातहतका निकायमा कर्मचारीको पदस्थापन, सरूवा र कामकाजमा खटाउने कार्यलाइ पारदर्शी र अनुमानयोग्य बनाउन कर्मचारीको पदस्थापन, सरूवा तथा कामकाजमा खटाउने कार्यको मापदण्ड तयार गरिएकोछ ।

३०. महानगरपालिका भित्र बजार व्यवस्थापनलाइ प्रभावकारी बनाउन उपभोग्य बस्तुको सहज आपुर्ती, कालोबजारी नियन्त्रण लगायतको विषयमा कार्ययोजना बनाइ समन्वयात्मक रूपमा बजार अनुगमन भई आएको छ ।

३१. UKAID को आर्थिक सहयोगमा पोखरामा सञ्चालित सुदृढ परियोजना (NURP) बाट पोखरा महानगरपालिकाको समग्र विकास प्रक्रियामा आवश्यक प्राविधिक सहयोग उपलव्ध भएको छ ।

३२. गत आर्थिक वर्षमा पोखरा महानगरपालिकामा पेश भएका १४२ वटा ध्यनाकर्षण तथा ज्ञापनपत्रहरू मध्ये करिव ९० प्रतिशत विषयहरूको सम्बोधन भएको छ । अधिकांस ध्यानाकर्षण वा ज्ञापनपत्रमा सार्वजनिक सरोकारका विषय, विकास निर्माण, सम्पदा संरक्षण, सुकुम्वासी व्यवस्थापन लगायतका विषयहरू रहेका छन् ।

## ३.३ आर्थिक विकास

### कृषि तथा पशुपालन

३३. गत आर्थिक वर्षमा कृषि यान्त्रिकीकरण अन्तर्गत कृषकहरुलाइ २८८ थान मिनिटिलर, ६७ थान कम्बाइन्ड मिल, ७ थान थ्रेसर, १०८ थान घाँस काटने मेसिन प्रदान गरिएको छ ।

३४. यसै गरी गत आ. व. मा ५० प्रतिशत लागत साझेदारीमा मौरीघार ४५७, प्लाष्टिक टनेल ८४१, स्प्रेयर २०४, मल्चिङ १२४, थोपा सिचांई सेट १०२ र असिना जाली १०० थान वितरण गरिएको छ ।

३५. एक वडा एक सिचाइ कार्यक्रम अन्तरगत २९५३ रोपनी क्षेत्रफलमा सहयोग पुग्ने गरी ३५ वटा सिचाइ योजना निर्माण सम्पन्न गरिएको, १५ वटा पुरानो कुलो मर्मत गरिएको र २३ वटा प्लास्टिक पोखरी निर्माणका लागि निशुल्क प्लास्टिक वितरण गरिएको छ ।

*चित्र २२ : ०७९/८० मा थप भएका कृषि उपज संकलन तथा वितरण केन्द्र*



३६. गत वर्ष कृषि उपजको न्युनतम समर्थन मुल्य वापत च्याउ उत्पादक कृषक समूहलाइ ५९,२२९ केजी च्याउ र १,२७,४९० केजी तरकारीमा कुल रु.२७ लाख बराबरको न्यून मूल्य भुक्तानी दिइएको छ।

३७. महानगरपालिकाका वडाहरू क्रमश १, १५, २२, २३, २८ र ३३ मा गरी ७ वटा वडामा कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण गरी कुल कृषि उपज संकलन तथा बिक्री केन्द्रहरुको संख्या २२ पुर्याइएकोछ ।

३८. कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तरगत लागत साझेदारीमा श्री कम्प्लेक्स, हेम्जा हाइटेक र हरिलो एग्रो इन्डष्ट्रिजसँग मिलेर काम सम्पन्न भएको छ।

३९. महानगरपालिकाले कृषकहरूबाट उत्पादित कृषि उपजको नमूना वजारिकरणका लागि कृषि एम्बुलेन्स खरिद गरी संचालनमा ल्याइएकोछ ।कृषि एम्बुलेन्सले कृषकको बारीमा उत्पादित कृषि उपजहरूको सुरक्षित ढुवानी सहित उपभोक्ताहरूलाई ताजा तरकारी उपलब्ध गराइएको छ । कृषकले उत्पादनको उचित मुल्य पाउन सहज भएकोछ । साथै महनगरपालिका भित्रका उत्कृष्ट कृषकहरुलाइ सम्मान गरिएको छ ।

*चित्र २३ : एक वडा एक उत्पादनका पकेट क्षेत्रहरु*




४०. बिउका लागि मकै ४.५टन्, वर्षे धान ९.४ टन, गहुँ ७.५ टन, चैते धान ३.५ टन, तोरी ७२० केजी, सूर्यमुखी १०० केजी वितरण गरिएको छ।

४१. माछापोखरी निर्माण, चैते धान प्रवर्द्धन, गहुँ र तोरीका बिउ वितरण, मसला बाली प्रवर्द्धन, कौशी खेति, प्याकेज प्रदर्शन, पुष्पखेति प्रवर्द्धनका गतिविधिहरु नियमितरुपमा संचालन गरिएको छ ।

४२. पशुपालक कृषकहरुलाइ प्रोत्सानका लागि पाडी बाच्छी हुर्काउने, पराल खरिद, व्यवसायिक फर्म सुदृढिकरण, सघन घाँस खेती विकास, कुखुरा चल्ला खरिद तथा ढुवानीमा सहयोग र रेविज विरुद्धका खोप कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिएको छ।

| लाभान्वित कृषक | संरक्षित पाडी संख्या | संरक्षित वाच्छी संख्या | जम्मा संरक्षित पाडी वाच्छा |
|---|---|---|---|
| ६८५ | ६४५ | ३५५ | १००० |

४३. नेपालमै पहिलो पटक ७४ जना मासु व्यवसायीलाइ एउटै किसिमका वोर्ड तथा जैविक सुरक्षा सामाग्री वितरण गरी स्वच्छ र सुरक्षित मासु विक्री वितरणको अभियान चलाइएको छ ।

४४. अति विपन्न र अपांगता भएका व्यक्तिहरुलाइ बाख्रा खरिद, कृत्रिम गर्भाधान, कुकुर दर्ता शिविर, पशु स्वास्थ्य शिविर, कृषि मेला तथा प्रदर्शनी, सामुदायिक कुकुरहरुको बन्ध्याकरण, पशुजन्य व्यवस्थापनका लागि गुणस्तर मापन स्टिकर वितरण र विषयगत तालिमहरु संचालन लगायतका कार्यहरु गत वर्ष सम्पन्न भएका छन ।

४५. उत्पादक, खरिदकर्ता, वितरक र उपभोक्ताहरुको सहभागितामा बजार प्रबर्द्धनका लागि डिजिटल कृषि बजार संचालन गरिएकोछ । रोग किरा पहिचान गर्न, रासायनिक बिषादी न्यूनिकरण गरी रैथाने बाली संरक्षण गर्न र वातावरण मैत्री तथा दिगो उत्पादन प्रोत्साहन गर्न आई.पि.एम कृषक पाठशाला कार्यक्रम नियमित रुपमा संचालन गरिएको छ ।

४६. महानगरपालिकाबाट प्रांगारिक मल ३९,०४० केजी र रासायनिक मल १९७७.६५ टनमा अनुदान प्रदान गरिएको छ ।

४७. एक वडा एक उत्पादन कार्यक्रम अन्तरगत तरकारी १० वडामा, मौरी ४ वडामा, उवा १ वडामा , आलु २ वडामा , चैते धान १ वडामा , सुन्तला १ वडामा र उखु १ वडामा गरी विभिन्न २० वटा वडामा कार्यक्रम सम्पन्न गरिएको छ ।

४८. एक घर एक विरुवा अभियान अन्तर्गत कागती १३,५००, सुन्तला ३,०००, कफी १,५००, आँप १,०००, लिची १,०००, एभोकाडो २,०००, अम्बा १,०००, केरा १,००० गरी कूल २४००० थान फलफुलका नयाँ विरुवाहरु वितरण गरिएको छ ।

४९. सुन्तला खेती प्रवर्द्धन तथा सुन्तला किसानलाई प्रोत्साहन स्वरूप वडा नं. २१ र २२ का सुन्तला कृषकहरुलाइ किसान डिजिटल कार्ड वितरण तथा २० लाख नगद अनुदान प्रदान गरिएको छ।

५०. स्रोतमै फोहर वर्गिकरण, प्राङंगारिक मल कृषि उपज उत्पादन गरी मुख्य शहरी क्षेत्रलाइ हराभरा र वातावरणमैत्री बनाउन कम्पोस्ट बिन १०० थान तिवरण गरी कौशीखेतिलाइ अभियानका रुपमा संचालन गरिएको छ ।

**सहकारी तथा उद्योग प्रवर्द्धन :**

५१. एक सहकारी एक उत्पादन कार्यक्रम अन्तर्गत ४१ सहकारीसंग सहकार्य गरिएको छ । स्थानीय कच्चा पदार्थमा आधारित प्याकेजिङ र ब्राण्डिङ सम्बन्धी कार्यक्रमका लागि ९ वटा उद्योग व्यवसायलाइ अनुदान प्रदान गरिएको छ ।

५२. सहकारी सूचना प्रणाली (कोपोमिस) मा ५१ सहकारीहरुलाइ आवद्ध गरिएको छ। सहकारी संस्थाका ९० जना कर्मचारीहरुलाई ५ समूहमा २ दिने सहकारी व्यवस्थापन तथा क्षमता विकास तालिमा कार्यक्रम सम्पन्न गरिएको छ।

५३. सहकारी समिति र महानगरपालिका कर्मचारीद्वारा १०१ सहकारी संस्थाहरुको सघन अनुगमन भएको छ ।विभिन्न १३ वटा वडा कार्यालयमा वर्तमान अवस्थामा सहकारीको क्षेत्रमा विद्यमान समस्या र समाधान विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएकोछ ।

५४. महानगरपालिकाको १२ औं नगरसभाबाट सहकारी ऐन र नियमावली संशोधन गरी सहकारी दर्ता तथा व्यवस्थापन मापदण्ड तर्जुमा भएको छ ।

५५. गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमको सहकार्यमा ५० जनालाई युवा उद्यमशिलता विकास संवन्धी ७ दिने तालिम प्रदान गरिएकोछ । उपभोक्ता हित तथा सचेतना सम्वन्धी ३ वटा तालिम कार्यक्रम सम्पन्न भएको छ ।

**व्यवसाय प्रवर्द्धन तथा उद्यमशिलता विकास**

५६. गत आर्थिक वर्षमै महानगरपालिका र निजिक्षेत्र समेतको समन्वयमा पोखरामा बेरोजगार युवाहरूलाइ मर्यादित रोजगारी सिर्जना, उद्यम व्यवसाय स्थापना विकास र प्रवर्द्धन तथा उद्यमशिलता विकासको लागि आवश्यक ज्ञान, सीप तथा अवसर प्रदान गर्न एक छुट्टै निकायको रूपमा व्यवसाय प्रवर्द्धन केन्द्र (विपिसी) स्थापना गरी सञ्चालनमा ल्याइएको छ। २०७९ भाद्रमा

स्थापित यस केन्द्रले स्थापनाको छोटो समयमै यस केन्द्रले ५०० जना भन्दा बढि वेरोजगार युवाहरूलाइ विभिन्न विषयमा व्यवसायिक तथा सीपविकास तालिम प्रदान गरेको छ। साथै युवा उद्यमशिलताको लागि वित्तीय साक्षरता क्षमता विकास संभाव्यता अध्ययन सेमिनार आयोजना सार्वजनिक नीजी संवाद पोखरा आइडिया मार्ट सञ्चालन जस्ता महत्वपूर्ण कार्यक्रम सम्पन्न गरिएको छ । यस क्षेत्रमा सार्वजनिक नीजि क्षेत्र विच रचनात्मक संवादको प्रक्रिया प्रारम्भ भएकोछ ।

५७. यस केन्द्रले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपी सँगको सहकार्यमा महानगरपालिका भित्र संचालित २४ वटा फर्मलाइ स्टार्टअप प्रोत्साहन अनुदान प्रदान गरेको छ ।

५८. पोखरा महानगरपालिका र युवा स्वरोजगार कोषको संयुक्त लगानीमा लक्षित वर्गका स्थानीय साना उद्यमहरुलाइ ग्रिन डेभलपमेन्ट बैङ्कसंगको सहकार्यमा सहुलियत ब्याजदरको कर्जा लगानी लगायत विभिन्न सिपमुलुक तथा उद्यमशिलता विकास सम्वन्धी तालिमहरु प्रदान गरेको छ ।

५९. पोखरा महानगरपालिका भित्र वडागत व्यवसायिक सम्भाव्यता अध्ययन सम्पन्न गरिएको छ ।

तालिका २९: आव २०७९/८० मा व्यवसाय प्रवर्द्धन केन्द्रले सम्पन्न गरेका कार्यहरु

| **कार्यक्रमको नाम** | **सहभागी संख्या** | | |
|---|---|---|---|
| | **जम्मा** | **महिला** | **पुरुष** |
| शेयर बजार सम्बन्धि अभिमुखीकरण तालिम | ५० | १९ | ३१ |
| सहुलियत ब्याजदरमा बिना धितो ऋण प्रवाह | २५० | १५३ | ९७ |
| वित्तीय साक्षरता तथा व्यवसायिक योजना | ३८७ | २१७ | १७० |
| उद्यमशिलाता र नेतृत्व विकास तालिम | ५६ | ४८ | ८ |
| पन्चे बाजा बजाउने तालिम (वाजा समेत हस्तान्तरण गरिएको) | २४ | १२ | १२ |
| सिलाई कटाई तालिम | २० | २० | - |
| ब्युटीपार्लर तालिम | २० | २० | - |
| बाल विकास सहजकर्ता तालिम | ४२ | ४२ | - |
| सुन चाँदी गहना निर्माण तालिम | २० | - | २० |
| चाइनिज भाषा तालिम | १८ | ३ | १५ |
| एसी जडान तालिम | २० | - | २० |
| कुक तालिम | २० | १५ | ५ |
| बरिस्ता तालिम | ४० | १७ | २३ |
| प्लम्बिङ तालिम | २० | २० | - |
| चप्पल बनाउने तालिम | ४४ | ४० | ४ |

| कार्यक्रमको नाम | सहभागी संख्या | | |
|---|---|---|---|
| | जम्मा | महिला | पुरुष |
| गुडिया बनाउने तालिम | ३८ | ३६ | २ |
| सार्वजनिक निजि सम्वाद | ३६५ | ९९ | २६६ |
| पोखरा आइडिया मार्ट | ४९ | ३० | १९ |

६०. व्यवसाय प्रवर्धन केन्द्र मार्फत सफल उद्यमीको कथा डकुमेन्ट्री सहित सञ्चालन गरिएको छ ।साथै रोजगार प्रवर्धनका लागि रोजगार बैंकको स्थापना तथा रोजगार एप्सको निर्माण गरिएको छ । युवा उद्यमशिलता विकासका लागि आइडिया बैंकको स्थापना, विज्ञहरूको रोष्टर तयार गरिएको छ ।

## ३.४ सामाजिक विकास

### स्वास्थ्य तथा पोषण

६१. पोखरामहानगरपालिका मातहत १ अस्पताल २ प्राथमिक स्वास्थ्य केन्द्र १९ स्वास्थ्यचौकी २ आयुर्वेद औषधालय १ शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र २३ शहरी स्वास्थ्य केन्द्र ३ प्रस्तावित स्वास्थ्य केन्द्रमा कार्यरत करिव ३०० जना स्वास्थ्य प्राविधिकहरूलाइ अहोरात्र गुणस्तरीय स्वास्थ्य सेवाको लागि परिचालन गरिएकोछ ।

६२. पोखरा महानगरपालिकालाई पूण खोप सुनिश्चितता गरी निरन्तरता दिइएको छ । कोभिड-१९ बिरुद्धको खोप अभियान निरन्तर जारी रहेको छ । हाल सम्म ५०,३४५ जनाको क्युआर कोड प्रमाणीकरण गरिएको छ ।

६३. पोखरा महानगरपालिका मातहतको शिसुवा अस्पताललाइ रूपान्तरण गरी मेट्रो अस्पतालको रूपमा स्तरोन्नति गर्ने लक्ष्य रहेकोछ ।

६४. मातृ मृत्यु तथा नवजत शिशुलाई मृत्युबाट जोगाउन गर्भवती र सुत्केरी महिलाहरूको लागि ५० वेडको विश्रामस्थल होस्टेल सञ्चालन गर्ने प्रक्रिया सुरू भएको छ ।

६५. आ.व. २०७९।८० मा १५ वटा स्वास्थ्य संस्थामा विद्युतीय सूचना व्यवस्थापन प्रणाली लागु गरिएकोछ । साथै प्रजनन स्वास्थ्य रुग्णता व्यवस्थापन शिविर, परिवार नियोजन शिविर, बृहत स्वास्थ्य सेवा शिविर र जेष्ठ नागरिक आरोग्य शिविर लगायतका स्वास्थ्य शिविरिहरु विगत वर्षमा जस्तै गत वर्ष पनि नियमित रुपमा सञ्चालन गरिएको छ । महानगरपालिकामा कार्यरत

स्वास्थ्यकर्मीहरुका लागि क्षमता विकास तथा पुनर्ताजगी सम्बन्धी विभिन्न तालिमहरु सम्पन्न गरिएको छ।

६६. कृस्ती प्राथमिक स्वास्थ्य केन्द्र, हेम्जा स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र पोखरा वडा नं १७ र कास्कीकोट स्वास्थ्य चौकीका भवन निर्माण सम्पन्न भएको छ ।

६७. महानगरपालिकाको तर्फबाट ५१० जना विरामीलाइ प्रति विरामी १ लाखका दरले ५ करोड १० लाख रुपैया बराबरको बिपन्न नागरिक औषधी उपचार सुविधाका लागि सिफारिस गरिएको छ। यस्तै १,३५७ जना विरामीलाइ बिपन्न तथा दीर्घरोग ( प्रत्यारोपण, डाईलसिस, क्यान्सर, मेरुदण्डका पक्षघात) उपचार खर्च वापत रु.२ करोड ५ लाख १५ हजार उपलब्ध गराइएको छ।

६८. यस अवधिमा एक अत्याधुनिक एम्बुलेन्स खरिद गरिएको छ । एक एम्बुलेन्स अनुदानमा प्राप्त गरिएको छ। साविक लेखनाथ नगरपालिकाको भवनमा आरोग्य फाउन्डेसनसँगको सहकार्यमा सुविधा सम्पन्न मृगौला डाइलसिस सेवा संचालनका लागि प्रक्रिया सुरु गरिएको छ।

६९. महागरपालिकाद्धारा संचालित सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुमा बिहान ८ बजे देखि नै सेवा उपलब्ध गराउने व्यवस्था शुरु गरिएको छ ।

७०. आर्थिक वर्ष २०७९/८० मा १३,००० जनाका पिसिआर परिक्षण, १ लाख भन्दा बढिलाई कोरोना भाइरस विरुद्धको खोप लगाइएको छ । स्वास्थ्य महाशाखामा विद्यतीय रेकर्ड तथा रिपोर्टिङ प्रणाली सुरु गरिएको छ।

७१. महानगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट ९८ प्रकारका विभन्न औषधीहरु निशुल्क वितरणको व्यवस्था मिलाइएको छ ।महानगरपालिकाका ३३ वटै वडामा ब्लड प्रेसर, ब्लड सुगर, युरिन टेस्ट गर्नका लागि प्रयोगशाला स्थापना तथा संचालन प्रक्रिया शुभारम्भ गरिएको छ ।

७२. यसै गरी थप ८ वटा वडाहरूमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरिएको छ । विद्यालयमा आइरन चक्की एंव पोषण कार्यक्रम सुरुवात गरिएको छ।

७३. जटिल रोग लागेका ४८५ जना नागरिकलाई मासिक रु.५ हजारका दरले उपचार सहयोग उपलब्ध गराइएको छ।

## शिक्षा तथा खेलकुद

७४. कक्षा ११ मा अध्ययन गर्ने ३४७ जना विद्यार्थीहरूलाइ महानगरपालिकाको तर्फबाट छात्रवृत्ति उपलब्ध गराइएको छ । विभिन्न विद्यालयहरूमा कक्षा ११ र १२ मा अध्ययनरत ६०० विद्यार्थीहरुलाई निशुल्क अध्ययनको व्यवस्था मिल्याइएको छ ।

७५. महनागरपालिकाका १५ वटा विद्यालयमा सुत्केरी सट्टा शिक्षकको व्यवस्थापन गरिएको छ।

७६. महानगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा ९ वटा चार कोठे भवन र ३ वटा दुइ कोठे भवन निर्माण सम्पन्न गरिएको छ । भौतिक पूर्वाधार सुधारका लागि ६९ विद्यालयहरुलाइ अनुदान प्रदान गरिएको छ ।

७७. महानगरपालिका भित्र सञ्चालित २०३ वटा सामुदायिक विद्यालयका प्रध्यानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरिएको छ । महानगरपालिका भित्र सञ्चालित विद्यालयहरुलाई व्यवस्थित तथा प्रभावकारी बनाउन १७ बुँदे निर्देशन जारी गरी कार्यान्वयन गरिएको छ। उक्त निर्देशनको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएकोछ ।

७८. महनागरपालिकाका विभिन्न ५ वटा सामुदायिक विद्यालयहरुलाई स्कुलबस हस्तान्तरण गरिएको छ । थप ७ वटा सामुदायिक विद्यालयहरुका लागि स्कुलबस खरिदका सम्झौता सम्पन्न भएको छ । अपाङग क्षेत्रका सवलीकरणका लागि अपाङगमैत्री गाडी स्वालम्बन जीवन पद्धति केन्द्रलाइ हस्तान्तरण गरिएको छ ।

७९. १० वटा विद्यालयहरूका ६० कक्षा कोठामा मल्टिमिडिया प्रविधि जडान गरिएको छ। ५ वटा विद्यालयहरूमा कक्षाकोठाको स्तरोन्नति गरिएको छ।११ वटा विद्यालयमा कम्प्युटर ल्याब र इ–लाइब्रेरी निर्माण गरिएको छ।३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गरिएको छ । केहि विद्यालयमा नयाँ पुस्तकालय स्थापना गरिएको छ।

८०. महानगरपालिकाबाट कक्षा ७ र ९ को परिमार्जित पाठयक्रम बमोजिम ६९८ जना शिक्षकहरुलाई तालिम प्रदान गरिएको छ। ८१० जना शिक्षकहरूलाई तीन दिने अवधिको तालिम प्रदान गरिएको छ ।१८९० जना शिक्षकहरूको वैयक्तिक विवरण डिजिटल प्रणालीमा सामावेश गरिएको छ।

८१. महानगरपालिका भित्रका सामुदायिक विद्यालयमा प्रा.विमा ३४,निमाविमा २ र मा.विमा ६जना नया शिक्षक पदस्थापन गरिएको छ । यस अवधिमा अवधि सकिएका विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ।

८२. पोखरा महानगरपालिकामा सञ्चालित खुला विद्यालय २ सामुदायिक सिकाइ केन्द्र १८, कक्षा ९ देखि १२ मा प्राविधिक धार तर्फको कक्षा सञ्चालन गर्ने विद्यालय संख्या २ र CTEVT को साझेदारीमा सञ्चालित प्राविधिक विद्यालय संख्या २ रहेकोछ ।

८३. अमरसिंह मा.बि.मा अध्ययनरत दृष्टिविहिन बिद्यार्थीहरुका लागि ब्रेललिपीका पुस्तकहरु प्रदान गरिएको छ । २०६२/६३ को जनआन्दोलनमा पोखराका प्रथम शहिद भिमसेन दाहालका छोरा विस्तृत दाहाललाई एमबिबिएस अध्ययनको सम्पुर्ण खर्च सहयोग प्रदान गरिएको छ।

८४. महानगरपालिकाका विद्यालयहरुको एसईई परिक्षाको नतिजा अनुसार गत आवको नतिजा अघिल्लो वर्ष भन्दा ७ प्रतिशतले सुधार भएको छ।

८५. महानगरपालिकाको शैक्षिक बुलेटिन प्रकाशन गर्ने गरिएको छ । साथै शैक्षिक क्यालेण्डर तयार गरी कार्यान्वयन गरिएको छ ।

८६. पोखरा महनगरपालिका अन्तरगतको गण्डकी बहुप्राविधिक शिक्षालयमा डिप्लोमा इन सिभिल इञ्जियरिङ तथा अटोमोबोइल इन्जिनियरिंग र बन विज्ञानका कार्यक्रम थप गरी पठनपाठन सञ्चालन गरिएको छ। आगामी वर्ष स्वास्थ्यका थप दुई विषय डिप्लोमा इन फार्मेसी र हेल्थ अस्टेन्टमा कक्षा सञ्चालनको स्वीकृति लिने प्रयास भइरहेको छ ।गण्डकी बहुप्राविधिक शिक्षालयको हाल सम्म परिक्षाको प्राप्त नतिजा देशभरीमै उत्कृष्ट देखिएको छ ।

८७. नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी महानगरपालिकावासी खेलाडीहरूलाई प्रोत्साहन स्वरुप नगद सहित सम्मान गरिएको छ। प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूमा स्वर्ण पदक विजेता तर्फ ३५, रजत पदक तर्फ ३२ र कांस्य पदक तर्फ ८५ गरी १९२ जनालाइ महानगरपालिकाबाट सम्मान गरिएको छ।

८८. नेपालका ओलम्पियनहरुलाई पोखरा महानगरपालिकाको तर्फबाट विशेष सम्मान प्रदान गरिएको छ । गत एक वर्षमा पोखरा महानगरपालिकास्तरीय २१ वटा खेलकुद प्रतियोगिता सम्पन्न भएका छन।केहि राष्ट्रिय स्तरका प्रतियोगिताहरु आयोजनामा समेत महानगरपालिकाबाट सहकार्य भएको छ ।

८९. दक्षिण एसियामै पहिलो पटक पोखराको फेवातालमा नेपाल चीन मैत्रिपूर्ण ड्रागन बोटरेस प्रतियोगिता २०८० सम्पन्न गरिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

९०. महानगरपालिका भित्र अभिलेखीकरण भएका १९,८५६ भुमिहिन सुकम्बासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीहरुलाई निस्सा वितरण गर्ने कार्य सम्पन्न भएको छ।

९१. महिला सशक्तिकरणको लागि नमूना कार्यक्रमको रूपमा रहेको उपप्रमुखसँग महिला कार्यक्रम सफ्टवेयर प्रणालीवाट अध्यावधिक गरिएको छ ।यस कार्यक्रमबाट आव २०७९/८० मा १५९ जनालाई रु २ करोड ८० लाख ४९ हजार ५ सय ६३ लगानी भएको छ । यस कार्यक्रमबाट हालसम्म ५९० जना (एकल महिला, दलित, जनजाती, मुस्लिम, द्धन्द्धपिडित, कृषक लगायत) महिलाहरुलाई रु.११ करोड ५५ लाख ७२ हजार ७७४ रकम सहुलियतदरको ब्याजमा ऋण उपलब्ध गराइएको छ।

९२. अनाथ बालबालिकाहरुको उद्धार, राहत र पुनर्स्थापना कार्यक्रम अभियानका रुपमा संचालन भएको छ ।सबै वडाहहरुमा वडास्तरीय बालमञ्च र एक महानगरपालिका स्तरीय बालमञ्च गठन गरी बालबालिकाहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

तालिका ३० : उपप्रमुखसँग महिला कार्यक्रमको हाल सम्मको प्रगति

| |
|---|
| जम्मा विनियोजन भएको रकम रु १० करोड ४३ हजार ३ सय मात्र |
| लगानी भएको जम्मा रु ११ करोड ५५ लाख ७२ हजार ७ सय ७४ मात्र |
| बैंकमा मौज्दात रकम रु १ करोड ७७ लाख ५ हजार ८ सय ९ मात्र |
| सम्पन्न भएका कानुनी सचेतना र शैक्षिक सहजता कार्यक्रम ४३ वटा |
| व्यक्तिगत रुपमा लगानी माग संख्या (महिला कृषि समूह, महिला समूह, गार्मेन्ट उद्योग, महिलाद्धारा महिला सहकारी संस्था समेत) ५४८ |
| हालसम्म लगानी असुली भैसकेको ऋणी संख्या ६६ |

९३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ६९२ बेरोजगार सूचिकृत भएकोमा ८ वटा वडाका २० आयोजनामा १२९ जनालाई रोजगारी प्रदान गरिएको छ ।

९४. साझेदारी विकास कोष मार्फत न्यून आय भएका नागरिकहरुका लागि १०० वटा घर निर्माण तथा मर्मत कार्य सम्पन्न भएकोछ । थप १०० वटा घर निर्माण तथा मर्मतका लागि महानगरपालिका, लुमन्ती परियोजना र कामना सेवा विकास बैंक बिच सम्झौता भइ कार्यान्वयन प्रक्रिया प्रारम्भ भएको छ।

९५. यस अवधिमा १७०७ जनालाइ अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । ४० हजार लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। ५० जना सडक बालबालिका तथा २० जना अनाथ बालबालिकाको समुचित व्यवस्थापन गरिएको छ।

९६. महानगरपालिकाका तर्फबाट ज्येष्ठ नागरिक सम्मान (महानगरपालिका माता-पिता) कार्यक्रम सम्पन्न गरिएको छ । ज्येष्ठ नागरिक मिलन केन्द्रलाई सहयोग, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षमता विकास कार्यक्रम समेत सफलतापुर्वक सम्पन्न भएको छ ।

*तालिका ३१ :प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रगती*

आ व २०७९/८०

- जम्मा सुचिकृत वेरोजगार संख्या : ६९२
- कार्यान्वयन वडा संख्या : ८
- आयोजना संख्या : २०
- रोजगारी क्षमता : १४० जना
- रोजगारीमा संलग्न संख्या : १२९

९७. यस अवधिमा पोखरा स्थित कोही नभएका केहि नभएका असहाय व्यक्तिहरूको मानवोचित व्यवस्थापनको लागि सञ्चालित मानव सेवा आश्रमलाई सहयोग उपलव्ध गराइएको छ । साथै बोक्सी कुप्रथा विरुद्ध जनचेतनामूलक जागरण अभियान, विन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समिति भवन निर्माण, राधाकृष्ण बृद्धाश्रम, युवा परिचालन, बरपाण्डेथुम ज्येष्ठ नागरिक चौतारी निर्माण, ज्येष्ठ नागरिकलाइ सिप विकास, प्रत्येक वडामा जेष्ठ नागरिक मिलन केन्द्र निर्माणमा सहयोग गरिएको छ ।

९८. सुस्त श्रवण तथा दृष्टिविहिनहरुको सशक्तिकरण र पोखरा बृद्धाश्रम लगायतका सामाजिक सँघ संस्थाहरुसँगको सहकार्यमा विभिन्न सहायता कार्यक्रमहरू सम्पन्न भएको छ।

९९. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका परिकल्पनाकार तत्कालिन अन्चलाधिश शंकरराज पाठकलाई नागरिक अभिनन्दन सहित सम्मान गरिएको छ।

१००.पोखराको साँस्कृतिक चिनारीसँग जोडिएका गन्धर्व जातिका लागि सारङ्गी निर्माण तथा वाद्यवादन सम्बन्धी तालिम प्रदान गरिएको छ। २९ जना दलित महिलाहरुका लागि हलुका सवारी चालक प्रशिक्षण प्रदान गरिएको तथा १० प्रकारका अपाङ्गता भएका व्यक्तिहलाइ क्षमता विकास तालिम र ३०० जना ज्येष्ठ नागरिकहरुलाइ जीवन जिउने कला सम्बन्धी तालिम प्रदान गरिएको छ।

१०१. लक्षित समुदायहरुका लागि (झोला बुन्ने, टपरी बनाउने, क्रिस्टलका चुरा बनाउने, फिनेल तथा साबुन बनाउने लगायतका तालिम कार्यक्रमहरु (वडा नं. २५, २७, २९, ३०) मा सञ्चालन

गरिएको छ भने वडा नं. १३,१९ र २३ का दलित समुदायलाइ बाजा वितरण तथा वडा नं. १३ र १९ का विपन्न परिवारलाइ आयआर्जनका लागि बीउपूँजी सहयोग प्रदान गरिएको छ ।

१०२. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत सबै वडाहरुमा परामर्श सेवा प्रदान गरिएको छ।

**भाषा, साहित्य तथा कला संस्कृति**

१०३. पोखरा महानगरपालिकाबाट स्थापित पोखरा प्रज्ञा प्रतिष्ठान मार्फत विभिन्न साहित्यिक कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

१०४. नेवारी संस्कृतिको २५० वर्ष पुरानो इतिहास बाकेको ऐतिहासिक भैरव नाच, तायमचा र विभिन्न जातजाति तथा समुदायका कला, भाषा र संस्कृतिको प्रर्वद्धनात्मक गतिविधिहरुमा सहकार्य गरिएको छ।

१०५. पोखरामा भएका विभिन्न साहित्य महोत्सवलाई महानगरपालिकाले सहयोग तथा सहकार्य गरी पोखरेली वाङ्मय विकासमा महत्ववपूर्ण योगदान तथा साझेदारी सुरु गरिएको छ।

१०६. पोखरा प्रज्ञा प्रतिष्ठान र बङ्गलादेशी साहित्यकारहरुका बिचमा दुईपक्षीय सांस्कृतिक तथा सदभावना भ्रमण सम्पन्न भएका छन् ।

१०७. पोखराको महेन्द्रपूलमा जीर्ण भवनमा रहेको पुस्तकालय र आर्ट ग्यालरीलाई नयाँबजार स्थित क्षेत्री समाजको सुविधासम्पन्न भवनमा स्थानान्तरण गरी व्यवस्थापन गरिएको छ ।

## ३.५ भौतिक पूर्वाधार, शहरी विकास तथा पर्यटन

१०८. आव २०७९/८० मा रु.१ अर्व ६६करोड ५५ लाख २३ हजारको खर्चमा भौतिक पुर्वाधार निर्माण सम्बन्धि १४२ वटा बोलपत्र आह्वान भएकोमा निर्माण सम्पन्न भएका आयोजनाको संख्या १२० रहेको छ।

१०९. आ.व २०७९/८० मा महानगरपालिकामा कुल २७.२ कि.मी सडक कालोपत्रे गरिएको छ । मणिपाल रयालेचौर मौजा सडक (३ कि.मी), सौरे रैकर वेगनास सडक (५ कि.मी.) र विभिन्न वडाहरुमा ५ कि.मी गरी कुल १३ कि.मी सडक ग्राभेल गरिएको छ।

तालिका ३२ : आव २०७९/८० मा कालोपत्रे भएका सडकको विवरण

| सडक आयोजनाको नाम | लम्बाई (की.मी) |
|---|---|
| वैदाम—पामे—घाटिछिना | ६ |

| | |
|---|---|
| कात्रे—बाम्दी—घाटिछिना | ५ |
| सराङकोट—कास्कीकोट कृषि सडक | ३ |
| काँहुखोला—पहिरोपानी सडक | २.७ |
| जनचेतन—चिलाउने खर्क सडक | १.६ |
| कृष्ती प्राथामिक स्वास्थ्यचौकी—ठकुरी गाउँ सडक | ०.९ |
| कालिकाचोक—थुमाकोडाँडा सडक | १.५ |
| वडा नं.९ राधाकृष्ण मन्दिर—तीनकुने मार्ग | १.७ |
| अन्य विभिन्न वडाहरुमा | ५ |
| **जम्मा** | **२७.२** |

११०. गत आवमा बाटो ढलान ११.१८ कि.मी, सडक स्तरोन्नती ५.३४ कि.मी, कनेक्टिङ सडक निर्माण २ कि.मी, नाला निर्माण ४.३९ कि.मी, नहर निर्माण २५० मि., फुटपाथ निमाण ७२५ मि. गरी कुल १३७ वटा सडकहरूको स्तरोन्नति, अस्फाल्ट पिच, ढलान तथा नाला निर्माण लगायतका कामहरू सम्पन्न भएका छन ।

१११. महानगरपालिकाका विभिन्न क्षेत्रहरुमा प्याकेज बनाएर रिसिलिङको काम भैरहेको छ। प्याकेज १ अन्तरगत १०.२३ किमि सडक रिसिलिङ गरिएको छ। प्याकेज २ अन्तरगत ५.९७ किमि सडक रिसिलिङ गरी करिब ३९ कि.मी सडकमा रिसिलिङ र प्याचअपको काम सम्पन्न भएको छ। आव २०७९/८० मा कुल ९१ कि.मी सडक निर्माण तथा स्तरोन्नति भएको छ।

तालिका ३३: पूर्वाधार क्षेत्र अन्तरगतका आयोजनाहरुको समग्र प्रगति

| शाखा तथा उपक्षेत्र | जम्मा योजना | १००% सम्पन्न | ७५% सम्पन्न | ५०% सम्पन्न | कार्यान्वयन नभएको |
|---|---|---|---|---|---|
| सडक यातयात तथा पुल | ४२२ | ३३३ | ३ | २ | ८४ |
| भवन शाखा | ७८ | ५४ | ४ | १ | १९ |
| खानेपानी तथा सिंचाई | ५० | ३४ | | | १६ |
| पर्यटन तथा वतावरण | २०७ | १७० | | | ३७ |
| अन्य पुर्वाधार निर्माण | १८६ | १९ | | | १६७ |
| हामि बनाउँछौ हाम्रो महानगरपालिका | १६३ | १५ | | | १४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| गौरबका योजनाहरु | ५५ | ५ | | | ५० |
| **जम्मा** | ११६१ | ६३९ | ७ | ३ | ५२१ |

११२. योजना अनुगमन तथा सुचना प्रविधि महाशाखा अन्तरगत उपभोक्ता समितिबाट ५५ वटा योजनाहरु सम्झौता भएकोमा ५३ वटा योजनाहरु सम्पन्न भएका छन । ३० लाख भन्दा माथिका १०९ वटा योजनाहरुको अनुगमन गरिएको छ।

११३. पूर्वाधार निर्माणलाई सहजिकरणका लागि डोजर प्रयोग गर्न ९२ वटा डोजरलाइ अनुमति दिइएको छ ।

तालिका ३४: योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा अन्तरगतको प्रगति

| **योजनाको प्रकार** | **सम्पन्न योजना** | **बाँकी योजना** | **जम्मा योजना** | **परिमाण लम्बाई** | **प्रगति प्रतिशत** | |
|---|---|---|---|---|---|---|
| | | | | | **भौतिक** | **वित्तीय** |
| बाटो ढलान | २५ | ० | २५ | ११.१८ किमि | १०० | ९४ |
| बाटो स्तरोन्नती | ८ | १ | ९ | ५.३४ किमि | ८९ | ७८ |
| कनेक्टिङ्ग बाटो निर्माण | १ | ० | १ | २ किमि | १०० | ९३ |
| नाला निर्माण | ८ | ० | ८ | ४.३९ किमि | १०० | ८६ |
| नहर निर्माण | १ | ० | १ | २५० मिटर | १०० | १०० |
| फुटपाथ निर्माण | १ | ० | १ | ७२५ मिटर | १०० | ९० |
| कम्पाउण्डवाल निर्माण | २ | ० | २ | ५० मिटर | १०० | ९५ |
| खानेपानी लाइन विस्तार | १ | ० | १ | ८३० मि | १०० | १०० |
| खेलमैदान निर्माण | १ | ० | १ | १ वटा | १०० | ८७ |
| मन्दिर निर्माण | १ | ० | १ | १ वटा | १०० | ९० |
| लामे आहालमा फोहर व्यवस्थापन पूर्वाधार | ० | १ | १ | १ वटा | ० | ४८ |
| गौशाला सहित गोरक्ष योग सेन्टर पूर्वाधार | १ | ० | १ | १ वटा | १०० | १०० |
| भवन मर्मत सम्भार | ३ | ० | ३ | ३ वटा | १०० | ९४ |

११४. न्युरोड-चिप्लेढुङ्गा-महेन्द्रपुल-पृथ्वीचोक-सभागृह क्षेत्रका सडक पार्किङ व्यवस्थापनका लागि अन्डरग्राउन्डहरु खाली गरी संचालन गरिएको र सडक छेउका खाली जग्गाहरु समेत पार्किङ्गमा उपयोग गरिएको छ ।

११५. महानगरपालिकाको स्टयान्डर्ड डिजाइन अनुसार वडा नं.१०,१५, २६,३२ का वडा कार्यालय भवनको निर्माण सम्पन्न भएको छ। वडा नं. १, ५,८,१७,१८, २०,२७ र ३१ को वडा कार्यालय भवनहरू निर्माणाधीन अवस्थामा छन् ।

तालिका ३५ :२०७९/८०मा सम्पन्न अन्य पूर्वाधार

| | |
|---|---|
| मन्दिर ३३ | पार्क संरक्षण १४ |
| पहिरो नियन्त्रण १४ | चौतारी संरक्षण १८ |
| पर्यटन पूर्वाधार २१ | पुरातात्विक सम्पदा २ |
| खोला नियन्त्रण ५ | बस्ती संरक्षण २ |
| विद्युत पोल सार्ने १ | पोखरी संरक्षण ५ |
| दाहसंकार घाट ५ | सार्वजिनक जग्गा संरक्षण ४ |
| तारजाली ७ | धारा तथा मुहान संरक्षण ७ |

११६. महानगरपालिकाको मुख्य प्रशासकीय भवन, द्रुतसेवा तथा नगर प्रहरी ब्यारेक, पुस्तकालय तथा आर्ट ग्यालरीका लागि पोखरा हाउसको डिपिआर तयार भएको छ ।

११७. आ.व. २०७९/८० मा १००० बर्ग फिट भन्दा बढिको क्षेत्रफलमा निर्माण हुने घर तथा भवनको हकमा कुल आवेदन प्राप्त ७३४, अस्थायी स्वीकृति प्रदान ५३७, स्थायी स्वीकृति प्रदान ६८५ र निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिएका घर तथा भवन ६३५ रहेका छन् । त्यसैगरी, कुल ९५०० पुराना घरहरुको नक्शा तथा फाईल डिजिटाईजेसन सम्पन्न गरिएको छ ।

११८. विश्व बैंकको सहयोगमा हरियाली, फुटपाथ, साइकल टर्याक र डिभाइडर सहित चार लेनको ३.२८ कि.मी तालचोक-बेगनास सडक खण्ड विस्तार कार्य सुरु भई तिव्ररूपमा कार्यान्वयन भईरहेकोछ ।उक्त परियोजना अन्तरगत थप दुई सडक योजना विरौटा-दोविल्ला-पुँडिटार सडक र लेखानाथ-डाडाको नाक-शिसुवा-खुदीखोला-गगनगौंडा सडक स्तरोन्नति समेत सम्पन्न हुने प्रक्रिया अघि बढेकोछ ।

११९. महेन्द्रपुलमा लायन्स इन्टरनेश्नलको सहयोगमा अन्तर्राष्टिय झन्डापार्क र गैरआवासीय नेपाली संघ (एनआरएनए)को सहयोगमा अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृहको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

१२०. कोरियाली अन्तर्राष्ट्रिय सहयोग निकाय (कोइका) को करिव ३.५ अर्वको सहयोगमा पोखरामा हरित यातायात प्रणाली विकासका लागि ८४ वटा बस रुटका १२८६ स्थानमा बस स्टप तथा ३ स्थानमा बस टर्मिनल निर्माण गर्न प्रारम्भिक सम्झौता भएको छ।

१२१. जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका) को प्राविधिक सहयोगमा ढल निकास तथा फोहोर पानी प्रशोधन केन्द्र स्थापना सम्वन्धी गुरुयोजनाको प्रारम्भिक मस्यौदा तयार भएको छ।

१२२. एशियाली विकास बैंकको सहयोगमा दिगो पर्यटन विकासका लागि शहरी उत्थानशीलता तथा जिविकोपार्जन सुधार परियोजना अन्तरगत विभिन्न योजनाहरू सञ्चालन गर्ने प्रक्रिया शुरु भएको छ।

१२३. पोखराको एकिकृत पर्यटकीय गुरुयोजना तयार गरी सम्भाव्य पर्यटकीय परियोजनाहरुको अध्ययन गरी निजिक्षेत्रबाट लगानी आकर्षित गर्न महानगरपालिका, नगर विकास कोष र निफ्रा बैंकबीच प्रारम्भिक समझदारी सम्पन्न भई संभाव्य परियोजना पहिचान गर्ने कार्य प्रारम्भ भएको छ।

१२४. युएनडिपी र कोइकाको सहयोगमा नकुहिने फोहोरको चक्रीय उपयोग (रिसाइकल र अपसाइकल) मार्फत हरित रोजगारी श्रृजना र उद्यमशिलता विकास सम्वन्धी परियोजना सञ्चालनका लागि सम्झौता सम्पन्न भएको छ।

१२५. वातावरणीय सन्तुलन तथा परम्परागत संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले वडाहरूको बार्षिक कार्यक्रममा समेत समावेश गरी चौतारी संरक्षण गर्ने अभियानलाइ निरन्तरता दिइएकोछ ।

१२६. पोखरालाई पर्यटन राजधानी घोषणा गर्ने योजना सहित पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालन, रत्नमन्दिर खुल्ला र हिमागृहमा प्रवेश खुला गर्न नेपाल सरकारसँग समन्वय भइरहेको छ।

१२७. फेवाताल सरसफाईका लागि जलकुम्भी हटाउन निजि क्षेत्र, संघ तथा प्रदेश सरकार, तिनवटै सुरक्षा निकाय र सामाजिक संघ/संस्था र स्थानीय समुदायको सहकार्यमा महाअभियान सञ्चालन गरिएको छ।

१२८. २०७४ अघि सम्पन्न भई विविध कारणले सम्पन्न प्रमाणपत्र नलिएका घर तथा भवनहरुको अभिलेखिकरण प्रक्रिया सुरु गरिएको छ। नयाँ घर तथा भवन निर्माण र व्यवस्थित शहरी विकासको लागि महानगरपालिकाका सडकहरुको एकिकृत मापदण्ड तयार गरिएको छ।

१२९. उज्यालो पोखरा अभियान अन्तरगत पोखराका २३ वटा मुख्यचोकहरुमा हाइमास्ट लाइट जडान गरिएको छ भने २००७ स्मार्ट सडक बत्तीहरु जडान भई प्रयोगमा ल्याइएको छ। यसै अन्तरगत सभागृहदेखि चिप्लेढुङ्गासम्म डिभाइडर र बगैचा सहित ६१ वटा पोलहरुमा १२२ बत्ती जडानको काम सम्पन्न भएको छ । गार्डेन सहितको डिभाइडरमा २६०० भन्दा बढि एक्सोरा प्रजातिका फूल रोपिएको छ।

१३०. महानगरपालिकाको २० कि.मि क्षेत्रमा विद्युत, टेलिफोन, अप्टिकल फाइबर लगायतका तारहरु भुमिगत गर्न युटिलिटी करिडोर निर्माण सुरु भएको छ। विद्युत प्राधिकरणसँगको सहकार्यमा पहिलो चरणमा कुँडहर सवस्टेशनबाट बिजुलीका तारहरु भूमिगत गर्ने काम भइरहेको छ ।

१३१. पोखरामा बहुतले पार्किङस्थल र सिटी वसपार्कको अध्ययन तथा डिपिआर तयार गर्न पोखरा महानगरपालिका र नगर विकास कोष विच सम्झौता भएकोछ ।

१३२. सडकको क्षेत्राधिकार (Right of Way) मा अनाधिकृतरूपमा बनेका घर टहरा हटाई सार्वजनिक स्थल तथा सम्पत्तिको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइएकोछ ।

१३३. पोखराको पुरानो बजार क्षेत्र र वडा नं. ३ को प्रवेशद्धार पालिखेचोकमा नेवारी कलात्मक शैलीको फाल्चा निर्माण गरिएको छ।

## ३.६ बन, वातावरण तथा विपद् व्यवस्थापन

१३४. पोखराका अग्ला डाँडाहरुमा लालिगुँरास र समथर भागमा लालुपाते फुल रोपी यसको सौन्दर्यकरणमा जोड दिने रणनीति बमोजिम महानगर मेयर सम्मेलनको अवसरमा वडा नं १८ सराङकोट स्थित शिव मन्दिर र दृश्यावलोकन केन्द्र (भ्यु—टावर) परिसरमा ११ प्रजातिका लालीगुराँसका बिरुवाहरू रोपण गरिएको थियो ।

१३५. पोखरा महानगरपालिकामा निजी क्षेत्रसंगको साझेदारीमा सार्वजनिक शौचालयहरु सञ्चालन तथा व्यवस्थापन सुरू गरिएको छ। महानगरपालिका भित्र ३२ स्थानका ७२ वटा शौचालयहरू सर्वसाधारणहरूको उपयोगका लागि खुला गरिएको छ।

१३६. सडकमा जथाभावी छोडिएका चौपायाको खोजी गरी व्यवस्थापन गर्न वडा नं १४ स्थित साविकको ल्याण्डफील साइटमा सुविधा सम्पन्न गौशाला निर्माण गरी पुष्करिणी परोपकार गोकुल धाम निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

१३७. योगसाधना मार्फत नागरिकमा आरोग्यता अभिबृद्धि गर्न प्राकृतिक चिकित्सा प्रणालीलाई प्रोत्साहित गरिएकोछ ।वडाहरूमा योगशिविर सञ्चालनको अभियान चलाइएकोछ । वडा नं १४ मा गोरक्ष योग केन्द निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ ।

१३८. मिति २०७९।१०।०१ गते भएको हवाइजहाजको दुखद दुर्घटनामा परी मृत्यु भएकाहरूको चीरशान्तिको कामनाको लागि दुर्घटनाको १३ औं र ४५औं दिनमा दुर्घटनास्थलमा १३८ जना पण्डित सहभागी गराइ स्वस्ति शान्ति गराइएकोछ ।

१३९. बैदाम लेकसाइडमा अवस्थित बसुन्धरा पार्कलाइ बिभिन्न देशहरुसंगको भगिनी सम्बन्ध झल्किने थिम पार्कका रुपमा विकास गर्ने गरी कार्य शुरु भएको छ।

१४०. ग्रीन पोखरा क्लिन पोखरा अभियान सुरु गरी आवश्यक जनशक्ति व्यवस्था सहित आगामी २ वर्ष भित्र २ लाख वृक्षारोपण गर्ने गरी कार्ययोजना तर्जुमा गरिएको छ।

१४१. पोखरा मुग्लिन सडक विस्तार आयोजना अन्तरगत कोत्रे देखि पोखरासम्मको सडक खण्डमा क्षेत्राधिकार (राइट अफ वे) भित्र रहेका संरचनाहरु हटाइ निर्माणका लागि सहयोग गरिएको छ।

१४२. विपद् व्यवस्थापनमा पुर्व तयारी, क्षति न्यूनिकरण, प्रतिकार्य तथा राहत वितरण भएको छ। आगलागीका १८२ घटनामा आगलागी नियन्त्रणको लागि महानगरपालिकाको दमकल परिचालन गरिएको छ ।

१४३. महानगरपालिकामा विपद जोखिम न्यूनिकरण सिकाइ केन्द्रको स्थापना गरिएको छ । यस सूचना केन्द्रबाट विपदका सूचना प्राप्त हुने हुँदा विपद व्यवस्थापनमा सहजिकरण भैरहेको छ ।

तालिका ३६: आव २०७९/८० मा विपद् व्यवस्थापनमा भएका कार्यहरु

| कार्यक्रम | माग संख्या | निर्णय संख्या | कार्यान्वयन संख्या | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| विपद् प्रभावित सहयोग | ५८ | २८ | २८ | २५००० | विपद् व्यवस्थापन कोषबाट खर्च |
| राहत वितरण | १३५ | १२६ | १२३ | ४५० | |
| सचेतना कार्यक्रम | १० | ३ | ३ | महानगरपालिका सबै | |
| विपद् व्यवस्थापन सामग्री खरिद (रु. लाखमा) | ५० | १० | १० | महानगरपालिका सबै | विपद् व्यवस्थापन कोष बाहिरबाट खर्च |
| राष्ट्रिय पुननिर्माण प्राधिकरण संगको सहकार्यमा घर निर्माण | ३३ | २५ | १५ | १०५ | दोस्रो किस्ता भुक्तानीको चरणमा रहेको |
| विपद् र मनसुन प्रतिकार्य योजना | २ | २ | २ | महानगरपालिका सबै | |
| विपद् न्यूनिकरण तथा रोकथाम | एक तालिम सम्पन्न | | | | |

१४४. पोखरा ३३ मा सार्वजनिक निजि साझेदारी अवधारणा अन्तरगत अत्याधुनिक प्रविधिमा आधारित फोहोर प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनका लागि प्रस्ताव आह्वान भइ प्रक्रिया अगाडि बढेको छ।

१४५. सार्वजनिक सम्पतिको संरक्षणमा लगत संकलन गर्ने, सार्वजनिक जमिनमा बनेका संरचनाहरु खाली गराउने लगायतका प्रभावकारी कदमहरु चालिएका छन। नियमित रुपमा बजार अनुगमन एवं फुटपाथ नियन्त्रणका कार्यहरु निरन्तर सञ्चालन गरिएका छन्।

# परिच्छेद : चार
# वडागत प्रगति

## ४.१ पृष्ठभूमी

पोखरा महानगरपालिकाका ३३ वटा वडाहरूले आव २०७९/८० मा सञ्चालन गरेका विभिन्न क्षेत्रगत आयोजना तथा कार्यक्रमहरूको कार्य सम्पादनको प्रगति अवस्था र भौतिक प्रगति विवरण प्रस्तुत गरिएको छ। महानगरपालिकाबाट विनियोजित बजेटका आधारमा वडागत वित्तीय प्रगति माथि परिच्छेद-३ मा नै प्रस्तुत भइसकेको छ। यस परिच्छेदमा वडाहरूले सञ्चालन गरेका विभिन्न क्षेत्र तथा उपक्षेत्रगत आयोजना र कार्यक्रमहरूको सङ्ख्या उपभोक्ताहरूबाट परिचालित रकम र हासिल भएको भौतिक प्रगतिको एकरूपता कायम हुने गरी तालिकामा प्रस्तुत गरिएको छ ।

क्षेत्रफलको दृष्टिले ठुलो भूगोल र विविधतायुक्त विशेषता सहितको महानगरपालिका भएकोले गर्दा पोखरा महानगरपालिकाका सबै वडाहरूका विकासको आवश्यकता र प्राथमिकता फरक-फरक छन् । त्यसैले सबै वडाहरूमा विनियोजन भएको बजेट, खर्च प्रगति र कार्य सम्पादन स्तरका साथै कार्यान्वयन भएका आयोजना तथा कार्यक्रमहरूमा पनि विविधता छ । वार्षिक प्रगति प्रतिवेदनका लागि महानगरपालिकाबाट राष्ट्रिय योजना आयोगले प्रदान गरेको मार्गदर्शनलाई समेत ध्यान दिई तयार गरी दिइएको ढाँचामा वडाहरूबाट प्रतिवेदन प्राप्त हुन नसक्दा आपसमा वडाहरूको तुलना गर्न कठिनाइ देखिएको छ ।

त्यसैगरी, अधिकांश वडाहरूको प्रतिवेदनमा उपभोक्ता समिति मार्फत सम्पन्न योजनाहरूमा जनसहभागिता उल्लेख गरिएको छैन । सिद्धान्त उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको हकमा जनसहभागिताको योगदान जरुरी हुन्छ । पोखरा महानगरपालिकामा यस प्रकृतिका योजनामा जनसहभागिताको योगदान न्यून देखिएको छ ।

अधिकांश वडाहरूबाट प्राप्त प्रतिवेदनमा भौतिक प्रगतिको परिमाण उल्लेख नहुँदा शतप्रतिशत देखिएको वित्तीय प्रगतिलाई पुस्ट्याइँका लागि थप दस्तावेजहरू अध्ययन गर्नुपर्ने हुन सक्छ। यसले गर्दा महानगरपालिकाको समग्र प्रतिवेदनमा देखिएको परिमाणात्मक प्रगति र वडागत प्रतिवेदनमा प्रस्तुत परिमाणात्मक सूचकहरूमा तादाम्यता नमिल्न सक्छ। तथापि यस प्रकारको वार्षिक प्रगति प्रतिवेदन तयारी महानगरपालिकाले पहिलो पटक भएकोले आगामी प्रतिवेदनहरूमा सुधार हुने अपेक्षा सहित छोटो सूचनामा जे जस्ता विवरणहरू प्राप्त भए त्यसैलाई सकेसम्म तथ्यपरक बनाउने प्रयासका साथ यहाँ प्रस्तुत गरिएको छ ।

## पोखरा महानगरपालिका ३३ वटै वडाहरुको समग्र कार्य प्रगति विवरण

तालिका ३७: आव २०७९/८० मा सबै वडाहरुमा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको प्रगति (रकम रु.हजारमा)

| योजना तथा कर्यक्रम | योजनाको अवस्था | | | सम्झौता रकम | जम्मा खर्च | लम्बाई कि.मि. | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | भौतिक | वित्तिय |
| बाटो ढलान | ५८२ | ० | ५८२ | ६२६२३५.० | ५८८५०५.० | ४७.९९ | १०० | ९४.० |
| बाटो स्तरोन्नती | १९२ | ० | १९२ | १५३९१५.० | १३९४०६.० | २८.४६ | १०० | ९०.६ |
| कनेक्टिङ्ग बाटो निर्माण | १ | ० | १ | ७५००.० | ६९४७.० | २ | १०० | ९२.६ |
| पैदल मार्ग निर्माण | ६९ | ० | ६९ | ४०५०४.० | ३७५५९.० | ३.४५ | १०० | ९२.७ |
| नाला निर्माण | १०७ | ० | १०७ | ११७००६.० | १०४०२२.० | १५ | १०० | ८८.९ |
| वाल निर्माण | ४६ | ० | ४६ | ४०५२५.० | ३८५७३.० | १.१४ | १०० | ९५.२ |
| खानेपानी लाइन विस्तार÷मर्मत सम्भार | १४१ | ० | १४१ | ६०२०३.० | ५६८३५.० | २०.६९ | १०० | ९४.४ |
| नहर निर्माण | १ | ० | १ | ४५००.० | ४५००.० | २५० मी. | १०० | १००.० |
| कल्भर्ट निर्माण | २३ | ० | २३ | १४१६५.० | १३६५५.० | १६० मी. | १०० | ९६.४ |
| स्ल्याव निर्माण | ८ | ० | ८ | ३१७१.० | २९७३.० | ० | १०० | ९३.८ |
| बस्ती संरक्षण÷ पहिरो नियन्त्रण | ६७ | ० | ६७ | ४८५१९.० | ४७४५३.० | ० | १०० | ९७.८ |
| तारवार लगाउने कार्य | ३३ | ० | ३३ | १९४०८.० | १८११०.० | ० | १०० | ९३.३ |
| सामुदायिक भवन निर्माण÷मर्मत सम्भार | २८८ | ० | २८८ | १७४००९.० | १६५०१०.० | ० | १०० | ९४.८ |
| सार्वजनिक शौचालय निर्माण | ५० | ० | ५० | ४०८७७.० | ३५४१२.० | ० | १०० | ८६.६ |
| मन्दिर निर्माण÷ मर्मत सम्भार | ६६ | ० | ६६ | ४०८६९.० | ३७२८८.० | ० | १०० | ९१.२ |

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | सम्झौता रकम | जम्मा खर्च | लम्बाई कि.मि. | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | भौतिक | वित्तिय |
| प्रतिक्षालय निर्माण | १५ | ० | १५ | २३८९.० | २२५१.० | ० | १०० | ९४.२ |
| खेलमैदान निर्माण/मर्मत सम्भार | २२ | ० | २२ | १६६५७.० | १५९७८.० | ० | १०० | ९५.९ |
| ब्यायामशाला निर्माण | ८ | ० | ८ | ५७९९.० | ५४४५.० | ० | १०० | ९३.९ |
| चौतारी निर्माण/मर्मत सम्भार | ४९ | ० | ४९ | १३०८१.० | १२५९७.० | ० | १०० | ९६.३ |
| पार्क निर्माण÷ मर्मत सम्भार | २४ | ० | २४ | १३५४२.० | १२९७२.० | ० | १०० | ९५.८ |
| शवदाह निर्माण | ३ | ० | ३ | ५२१०.० | ४७२८.० | ० | १०० | ९०.७ |
| उज्यालो वडा योजना | १३ | ० | १३ | ४८०५.० | ४७५७.० | ० | १०० | ९९.० |
| रंगरोगन कार्य | १० | ० | १० | २५३५.० | २१२९.० | ० | १०० | ८४.० |
| वडा सौन्दर्यीकरण योजना | ६ | ० | ६ | २५२०.० | २४९८.० | ० | १०० | ९९.१ |
| डिजिटल वडा प्रोफाइल | २ | ० | २ | १८००.० | १७९६.० | ० | १०० | ९९.८ |
| लामेआहाल फोहरमैला व्यवस्थापनको लागि पूर्वाधार निर्माण | ० | १ | १ | ९५७०.० | ४६००.० | ० | | ४८.१ |
| गौशाला सहित गोरक्ष योग सेन्टर पूर्वाधार निर्माण | १ | ० | १ | ५०००.० | ५०००.० | ० | १०० | १००.० |
| अन्य विविध योजनाहरु | ९४ | ० | ९४ | ३०६६२ | २८२९७ | | १०० | ९२.२९ |
| **जम्मा** | **१९२१** | **१** | **१९२२** | **१५०४९७६** | **१३९९२९६** | | **१००** | **९२.९८** |

## ४.२ वडागत प्रगति विवरण

तालिका ३८: आव २०७९/८० मा वडा नं. १ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तिय |
| बाटो ढलान | ८ | ० | ८ | ६०२१ | ० | ६०२१ | ८३६.२८ | १०० | ९८.९ |
| नाला निर्माण | २ | ० | २ | ४३६१ | ० | ४३६१ | ४२५.३२ | १०० | ८२.७ |
| खानेपानी लाइन विस्तार | ३ | ० | ३ | १००० | ० | १००० | ७३६.१५ | १०० | ९९.५ |
| पर्खाल निर्माण | २ | ० | २ | १४५० | ० | १४५० | ३१ | १०० | ८५.६ |
| सामुदायिक भवन निर्माण/मर्मत | ८ | ० | ८ | ७२२५ | ० | ७२२५ | ८ | १०० | ९७.८ |
| खेलमैदान मर्मत सम्भार | २ | ० | २ | १५३० | ० | १५३० | २ | १०० | १००.० |
| दाहसंस्कार स्थल निर्माण | १ | ० | १ | २५०० | ० | २५०० | १ | १०० | ८०.७ |
| मन्दिर मर्मत सम्भार | १ | ० | १ | ५०० | ० | ५०० | १ | १०० | ९२.२ |
| चौतारी निर्माण | १ | ० | १ | ३०६ | ० | ३०६ | १ | १०० | ९८.० |
| प्रतिक्षालय निर्माण | १ | ० | १ | ३० | ० | ३० | १ | १०० | ९६.७ |
| तटवन्धन निर्माण | १ | ० | १ | १०० | ० | १०० | १ | १०० | १००.० |
| **जम्मा** | **३०** | **०** | **३०** | **२५०२३** | **०** | **२५०२३** | | **१००** | **९३.१** |

तालिका ३९: आव २०७९/८० मा वडा नं. २ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान तथा रिसिलिगं | ४ | ० | ४ | १२५० | | १२५०.० | | १०० | ९४.६ |
| नाला निर्माण | ७ | ० | ७ | ३९५०.० | | ३९५०.० | | १०० | ९७.८ |
| खानेपानी | १ | ० | १ | ३०४.९ | | ३०४.९ | | १०० | १००.० |
| वत्ती जडान तथा मर्मत | २ | ० | २ | ४००.० | | ४००.० | | १०० | १००.० |
| भवन निर्माण तथा मर्मत | ८ | ० | ८ | २६८६.४ | | २६८६.४ | | १०० | ९९.३ |
| चौतारा/प्रतिक्षालय/खेलमैदान | ३ | ० | ३ | १६४६.० | | १६४६.० | | १०० | ९८.९ |
| शौचालय निर्माण | १ | ० | १ | २५०.० | | २५०.० | | १०० | १००.० |
| सि. सि. क्यानरा जडान | १ | ० | १ | ४५०.० | | ४५०.० | | १०० | ९८.४ |
| अन्य | ५ | ० | ५ | १००३.९ | | १००३.९ | | १०० | ९९.६ |
| **जम्मा** | **३२** | **०** | **३२** | **११९४१.२** | | **११९४१.२** | | **१००** | **९८.७** |

तालिका ४०: आव २०७९/८० मा वडा नं. ३ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान | ७ | ० | ७ | ४९०४ | ० | ४९०४ | ७५९.४ | १०० | ९८.१ |
| नाला निर्माण | २ | ० | २ | ८५०० | ० | ८५०० | ६८५ | १०० | ९८.६ |

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| खानेपानी लाइन विस्तार | १ | ० | १ | ३३४ | ० | ३३४ | ५५७ | १०० | ७६.९ |
| विद्यालय पूर्वाधार निर्माण | ३ | ० | ३ | ५५० | ० | ५५० | ० | १०० | ९८.० |
| सामुदायिक भवन निर्माण/मर्मत | २ | ० | २ | २७५ | ० | २७५ | ० | १०० | ९८.९ |
| मन्दिर निर्माण तथा मर्मत | ७ | ० | ७ | ९०० | ० | ९०० | ० | १०० | ९९.० |
| विविध योजना | १ | ० | १ | ९९१ | ० | ९९१ | ० | १०० | ९९.८ |
| **जम्मा** | **२३** | **०** | **२३** | **१६४५४** | **०** | **१६४५४** | | **१००** | **९८.१** |

तालिका ४१: आव २०७९/८० मा वडा नं. ४ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| नाला निर्माण तथा मर्मत | ८ | ४ | १२ | १४१५० | १४४३.३ | १३६४०.६ | १३१३ | ६६.७ | ७४.८ |
| भवन मर्मत | २ | ० | २ | ३००० | ४८७.० | ३२३२.० | २ | १००.० | ८६.८ |
| खानेपानी लाइन विस्तार | ० | १ | १ | २०० | ०.० | २००.० | ० | ०.० | ०.० |
| खेलमैदान तथा पार्क निर्माण | ३ | ० | ३ | २१२० | ०.० | २१२०.० | २ | १०० | १००.० |
| अन्य | ४ | ० | ४ | १५२५ | ०.० | १४८७.० | ४ | १०० | ९५.९ |
| **जम्मा** | **१७** | **५** | **२२** | **२०९९५** | **१९३०.३** | **२०६७९.६** | | **७७.३** | **८०.०** |

तालिका ४२: आव २०७९/८० मा वडा नं. ५ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई )मिटरमा( | प्रगती प्रतिवेदन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान | १९ | १ | २० | १३४२२ | ० | १३४२२ | १०१७ | ९९ | ९७.२ |
| नाला निर्माण | २ | ० | २ | ५०० | ० | ५०० | ७८ | १०० | ९२.० |
| बाटो मर्मत सम्भार | १ | ० | १ | २०११ | ० | २०११ | ० | १०० | १००.० |
| खेलमैदान निर्माण | १ | ० | १ | ७०० | ० | ७०० | १ | १०० | १००.० |
| सामुदायिक भवन निर्माण/मर्मत | १ | ० | १ | १५०० | ० | १५०० | १ | १०० | १००.० |
| शौचालय निर्माण | १ | १ | २ | ३००० | ० | ३००० | २ | २०० | ३३.३ |
| मन्दिर मर्मत सम्भार | १ | ० | १ | ५०० | ० | ५०० | १ | १०० | १००.० |
| पार्क निर्माण | १ | ० | १ | ४०० | ० | ४०० | १ | १०० | १००.० |
| चौतारी निर्माण | २ | ० | २ | १७५० | ० | १७५० | २ | १०० | १००.० |
| नहर/ कुलो निर्माण | २ | ० | २ | १००० | ० | १००० | १६९ | १०० | ९६.४ |
| ग्याविन तथा रेलिङ्ग निर्माण | १ | ० | १ | ८५० | ० | ८५० | ० | १०० | १००.० |
| विपद् ब्यवस्थापन कार्य | ३ | ० | ३ | २९१७ | ० | २९१७ | ३ | १०० | ९८.९ |
| विद्यालय पूर्वाधार योजना | १ | ० | १ | १००० | ० | १००० | १ | १०० | १००.० |
| उज्यालो वडा कार्यक्रम | १ | ० | १ | ४५० | ० | ४५० | १ | १०० | १००.० |

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई )मिटरमा( | प्रगती प्रतिवेदन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| जेष्ठ नागरिक कार्यक्रम | २ | ० | २ | ४५० | ० | ४५० | २ | १०० | १००.० |
| वातावरण तथा सरसफाई कार्य | १ | ० | १ | २०० | ० | २०० | १ | १०० | ९९.५ |
| कृषि प्रवद्र्धन कार्यक्रम | १ | ० | १ | ३०० | ० | ३०० | १ | १०० | ७०.७ |
| उत्पिडित जनजाति कार्यक्रम | १ | ० | १ | ३०० | ० | ३०० | १ | १०० | १००.० |
| महिला/बालवालिका कायक्रम | १ | ० | १ | ४०० | ० | ४०० | १ | १०० | १००.० |
| शिक्षा कार्यक्रम | १ | ० | १ | ५०० | ० | ५०० | १ | १०० | १००.० |
| स्वास्थ्य कार्यक्रम | १ | ० | १ | ३५० | ० | ३५० | १ | १०० | ९२.९ |
| अन्य कार्यक्रम | ३ | ० | ३ | ४०० | ० | ४०० | ३ | १०० | ९४.८ |
| **जम्मा** | **४८** | **२** | **५०** | **३२९००** | **०** | **३२९००** | | **९६** | **९२.०** |

तालिका ४३: आव २०७९/८० मा वडा नं. ६ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| **योजना तथा कार्यक्रम** | **योजनाको अवस्था** | | | **स्वीकृत बजेट** | **जनसहभागिता रकम** | **जम्मा सम्झौता रकम** | **ईकाई (मिटरमा)** | **प्रगती प्रतिशत** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सम्पन्न** | **बाँकी** | **जम्मा** | | | | | **भौतिक** | **वित्तीय** |
| बाटो ढलान | २ | ० | २ | १२२१ | ० | १२२१ | १५७ | १०० | ९५.२ |
| नाला निर्माण | २ | ० | २ | ६९४ | ० | ६९४ | २४५.७ | १०० | ९३.२ |
| बाटो मर्मत सम्भार | १ | ० | १ | ५३२१ | ० | ५३२१ | ६०८ | १०० | ९९.५ |
| रिटेनिङ्ग वाल, पर्खाल निर्माण | ६ | ० | ६ | ११४६९ | ० | ११४६९ | १४५.४ | १०० | ८७.० |

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| सामुदायिक भवन निर्माण/मर्मत | २ | ० | २ | १००० | ० | १००० | २ | १०० | ८१.५ |
| फुटपाथ मर्मत सम्भार | १ | ० | १ | ३०० | ० | ३०० | १२ | १०० | ९६.७ |
| पहिरो संरक्षण | १ | ० | १ | ९६४ | ० | ९६४ | ८.८ | १०० | ९५.२ |
| मन्दिर निर्माण | १ | ० | १ | २०० | ० | २०० | १ | १०० | ९५.५ |
| पानी टंकी निर्माण | १ | ० | १ | ३१० | ० | ३१० | १ | १०० | ९५.५ |
| रंगरोगन कार्य | १ | ० | १ | ४० | ० | ४० | १ | १०० | ९७.५ |
| विविध योजना | २ | ० | २ | १३० | ० | १३० | २ | १०० | ९६.२ |
| **जम्मा** | **२०** | **०** | **२०** | **२१६४९** | **०** | **२१६४९** | | **१००** | **९१.२** |

तालिका ४४: आव २०७९/८० मा वडा नं. ७ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान | १३ | ० | १३ | ४६७२ | ० | ४६७२ | ८५५.४ | १०० | ८६.० |
| नाला निर्माण | ५ | ० | ५ | १४३७ | ० | १४३७ | १७५.५६ | १०० | ९६.९ |
| खानेपानी लाइन विस्तार | २ | ० | २ | १०३ | ० | १०३ | ७७ | १०० | १०० |
| खानेपानी टंकी निर्माण | १ | ० | १ | २०० | ० | २०० | १ | १०० | ८८.० |
| बाटो मर्मत सम्भार | २ | ० | २ | ११० | ० | ११० | ४० | १०० | ८२.७ |
| स्ल्याव निर्माण | १ | ० | १ | ११७ | ० | ११७ | १८.०६ | १०० | ८२.१ |
| प्रतिक्षालय निर्माण | १ | ० | १ | १०० | ० | १०० | १ | १०० | १०० |

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| मन्दिर निर्माण, मर्मत सम्भार | ४ | ० | ४ | १४०० | ० | १४०० | | १०० | ९५.७ |
| चौतारी निर्माण | २४ | ० | २४ | ३६९९ | ० | ३६९९ | | १०० | ९६.० |
| खुल्ला ब्यायामशाला निर्माण | १ | ० | १ | ७९९ | ० | ७९९ | | १०० | १०० |
| तारवार निर्माण | २ | ० | २ | ७०० | ० | ७०० | ११३ | १०० | ६७.१ |
| फिर्केखोला संरक्षण | ३ | ० | ३ | ६५० | ० | ६५० | ६२.८ | १०० | ९२.९ |
| सेन्सर लाइट जडान | १ | ० | १ | ९९७ | ० | ९९७ | १४६ | १०० | १०० |
| ट्रष्ट निर्माण | १ | ० | १ | ५३६ | ० | ५३६ | | १०० | ८६.० |
| पेवर्स ब्लक राख्ने कार्य | २ | ० | २ | ४५० | ० | ४५० | २३३ | १०० | ९९.८ |
| लाईब्रेरी निर्माण | १ | ० | १ | १५०० | ० | १५०० | १ | १०० | १०० |
| रंगरोगन कार्य | १ | ० | १ | २०० | ० | २०० | १ | १०० | ६२.० |
| विविध योजना | ४ | ० | ४ | ७९० | ० | ७९० | ४ | १०० | ८१.९ |
| कृषि तर्फ | २ | ० | २ | २०० | ० | २०० | २ | १०० | १०० |
| स्वास्थ्य कार्यक्रम तर्फ | ३ | ० | ३ | १७५ | ० | १७५ | ३ | १०० | १०० |
| लक्षित कार्यक्रम | १० | ० | १० | १२३५ | ० | १२३५ | १० | १०० | १०० |
| अवलोकन भ्रमण | २ | ० | २ | ३०० | ० | ३०० | २ | १०० | १०० |
| सचेतनामुलक कार्यक्रम | २ | ० | २ | १६० | ० | १६० | २ | १०० | १०० |
| अन्य विविध कार्यक्रम | २ | ० | २ | २०० | ० | २०० | २ | १०० | १०० |
| **जम्मा** | **९०** | **०** | **९०** | **२०७३०** | **०** | **२०७३०** | | **१००** | **९२.६** |

तालिका ४५: आव २०७९/८० मा वडा नं. ८ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान | | | ० | १७१००.० | ११९१.० | ७७९१.० | १८४३ | | ९३.२ |
| ढल निर्माण तथा मर्मत | | | ० | ५३००.० | ४९११.९ | २२११.९ | ४७७ | | ५०.६ |
| खानेपानी लाईन विस्तार | | | ० | २०५२.५ | ३४५.० | २३९७.५ | ४६८ | | २०.६ |
| बाटो स्तरोन्नती | | | ० | ११८६०.० | ०.० | ११८६०.० | १४०९ | | १००.० |
| **जम्मा** | ० | ० | ० | ३६३१२.५ | ०.० | २४२६०.५ | | | ८५.५ |

तालिका ४६: आव २०७९/८० मा वडा नं. ९ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान | ६ | ० | ६ | ६७०० | ० | ६७०० | २२६ | १०० | ९५.७ |
| नाला निर्माण | ४ | ० | ४ | १८०० | ० | १८०० | १०० | १०० | ९९.९ |
| बाटो मर्मत सम्भार | २ | ० | २ | ५५० | ० | ५५० | २४ | १०० | ९४.० |
| सामुदायिक भवन निर्माण | १० | १ | ११ | ० | ० | १०९१५ | | ९०.९ | ९९.५ |
| ब्यायामशाला निर्माण | ३ | ० | ३ | २४०० | ० | २४०० | | १०० | ८९.७ |
| सिढीबाटो निर्माण | २ | ० | २ | ३००० | ० | ३००० | | १०० | १०० |
| पार्क निर्माण | १ | ० | १ | ४०० | ० | ४०० | | १०० | १०० |
| मन्दिर निर्माण, मर्मत सम्भार | ४ | ० | ४ | ४५९८ | ० | ४५९८ | | १०० | ९८.१ |
| चौतारी निर्माण | २ | ० | २ | ९०० | ० | ९०० | | १०० | ८८.७ |

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| शौचालय निर्माण | १ | ० | १ | ५०० | ० | ५०० | | १०० | ९४.४ |
| फलामे वार निर्माण | १ | ० | १ | १०० | ० | १०० | | १०० | ९९.० |
| प्रकोप ब्यवस्थापन | ५ | ० | ५ | २९०० | ० | २९०० | | १०० | ७९.४ |
| फर्निचर खरिद | १ | ० | १ | २०० | ० | २०० | | १०० | ९९.५ |
| **जम्मा** | **४२** | **१** | **४३** | **२४०४८** | **०** | **३४९६३** | | **९७.७** | **९५.९** |

तालिका ४७: आव २०७९/८० मा वडा नं. १० मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान | १४ | ० | १४ | ६९५० | ० | ६९५० | १२३० | १०० | ९६.५ |
| नाला निर्माण | १ | ० | १ | १७०० | ० | १७०० | १५३.९ | १०० | १००.० |
| बाटो स्तरोन्नती | २ | ० | २ | १३०० | ० | १३०० | १२१.९ | १०० | १००.० |
| सामुदायिक भवन मर्मत | २ | ० | २ | ४९०० | ० | ४९०० | | १००.० | ९४.३ |
| ट्रष्ट निर्माण | ३ | ० | ३ | २७०५ | ० | २७०५ | | १०० | ९९.७ |
| कल्भर्ट निर्माण | १ | ० | १ | ३०० | ० | ३०० | ३२.५ | १०० | १००.० |
| खानेपानी लाइन विस्तार | ६ | ० | ६ | १७०० | ० | १७०० | ९०१ | १०० | ९८.८ |
| खेलमैदान निर्माण | १ | ० | १ | २००० | ० | २००० | | १०० | ८५.६ |
| रंगरोगन कार्य | १ | ० | १ | २०० | ० | २०० | | १०० | १००.० |
| **जम्मा** | **३१** | **०** | **३१** | **२१७५५** | **०** | **२१७५५** | | **१००.०** | **९६.२** |

तालिका ४८: आव २०७९/८० मा वडा नं. ११ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत | जनसहभागिता | जम्मा सम्झौता | ईकाई | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | बजेट | रकम | रकम | (मिटरमा) | भौतिक | वित्तीय |
| बाटो ढलान | १६ | ० | १६ | ७८०५ | ० | ७८०५ | १२१० | १०० | ९६.३ |
| बाटो स्तरोन्नती | ९ | ० | ९ | १०९६१ | ० | १०९६१ | १९४० | १०० | ९०.५ |
| बाटो मर्मत सम्भार | १ | ० | १ | ६०० | ० | ६०० | ० | १०० | ९३.२ |
| नाला निर्माण | २ | ० | २ | २३१६ | ० | २३१६ | १४७ | १०० | १००.० |
| सिढीबाटो निर्माण | १ | ० | १ | ३०० | ० | ३०० | ५७ | १०० | १००.० |
| खानेपानी लाइन विस्तार | १ | ० | १ | २५०० | ० | २५०० | | १०० | ९९.९ |
| पँधेरो संरक्षण | १ | ० | १ | १०० | ० | १०० | | १०० | १००.० |
| सामुदायिक भवन निर्माण | ८ | ० | ८ | ८०१० | ० | ८०१० | | १०० | ९९.४ |
| ट्रष्ट निर्माण | २ | ० | २ | ३०० | ० | ३०० | | १०० | ९८.३ |
| खेलमैदान निर्माण | १ | ० | १ | ७५० | ० | ७५० | | १०० | १००.० |
| पोखरी संरक्षण | २ | | २ | ४४२ | ० | ४४२ | | १०० | ५४.३ |
| पार्क निर्माण | ४ | ० | ४ | २५४२ | ० | २५४२ | | १०० | ९२.३ |
| मन्दिर निर्माण, मर्मत सम्भार | ४ | ० | ४ | ७१०० | ० | ७१०० | | १०० | ६१.३ |
| चौतारी निर्माण | २ | ० | २ | ६१६ | ० | ६१६ | | १०० | ९९.७ |
| शौचालय निर्माण | १ | ० | १ | २२०० | ० | २२०० | | १०० | ९९.६ |
| स्ल्याव निर्माण | ३ | ० | ३ | १४०० | ० | १४०० | | १०० | ८७.६ |
| पहिरो नियन्त्रण | ४ | ० | ४ | १३८५ | ० | १३८५ | | १०० | ९२.५ |
| कम्पाण्ड वाल निर्माण | ३ | ० | ३ | २५५० | ० | २५५० | | १०० | ९८.७ |

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| फुटट्रयाक निर्माण | १ | ० | १ | १५०० | ० | १५०० | | १०० | ८६.५ |
| तारजाली लगाउने | १ | ० | १ | ३१५ | ० | ३१५ | ९६ | १०० | १००.० |
| अन्य योजना | ४ | ० | ४ | ७४० | ० | ७४० | | १०० | ९७.२ |
| **जम्मा** | **७१** | **०** | **७१** | **५४४३२** | **०** | **५४४३२** | | **१००** | **९०.६** |

तालिका ४९: आव २०७९/८० मा वडा नं. १२ मा भएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण (रकम रु.हजारमा)

| योजना तथा कार्यक्रम | योजनाको अवस्था | | | स्वीकृत बजेट | जनसहभागिता रकम | जम्मा सम्झौता रकम | ईकाई (मिटरमा) | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न | बाँकी | जम्मा | | | | | भौतिक | वित्तीय |
| बाटो ढलान | १२ | ० | १२ | १२७६० | ० | १२७६० | २४३० | १०० | ९९.४ |
| नाला निर्माण | २ | ० | २ | ५७०० | ० | ५७०० | ३६० | १०० | ८७.७ |
| बाटो मर्मत सम्भार | २ | ० | २ | ३८०० | ० | ३८०० | ४४७० | १०० | ८६.८ |
| फुटपाथ निर्माण | ३ | ० | ३ | ८८६४ | ० | ८८६४ | १३३० | १०० | ८६.९ |
| कम्पाउण्ड वाल निर्माण | २ | ० | २ | १०००० | ० | १०००० | १२० | १०० | १००.० |
